


वर्ष ३६, अङ्क ३, २०८० साल भदौ
August-September 2023
Twitter: @YuvamanchGps | yubamanchmonthly

यस भित्र









बैङ्क तथा वित्तीय संस्थाले डिजिटल माध्यमबाट सेवा प्रवाहलाई जोड दिइरहेको छ तर त्यसका कमजोरी पत्ता लगाएर ठगी गर्ने प्रवृत्ति मौलाउन थालेको छ ।

परमाणु बम विस्फोटको कम्पन एक सय ६० किलोमिटर टाढासम्म महसुस गरियो । विस्फोटबाट निस्केको च्याउ आकारको बादल आकाशमा १२ किलोमिटर माथिसम्म पुगेको थियो ।

शरीरको कुनै भाग वा अङ्गको सतही कोषमा चोट लागेपछि त्यहाँ सुन्निने गर्छ ।

युवामञ्चमा लेखरचना तथा चिठीपत्र पठाउँदा निम्न ठेगानामा पठाउनु होला-

yubmanch@gmail.com

सम्पर्क- सम्पादकीय- ५३५७०९३१

गोरखापत्र संस्थान, धर्मपथ, काठमाडौं, पो.ब.नं. २३

अनलाइनमा युवामञ्च

https://gorkhapatraonline.com/yuba-manch

http://www.gorkhapatraonline.com/epaper

युवामञ्च

कार्यकारी अध्यक्ष
विष्णुप्रसाद सुवेदी तथा महाप्रबन्धक
लालबहादुर ऐरीद्वारा
गोरखापत्र संस्थानका लागि
संस्थानको छापाखानामा मुद्रित
तथा प्रकाशित

सम्पादक
उमेशकुमार ओझा

नायब कार्यकारी सम्पादक
भवानी सुवेदी

सह–सम्पादक
शरदराज सुवेदी

वितरण विभाग
भगीरथ बस्नेत

उत्पादन विभाग
रेखादेवी श्रेष्ठ

शुद्धाशुद्धि
बोमबहादुर रायमाझी

लेआउट तथा डिजाइन
रोशनप्रकाश दनुवार

गोरखापत्र संस्थान

पो.ब.नं. २३, धर्मपथ, काठमाडौँ, नेपाल ।
इमेल : yubmanch@gmail.com
फोन – सम्पादकीय : ५३५७९३१
विज्ञापन : ५३२७४९३, वितरण : ४२२०६३८,
पूर्व क्षेत्र प्रदेश स्तरीय प्रकाशन कार्यालय,
विराटनगर : ०२१–४७१७४६
पश्चिम क्षेत्र प्रदेश स्तरीय प्रकाशन कार्यालय,
कोहलपुर : ०८१–५३१६२२/२३
प्रदेश स्तरीय कार्यालयहरू,
जनकपुर : ०४१–५९०४२९
हेटौँडा : ०५७–५९०६५१
पोखरा : ०६१–५३८५२२
बुटवल : ०७१–५४१४३८
सुर्खेत : ०८३–५९००६०
धनगढी : ०९१–४१२०४३

एकप्रतिको मूल्य रु.२५/-
वार्षिक मूल्य रु.२५०/-

सम्पादकीय

प्रश्न कुशल नेतृत्वको

कुनै पनि परिवार, समाज, संस्था वा मुलुकको दिशा र दशा नेतृत्वको योग्यतामा निर्भर गर्दछ । योग्य, दृढ र क्षमता सम्पन्न नेतृत्वको उपस्थितिले समाजको सबैभन्दा आधार एकाइ परिवारदेखि मुलुकको रूपान्तरण वा कायाकल्प गर्नेसम्मको ल्याकत राख्दछ । यस अर्थमा नेतृत्वको योग्यता र कुशलता विकास तथा उत्थानका निम्ति अर्थपूर्ण रहन्छ ।

नेतृत्वले गन्तव्यको पहिचान मात्रै गर्दैन आफ्ना सहकर्मीलाई त्यसतर्फ डोऱ्याउने र गन्तव्यमा पुऱ्याउने जिम्मेवारी पनि निर्वाह गर्दछ । सँगसँगै असल र कुशल नेतृत्वले नारामा होइन सर्वथा परिणाममा विश्वास गर्दछ । नेतृत्व भनेको आफैँमा एक कला पनि हो । कुशल नेतृत्वले समाज, आफू उपस्थित संस्था वा मुलुकलाई वान्छित नेतृत्व दिने मात्रै होइन आफ्नो निर्णय, कार्यक्षमता, गतिशीलता, समन्वय र दूरदर्शिताबाट सिङ्गो युगलाई समेत प्रभावित तुल्याउन सक्छ । गान्धी, अब्राहम लिङ्कन र चर्चिलदेखि लिएर नेल्सन मन्डेलासम्मको अनुकरणीय योगदान यसका ज्वलन्त उदाहरण हुन् । उनीहरूको भौतिक अवसान भएको लामो समय बितिसक्यो तर उनीहरूकै विचार र आदर्शबाट प्रेरित विश्व व्यवस्था, समाज अगाडि बढिरहेको हामी देख्न सक्छौँ ।

नेतृत्वको ओज र कुशलताका बारेमा नेपाली समाजमा पनि निरन्तर चिन्तन र मन्थन नभएको होइन, अझै पनि यसमा बहस भइरहेकै छ । यस सन्दर्भमा पृथ्वीनारायण शाहदेखि बिपी कोइराला जस्ता युगीन व्यक्तित्वको नाम समय समयमा श्रद्धापूर्वक लिने गरिन्छ । कुशल नेतृत्वको आवश्यकता र अपरिहार्यतालाई बोध गर्दै समकालीन अवस्थामा पुस्तान्तरणको समेत मुद्दा उठ्ने गरेको छ तर नेतृत्व पुस्तान्तरणका आधारमा होइन सर्वस्वीकार्यता, योग्यता तथा दूरदर्शी क्षमतामा भर पर्ने कुरा हो । प्रश्न राजनीतिक नेतृत्वको मात्र होइन नेतृत्वको सन्दर्भ समाजका हरेक तह र तप्कामा समेत रहन्छ । परिवार, समाज र सार्वजनिक संस्था हुँदै राज्य संयन्त्रका विविध अङ्ग तथा निकायको उन्नति, प्रगति, गुणस्तरीय सेवा प्रवाह र गतिशीलता पनि नेतृत्वकै क्षमतामा भर पर्दछ ।

हाम्रो परिवेशमा सार्वजनिक संस्थाहरू र राज्य संयन्त्रका विविध एकाइमा विद्यमान कतिपय नेतृत्व आफैँ समस्या बन्न पुगेको थुप्रै दृष्टान्त छन् । कुशल नेतृत्व प्राप्त अङ्ग, निकाय र संस्थाले छोटो समयमै हासिल गरेका विकास र उत्थानको सुखद परिणाम तथा नेतृत्वको अयोग्यताका कारण त्यस्ता संस्थाको सेवा प्रवाह कमजोर हुन पुगेको र धराशायी हुने अवस्थामा गएका छन् । नेतृत्वले समस्या उधिन्ने होइन समाधान दिने हो । मुद्दाको समाधान दिने नेतृत्वलाई सफल मात्रै मानिँदैन उसले त कालजयी इतिहास पनि निर्माण गर्दछ । कुशल र असल नेतृत्वमा तत्काल निर्णय क्षमता, पारदर्शिता, गुट निरपेक्षता, उच्च नैतिकता र सद्चरित्र जस्ता गुणको विद्यमानता अनिवार्य मानिन्छ । उपरोक्त गुण सम्पन्न नेतृत्व नै युगीन आवश्यकता हो । ■

सबैतिर पुगोस्

२०८० साल साउनको युवामञ्च समयमै पढ्ने अवसर मिल्यो। सामाखुसीमा बस्दा युवामञ्च पत्रिका पसलमा बेला बेलामा देख्न पाइन्थ्यो भने बुढानीलकण्ठका पत्रिका पसलमा भने युवामञ्च देख्न पाइएन। युवामञ्चले सधैँभरि युवालाई महत्त्व दिने गर्छ। युवामञ्च हरेक स्थानमा पुग्नु पर्‍यो।

इजिप्टका प्रसिद्ध फारो तुतानखामुनको बारेमा पढ्ने अवसर मिल्यो। आरबी बुढाथोकीले लेखेको आँपका अनेक परिकार शीर्षकको लेख पढ्न पाउँदा घरका गृहिणीले आँपका परिकार कसरी बनाउने भन्ने बारेमा थाहा पाउने भए। यमबहादुर दुराले लेखेको बोलीको यात्रा शीर्षकको लेख पढ्न पाउँदा खुसी लाग्यो। मेरो पुस्तकालयमा प्राडा जयराज आचार्यका बारेमा पढ्ने मौका मिल्यो। हीराकुमारी भण्डारीले लेखेको चर्चामा टाइटानिक शीर्षकको लेख ज्यादै मन पर्‍यो। प्राडा सुमनराज ताम्राकारले लेखेको मिर्गौलाको क्यान्सर शीर्षकको सामग्री पढ्ने अवसर मिल्यो। मुनीन्द्ररत्न वज्राचार्यले लेखेको बौद्ध ग्रन्थ कङ्ग्युर र तेङ्ग्युर शीर्षकको सामग्री निकै मन पर्‍यो। युवामञ्च सधैँ छिटै पढ्न पाइयोस्।

– अरुणबहादुर खत्री 'नदी'
बूढानीलकण्ठ–४, पासिकोट,
उज्यालोबस्ती, काठमाडौँ



स्वास्थ्यको जानकारी राम्रो

स्वास्थ्यका बारेमा युवामञ्चले सधैँ प्राथमिकताका साथ लेख प्रकाशित गर्दै आएको छ। यो प्रयासका लागि आमपाठकको तर्फबाट आभार प्रकट गर्दछु। कहिले मुटुको बारेमा त कहिले फोक्सोका बारेमा पढ्दै आएका हामीले साउनको युवामञ्चमा मिर्गौला रोगका बारेमा विस्तृत जानकारी पाइयो। वास्तवमा भन्ने हो भने कुनै पनि रोग लाग्नु भनेको राम्रो त होइन नै रोग लागि नै सकेपछि त्यसको उपचार भने बेलैमा गर्नु पर्छ। युवामञ्चले कुन रोग के हो ? कसरी निको बनाउने र रोग लाग्न नदिन के गर्ने भन्ने बारेमा विस्तृत जानकारी दिने गरेकाले स्वास्थ्य सम्बन्धित लेख एकदमै प्रभावकारी लागेको छ। मानिसको शरीरमा लाग्ने अन्य रोगका बारेमा पनि यसरी नै पढ्न पाए थप आभारी हुने थिएँ।

मदन शाह
रौतहट

किन समावेश भएन ?

म युवामञ्चको नियमित पाठक हुँ। यो पत्रिका मलाई सधैँ पढ्न मन लाग्छ त्यही भएर म सधैँ युवामञ्च पढ्ने गर्दछु। पढ्ने क्रमसँगै मैले कोठेपद, अङ्कजाल जस्ता प्रतियोगितामा पनि भाग लिँदै आएको छु तर मैले समयमा नै समाधान भरेर कुपन पठाउँदा पनि समावेश गरिँदैन किन होला ? मैले इमेल गरेर पठाएको हुनाले समावेश हुन नसकेको हो कि के हो ? सम्पादक महोदयको यस विषयमा ध्यानाकर्षण गराउन चाहेको छु। आगामी महिनादेखि ती प्रतियोगितामा मैले पठाएको पनि समावेश हुन्छ भन्ने विश्वास लिएको छु। साथै पुरस्कार पाउने व्यक्तिको नाम सधैँ उस्तै उस्तै हुन्छ किन होला ? गोला प्रथाबाट चयन हुँदा त एउटै व्यक्ति नदोहोरिनु पर्ने होइन र ?

राजन आचार्य
रङ्गेली, मोरङ

पढ्न कठिन भो

युवामञ्च पत्रिका समग्रमा राम्रो पत्रिका हो। यसमा दिइने अङ्कजाल प्रतियोगिता, कोठेपद प्रतियोगिता, सामान्यज्ञान प्रतियोगिताले पाठकको ध्यान तान्न सफल भएको छ। कोठेपद प्रतियोगिताको उत्तर छापिँदा भने उत्तर पढ्न निकै कठिन छ। सामान्यज्ञान प्रतियोगिताको जस्तै बुझ्ने गरी उत्तर छापी दिनु हुन अनुरोध गर्दछु।

रघुवर श्रेष्ठ
कोटेश्वर, काठमाडौँ



ध्यानाकर्षण होस्

सामग्री सन्दर्भलाई केलाएर मैले यो पाठकपत्र तयार पारेको छु। मलाई युवामञ्चसँग किन मनको कुरा गर्न मन लाग्छ मलाई थाहा छैन। सायद प्रेम पो भएर हो कि। यो पत्रिकाका सबै सामग्री मन परे पनि मसी लतपत गरेर पत्रिका छापिँदै आएकोमा भने मेरो गुनासो छ। अब पनि यसमा सुधार नभए यो पत्रिकाप्रतिको प्रेम के होला भन्न सक्दिनँ। मायामा त मायालुले भनेको सुन्नु पर्‍यो नि हैन र। कि मेरो कुरा गलत छ। मेरी मायालु राम्री देखिनु पर्‍यो भन्न मैले नपाउने ? साजसज्जाका साथै युवामञ्चको कलेबर र कागजमा पनि सुधार आउनु जरुरी छ। मेरो सुझाव के हो भने सामग्री मात्र राम्रो भएर भएन पत्रिका पनि राम्रो र सुन्दर देखिनु पर्‍यो। यसतर्फ सम्पादकीय टिमको ध्यानाकर्षण गराउन चाहन्छु।

विष्णु डाँगी
बुटवल

एप्सको जानकारी राम्रो

साउनको युवामञ्च बेलैमा पढ्न पाइयो। विविधताले भरिएका सामग्रीले सुरुमा नै मन तान्यो। युवालाई यो पत्रिकाले राम्रो खुराक दिने गरेको छ। कागज र साजसज्जामा अलि ध्यान पुर्‍याउने हो भने यो पत्रिकासँग कसैको पनि तुलना हुनै सक्दैन। यो अङ्कमा पनि मानिसको बोलीको नालीबेली नै पढ्न पाएकोमा आनन्दको अनुभूति भएको छ। मानिसले कुन बेलादेखि कसरी बोल्न थाल्यो भन्ने विषयको जानकारी यो लेखले दिएको छ। यस्तै बाटोका बारेमा बताउने बाटो म्याप्सको पनि जानकारी युवामञ्चले नै दिएको छ। विगतमा गुगल म्याप्समा आश्रित पाठकलाई यो नवीनतम एप्सको जानकारीले निकै लाभान्वित बनाउने निश्चितप्रायः छ। यस्तै विशेषताकै कारण त हो नि यो पत्रिकासँग म जस्ता पाठक भुतुक्कै भएको। यस्तै राम्रा र मन छुने पठनीय सामग्री सधैँ पढ्न पाउँ भन्ने अनुरोध गर्न चाहन्छु।

साजन खनाल
अर्घाखाँची

भँगेरा र भोकमरी



एक्लै वा समूह बनाएर भँगेरा मार्न थालियो। मानिसहरू समूह बनाएर भाँडाकुँडा ठटाउँदै भँगेरालाई गुँडबाट लखेट्ने र आराम गर्न नै नदिने। एकछिन पनि आराम गर्न नपाएको भँगेरा उड्दा उड्दै जमिनमा पछारिएर मर्थे।

चीनमा जनक्रान्ति सफल भएपछि विकासमा फड्को मार्नका लागि सञ्चालित 'द ग्रेट लिप फर्वार्ड' मा उठाइएका अभियानमध्ये चार विनाशकारी किट 'फोर पेस्ट्स क्याम्पेन' को प्रभावले उल्टै चीनमा ठूलो भोकमरीको अवस्था सिर्जना भएको थियो। सन् १९५८ मा माओ जेदोङले 'द ग्रेट लिप फर्वार्ड' सुरु गरेका थिए।

यस अभियानको मुख्य लक्ष्य के थियो भने चीनको कृषि र औद्योगिक उत्पादनमा क्रान्तिकारी परिवर्तन ल्याएर उत्पादकत्व बढाउने साथै सामूहिक खेतीकिसानी र सामुदायिक जीवनलाई प्रवर्धन गर्ने। सरकारको विश्वास थियो सुधारका यी कार्यक्रमद्वारा चीन विश्वमा समुन्नत देशको स्तरमा पुग्ने छ।


चीनले सञ्चालन गरेको चार विनाशकारी किट अभियान अन्तर्गत अधिकारीहरूले चार वटा जीवजन्तु मुसा, झिँगा, लामखुट्टे र भँगेरालाई समूल नष्ट गर्ने लक्ष्य लिए। एउटा भँगेराले



प्रतिवर्ष लगभग दुई किलो अन्न खाने अनुमान चिनियाँ अधिकारीहरूले गरे । यस कारण देशभरि भँगेरा मार्ने तथा भँगेराको गुँड, अन्डा, बच्चा मार्ने अभियान नै चलाइयो । चीनमा भँगेरा सकाउने अभियान व्यापक स्तरमा सुरु भयो । लाखौँ मानिस यस कार्यमा संलग्न भए । एक्लै वा समूह बनाएर भँगेरा मार्न थालियो । मानिसहरू समूह बनाएर भाँडाकुँडा ठटाउँदै भँगेरालाई गुँडबाट लखेट्ने र आराम गर्न नै नदिने । एकछिन पनि आराम गर्न नपाएको भँगेरा उड्दा उड्दै जमिनमा पछारिएर मर्थे ।

भँगेरालाई थकाउने मात्र होइन गुलेली हानेर मार्ने काम पनि गरियो । जसरी सकिन्छ भँगेरालाई मार्न सारा चीन लागिपऱ्यो । यसको नतिजा चीनमा भँगेराको सङ्ख्या निकै कम भयो, लोप नै हुने अवस्था आइपऱ्यो । भँगेरा मारेर अन्नबाली उत्पादन बढाउन सकिने विश्वासमा चालिएको यस कदमको ठिक उल्टो प्रभाव पऱ्यो । खेतमा किराफट्याङ्ग्राको आतङ्क नै मच्चियो । भँगेराले किराफट्याङ्ग्रा खाइदिने भएकाले अन्नबालीमा ठूलो नोक्सानी हुन पाउँदैनथ्यो तर अब भँगेरा नै थिएनन् । चीनका खेतबारीमा किराफट्याङ्ग्राको बिगबिगी नै भयो र तिनको एक प्रमुख

गणितज्ञ श्रीनिवास रामानुजनले गणितका करिब चार हजार सिद्धान्त र समीकरण प्रतिपादन गरे, जो अद्वितीय र अद्भुत थिए । उनले प्राप्त गरेका केही नतिजा त यति उच्च श्रेणीका थिए कि उनको मृत्युको दशकौँपछिसम्म पनि तिनलाई सिद्ध गर्न सकिएन । उनले केही यस्ता अवधारणा पनि प्रक्षेपित गरे जो पछि आधुनिक गणित र भौतिक विज्ञानको अभिन्न अङ्ग बन्न पुगे । जस्तै फ्रेक्टल, मोड्युलर फर्म्स, स्ट्रिङ थ्योरी तथा ब्ल्याक होल कस्मोलोजी । यी सबै गणित र भौतिक विज्ञान अध्ययनका महत्त्वपूर्ण भाग हुन् ।



डबली

प्राकृतिक सिकारी भँगेरा चिनियाँको गलत निर्णयको सिकार भएको थियो ।

किराफट्याङ्ग्राले चीनको कृषिबालीको ठूलो क्षति पुऱ्याए, अनि चीनको कृषि उत्पादन धेरै नै घट्यो । चीनमा भोकमरी मच्चियो, जुन 'ग्रेट चाइनिज फेमिन' नामले चिनिन्छ । विश्वमा सबैभन्दा विकराल अकालका रूपमा चिनिने 'ग्रेट चाइनिज फेमिन' सन् १९५९ देखि १९६१ सम्म रह्यो तथा यसबाट तीन करोडभन्दा बढी मानिस भोकमरीले मरेका थिए । इतिहासमा 'ग्रेट चाइनिज फेमिन' लाई एक भयङ्कर मानवकृत्य त्रासदि मानिएको छ ।

'द ग्रेट स्पेरो क्याम्पेन' लाई 'किल अ स्पेरो क्याम्पेन' नामबाट समेत बुझिन्छ । 'ग्रेट लिप फर्वार्ड' अन्तर्गत अवलम्बन गरिएको पहिलो अभियान थियो 'फोर पेस्ट्स क्याम्पेन', जुन सन् १९५८ देखि १९६२ सम्म सञ्चालन गरिएको थियो ।



चीनले 'फोर पेस्ट्स क्याम्पेन' मा औलो नियन्त्रणका लागि लामखुट्टे, प्लेन नियन्त्रणका लागि मुसा, सरुवा रोग नियन्त्रणका लागि झिँगा तथा अन्नबाली, बिउ र फलफूल जोगाउन भँगेरालाई लक्ष्य बनाएको थियो ।

भँगेरा विनाशले अनिकाल परेको महसुस गरेपछि चीनमा भँगेराको सङ्ख्या बढाउन सोभियत सङ्घलगायतका देशबाट भँगेरा आयात गरिएको थियो ।


– *युवामञ्च*

सगरमाथा समुद्री सतहबाट गणनाको आधारमा विश्वको सबैभन्दा अग्लो चुचुरो हो, यसमा कुनै विवाद छैन तर विश्वको सबैभन्दा अग्लो चुचुरोमा यसलाई गनिँदैन । अमेरिकाको हवाई प्रान्त नजिक प्रशान्त महासागरमा रहेको मौना किआ पर्वतको उचाइ समुद्रको पिंधबाट १० हजार २०० मिटर रहेको छ ।

तर चन्द्रमाको नजिक पर्ने चुचुरो न त सगरमाथाको हो र न त मौना किआको । चन्द्रमाको नजिक पर्ने चुचुरो हो माउन्ट चिम्बोराजोको ।


सगरमाथा


मौना किआ



माउन्ट अगस्तस नाम राखिएको भए पनि यो पहाड चाहिँ होइन, बरू विशालकाय चट्टान/ढुङ्गा हो । अस्ट्रेलियाको समुद्री क्षेत्रबाट टाढा आउटब्याकमा यो चट्टान रहेको छ । यो २३ सय फिटभन्दा अग्लो छ र एक सय ६० किलोमिटर टाढाबाट पनि यसलाई देख्न सकिन्छ ।

माउन्ट अगस्तस एक अर्ब ६५ करोड वर्ष पुरानो भएको अनुमान गरिएको छ ।

- युवामञ्च

यसो किन भयो भने अधिकांश मानिसले सोचेको जसरी पृथ्वी पूर्ण गोलाकार छैन । वास्तवमा पृथ्वी अन्डाकार छ, मध्यभागमा फुलेको छ । इक्वेडरमा रहेको माउन्ट चिम्बोराजो २० हजार ५६४ फिट अग्लो मात्र भए पनि भूमध्यरेखाले यसलाई माथि धकेल्ने भएकाले यो सगरमाथाभन्दा करिब साढे दुई किलोमिटरले चन्द्रमाको नजिक छ ।

- युवामञ्च

गहुँगोरा तोप्केगोला

नेपालका विभिन्न जातजातिमध्ये तोप्केगोला पनि एक हो, जसलाई सरकारले आदिवासी जनजाति समूहमा सूचीकृत गरेको छ। यो जातिको मुख्य बसोबास ताप्लेजुङको ओलाङ्चुङगोलाबाट पश्चिमको मेवा खोलाको माथितिर तोप्केगोलामा पर्छ। यो गाउँको नाम नै तोप्केगोला हो। यसका साथै पापुङ, नाल्बोतिर पनि यिनीहरूको बसोबास पाइन्छ।

हाल काठमाडौँ, सङ्खुवासभा, इलाम र धरानतिर पनि यिनीहरू बसेका छन्। सम्भवतः यिनीहरू बसोबास गर्ने तोप्केगोलाको स्थानीय भौगोलिक नामबाटै यो जाति तोप्केगोला भनिन थालेका हुन्। नेपालका अन्य कतिपय जातिको नाम वा थर स्थानविशेषबाट पनि रहन गएको देखिन्छ। तोप्केगोला तिब्बती मूलका भएका र यिनीहरू तिब्बत सीमावर्ती क्षेत्रबाट नेपाल प्रवेश गरेका हुन् भन्ने विश्वास गरिन्छ।

यिनीहरूलाई ढोक्प्या पनि भनिन्छ। यिनीहरू तिब्बती मूलका हुन् भन्ने थप प्रमाणका रूपमा ढोक्प्या शब्दको बनोटलाई लिन सकिन्छ। तिब्बती भाषामा ढोक भन्नाले गोठ र पा भन्नाले बस्ने भन्ने बुझिन्छ। अर्थात् गोठमा बस्ने। तोप्केगोलाको मुख्य पेसा पनि गाई, चौँरी, च्याङ्ग्रालगायत पशुपालन भएकाले गोठ र त्यहाँको बसाइले यो जातिको नाम ढोक्प्या भएको हुन सक्छ। कतिपयले यिनीहरूलाई लिम्बू पनि भन्ने गरेका छन् र लिम्बूभित्रको एक थर ढोक्प्या वा तोप्केगोला भन्ने गर्छन् तर यिनीहरूको भाषा, जीवनशैली, पहिरन सामाजिक परम्पराजस्ता विशेषता लिम्बूसँग भन्दा तिब्बती मूलका शेर्पा वा भोटेसँग मिल्दाजुल्दा छन्।

कतिपय तोप्केगोलाले आफ्नो थरमा 'शेर्पा' लेख्ने गरेकाले यिनीहरू शेर्पा हुन् भन्ने दाबीलाई बल पुग्छ। गोलो अनुहारका गहुँगोरा तोप्केगोलाहरू आफूलाई अरू कुनै होइन तोप्केगोला वा ढोक्प्या भन्छन्। कसैले यिनीहरूलाई बालुङ पनि भन्ने गरेका छन् तर बालुङ र यिनीहरूबीच पनि यस्तै सामाजिक सांस्कृतिक भिन्नता पाइन्छ। लेखक कमल मादेनका अनुसार 'तक' र 'गोला' बाट तोप्केगोला शब्द प्रचलनमा आएको हो। लिम्बू



भाषामा 'तक' को अर्थ भात र गोलाको अर्थ बजार भन्ने बुझिन्छ। यस ठाउँमा बेँसीतिरबाट चामल र तिब्बततिरबाट तिब्बती सरसामान ल्याएर व्यापार गरिन्थ्यो। चामल वा भातको व्यापार हुने भएकाले यस क्षेत्रका बासिन्दा तोप्केगोला भएका हुन् भनिन्छ। यिनले एक–डेढ सय वर्षअघि व्यापार वा अन्य सिलसिलामा नेपाल प्रवेश गरेका हुन् भन्ने विश्वास गरिन्छ।

यिनीहरूको भाषालाई दोप्वऱ्या भनिन्छ, जुन भोट–चिनियाँ भाषा परिवारभित्र पर्छ।

कृषि तथा पशुपालनका अतिरिक्त घुमन्ते व्यापार यिनीहरूको जीवनयापन गर्ने प्रमुख आधार मानिन्छ तर अहिले भने यस्तो व्यापारमा कमी आएको छ। तोप्केगोलाले ताप्लेजुङदेखि धनकुटा, पाँचथर, धरान तथा सङ्खुवासभालगायत नेपालका पूर्वी पहाड, पूर्वी तराई र तिब्बतका सारलगायतका केही क्षेत्रमा जडीबुटी, जिम्मु, पाखनबेत, शिलाजित, सियो, धागो ऊनी कपडा जस्ता सामग्री बेच्ने र आवश्यक खाद्यान्नलगायत खरिद गर्ने गर्छन्। पछिल्ला दशकमा यातायातको सुविधा र गाउँको बजारीकरणले यिनीहरूको व्यापार गर्ने क्षेत्र फैलिएको छ तर किनबेच हुने सामग्री चाहिँ बजारिया हुने गरेका छन्।



मौलिक सामग्रीको किनबेच हराउँदै छ। विगतमा याक र चौँरीलाई भारी बोकाएर हिउँदको जाडोमा तीन/चार दिन हिँडेर बेँसी झर्ने र न्यानो मौसम सुरु भएपछि आफ्नै स्थायी बसोबास क्षेत्रमा फर्कनु यिनीहरूको सामाजिक–आर्थिक विशेषता थियो। मौसमी बसाइँसराइ अझै पनि यिनीहरूको सामाजिक परम्परा छ। यसलाई 'कल्चरल इकोलोजी' सँग जोडेर हेर्न सकिन्छ, जस्तै तोप्केगोला जातिमा प्रचलित मौसमी बसाइँसराइको संस्कृति निर्माणमा उनीहरू बस्ने स्थानको इकोलोजी (पर्यावरण) ले कस्तो प्रभाव पारेको छ। यिनीहरू व्यापारका सिलसिलामा हिँड्दा अधिकांश रूपमा लर्को बनाएर १०–१२ जनाको समूहमा हिँड्ने गर्छन्।

यिनीहरू मूलतः बौद्ध धर्मावलम्बी हुन् तर सामाजिक अन्तर्क्रियाका कारण पश्चिमतिरका सिङ्सावा र पूर्वका बालुङ, थुदाम, शेर्पा, भोटे, लिम्बू, राई जातिका धेरथोर सांस्कृतिक–सामाजिक विशेषता पनि यिनीहरूको जीवनशैलीमा प्रवेश गरेको देखिन्छ। शारीरिक रूपमा यिनीहरू शेर्पा जस्ता देखिन्छन्, पहिरन पनि केही मात्रामा समान देखिन्छ। महिला पुरुष दुवैले कपाल पाल्ने र डोरी बाँध्ने गरेको पाइन्छ।

तोप्केगोलामा जन्मदेखि मृत्युसम्मका संस्कार बौद्ध धर्म अनुसार गरिन्छ। बच्चाको नामकरणदेखि मृत्यु भएकालाई कहिले (निधन भएको एक–दुई दिनभित्र जुराएर) अन्त्यष्टि गर्ने, गाडेर वा जलाएर अन्त्यष्टि गर्ने जस्ता विधि, विधान बौद्ध धर्म अनुसार लामाले गर्ने गर्छन्। साधारणतयाः सुत्केरी, बच्चा, गर्भवतीको शवलाई गाडिन्छ, अन्यलाई जलाइन्छ।


विवाह गर्दा पनि लामाको भूमिका रहन्छ। विवाहअघि केटा र केटीको साइत जुराउनु पर्छ, यो काम लामाहरूले गर्छन्। तोप्केगोला समाजमा पर्ने सामुदायिक चाडपर्व, तोप्केगोलाभित्रका झैझगडा, जारी, दण्ड सजायमा पनि लामाको प्रभावकारी भूमिका रहन्छ तर अहिले भने यस्तो भूमिकामा कमी आएको छ। अबका यस्ता विवाद स्वाभाविक रूपमा स्थानीय तह हुँदै अदालतसम्म पुग्ने गरेका छन्।

नेपालको राष्ट्रिय जनगणना–२०६८ अनुसार तोप्केगोला जातिको जनसङ्ख्या एक हजार ५२३ रहेको देखिन्छ। सरकारले स्थानीय तहको निर्वाचनमा प्रतिनिधित्व प्रयोजनका लागि अल्पसङ्ख्यक समुदायको सूची बनाएको छ। कुल जनसङ्ख्याको ०.५० प्रतिशतभन्दा कम जनसङ्ख्या भएको समुदायलाई सरकारले अल्पसङ्ख्यकको सूचीमा राख्ने निर्णय गरे अनुसार तोप्केगोलासहित ९८ जातिलाई अल्पसङ्ख्यक सूचीमा राखिएको छ।

नेपाली लोकबाजाका अनुसन्धानकर्ता बुलु मुकारुङका अनुसार तोप्केगोला जातिका बाजाहरू ढम्डे, ह्यान्जिङ, लिङ्बू, काङ्काङ, फलाम साथै धार्मिक बाजाहरू रादुङ, धुङ, ग्यालिङ, काङ्लिङ, ठिबू, डमरू, ङह आदि हुन्। ■

–त्रिभुवनचन्द्र वाग्ले

अलीको फाइट अफ द सेन्चुरी



अलीको प्रादुर्भाव यस्तो पृष्ठभूमिमा भयो जुन समयमा एक राष्ट्र आफूलाई नागरिक अधिकार र भियतनाम युद्धका मुद्दाले स्वयं विभाजन गरिरहेको थियो । र विजेता अलीले चाँडै नै आफ्नो तालुक ती सबै मुद्दामा जोडिएको पाए जब उनले सैन्य सेवा अस्वीकार गरे । उनलाई अनिवार्य सैन्य तालिमका लागि भर्ना केन्द्र 'ड्राफ्ट बोर्ड' मा सम्पर्क गर्न आदेश दिइएको थियो तर उनले त्यो आदेश अवज्ञा गरेका थिए ।

जब सन् १९७१ मार्च ८ मा जोय फ्रेजर र मोहम्मद अली आपसमा भिड्न रिङमा चढे त्यस भिडन्तलाई हेर्न विश्वको गति थामिएको थियो। न्युयोर्क सिटीको मेडिसन स्क्वायर गार्डेनमा भएको त्यस भिडन्तलाई विश्वले 'फाइट अफ द सेन्चुरी' उपमाबाट पनि चिन्दछ। त्यस भिडन्तमा साढे चार करोड अमेरिकी डलरको टिकट बिक्री गरिए र विश्वमा ३० करोडभन्दा बढी मानिसले टेलिभिजनमा प्रत्यक्ष प्रसारण हेरे। कतिसम्म भयो भने भिडन्तको नतिजा सार्वजनिक भइसक्दा समेत बेलायतको लगभग आधा जनसङ्ख्याले बिबिसीमा त्यसको पुनः प्रसारण हेरेको थियो।

यो बक्सिङमा हेविवेट वर्गको भिडन्त थियो, जसमा मिल्ने सफलतालाई खेलकुदमा एक ठूलो उपहार मानिन्छ। यसले चौतर्फी नाम र मनग्गे दाम दिने गर्छ। फ्रेजर र अली दुवै यस भिडन्तअघिसम्म अजेय थिए तथा दुवै जना ओलम्पिक स्वर्ण पदक विजेता पनि तर 'फाइट अफ द सेन्चुरी' दुई महान् खेलाडीबीचको एक पूर्वनिश्चित भिडन्त मात्र थिएन, त्यसभन्दा कहीँ



अधिक यसको बेग्लै महत्त्व थियो। राष्ट्रप्रति एक विभाजित मानसिकताको यो एक छदम लडाइँ बन्न पुग्यो।

सन् १९४२ मा अमेरिकाको केन्टकी राज्यको लुइसभेलमा जन्मिएका केसियस मार्सेलस क्ले पछि बक्सिङमा मोहम्मद अली नामले परिचित भए। उनले सन् १९६० को रोम ओलम्पिकमा स्वर्ण पदक जितेका थिए र सन् १९६४ फेब्रुअरीमा सोनी लिस्टनलाई पछारेर उनी विश्व हेविवेट च्याम्पियन भए। लिस्टनलाई हराएको भोलिपल्टै उनले आफ्नो परिवारलाई दासका स्वामीद्वारा प्रदान गरिएको केसियस क्ले नाम त्याग गरी 'नेसन अफ इस्लाम' कबुल गरेको घोषणा गरेका थिए। उनको यस घोषणाले संसारभरि हल्लीखल्ली मच्चियो।

युद्धविरोधी तथा उनले पुनः बक्सिङ खेल्न पाउनु पर्छ भनी व्यापक जनमत तयार भयो, जर्जियाका राज्यपाल लेस्टर मेडेक्सबाट जोडदार विरोध हुँदा पनि एट्लान्टा सहरमा गठित विशेष आयोगले अलीलाई पुनः बक्सिङ खेल खेल्न पाउने लाइसेन्स प्रदान गरेको थियो।

अलीले भियतनाम जान मानेनन्

अलीको प्रादुर्भाव यस्तो पृष्ठभूमिमा भयो जुन समयमा एक राष्ट्र आफूलाई नागरिक अधिकार र भियतनाम युद्धका मुद्दाले स्वयं विभाजन गरिरहेको थियो। र विजेता अलीले चाँडै नै आफ्नो तालुक ती सबै मुद्दामा जोडिएको पाए जब उनले सैन्य सेवा अस्वीकार गरे। उनलाई अनिवार्य सैन्य तालिमका लागि भर्ना केन्द्र 'ड्राफ्ट बोर्ड' मा सम्पर्क गर्न आदेश दिइएको थियो तर उनले त्यो आदेश अवज्ञा गरेका थिए।

जब यो समाचार बाहिर आयो सञ्चारकर्मीले अलीलाई घेरे। अलीले उल्टै उनीहरूलाई प्रश्न गरे, "म किन यस्तो देशका तर्फबाट मानिस मार्न हजारौँ किलोमिटर टाढा जाउँ, जुन देशले म र मेरा सहचर अफ्रिकी-अमेरिकीहरूलाई दोस्रो


दर्जाको नागरिक ठान्दछ ।"

अलीले भने, "मैले सोचेँ यदि भियतनाम जाँदा यस देशका लाखौँ अश्वेत मानिसमध्ये कसैलाई सहयोग पुग्छ भने तपाईंहरूले मलाई पठाउनै पर्दैन, म आफैँ जान्छु तर त्यसो हुने छैन, यी मानिससँग युद्धमा जाँदा मेरा सहचारीलाई अलिकति पनि सहयोग पुग्दैन । बरु म जेल जान तयार छु । भियत कोङसँग मेरो कुनै लडाइँ छैन ।"

सन् १९६७ अप्रिल २८ मा अलीले एक विवेकशील आक्षेपकर्ताको अवस्था दाबी गर्दै सैन्य सेवामा सहभागी नहुने औपचारिक जानकारी गराए । त्यही दिन न्युयोर्क स्टेट एथलेटिक कमिसनले उनको बक्सिङ लाइसेन्स फिर्ता लिने निर्णय मात्र गरेन उनले जितेका उपाधिसमेत खोस्यो । अमेरिकामा रहेका अन्य बक्सिङ कमिसनले समेत आफ्नो अधिकार क्षेत्रमा अलीलाई बक्सिङ खेलमा प्रतिस्पर्धा गर्न नदिने भए, समग्रमा अली खेलबाट बाहिर निकालिएको अवस्थामा पुगे ।

सन् १९७० को दशकको अन्त्यतिर जब युद्धविरोधी तथा उनले पुनः बक्सिङ खेल्न पाउनु पर्छ भनी व्यापक जनमत तयार भयो, जर्जियाका राज्यपाल लेस्टर मेडेक्सबाट जोडदार विरोध हुँदा पनि एट्लान्टा सहरमा गठित विशेष आयोगले अलीलाई पुनः बक्सिङ खेल खेल्न पाउने लाइसेन्स प्रदान गरेको थियो । फुकुवा भएपछि अलीको पहिलो भिडन्तलाई क्षुब्ध मेडेक्सले 'शोकको दिन' समेत भने ।

अलीले स्वविवेकका आधारमा सैन्य सेवामा नजाने जुन निर्णय गरेका थिए त्यसमा सरकारको अस्वीकृतिलाई दुई वटा अदालतले सही ठहऱ्याएका थिए र अब यो मुद्दा सुप्रिम कोर्टमा गयो, जहाँ सन् १९७१ जुनमा सुनुवाइ हुने भयो । निर्णय आफूविरुद्ध आउने अनुमानबीच अलीलाई थाहा थियो, आफूसँग अब धेरै समय छैन । यस कारण थप एक लडाइँपछि उनले आफू कारबाहीमा परेका बेला आफ्नो ताज पहिरिएका व्यक्तिमाथि आफ्नो नजर टिकाए ।



> **निर्णय आफूविरुद्ध आउने अनुमानबीच अलीलाई थाहा थियो, आफूसँग अब धेरै समय छैन । यस कारण थप एक लडाइँपछि उनले आफू कारबाहीमा परेका बेला आफ्नो ताज पहिरिएका व्यक्तिमाथि आफ्नो नजर टिकाए ।**

फ्रेजरलाई अलीले 'अङ्कल टम' बाट हटाए

सहभागितामूलक साझेदारीमा खेती गर्नेका छोरा जोय फ्रेजरले बक्सिङ सिक्न १५ वर्षको उमेरमै घर छाडेका थिए । उनी सन् १९६४ मा ओलम्पिक च्याम्पियन भए । उनले कुनै पनि खालको राजनीतिक बयान दिएनन्, न त उनले आफूलाई कुनै वर्गको पहिचान दिए । यति मात्र कहाँ हो र अली प्रतिबन्धित रहेको अवस्थामा फ्रेजरले उनलाई आर्थिक रूपमा समेत सहयोग गरेका थिए । अलीलाई क्षमादान दिन फ्रेजरले राष्ट्रपति रिचर्ड निक्सनसमक्ष अपिलसमेत गरे तर आफ्नो सामर्थ्यले अलीसरहको नभएर पनि फ्रेजर अन्जानमा संस्थापनको प्रिय व्यक्ति बन्न पुगे ।। जेरी इजेनवर्गले आफ्नो पुस्तक 'वन्स दियर वेयर जाइन्ट्स : द गोल्डेन एज अफ हेविवेट बक्सिङ' मा लेखेका छन्, "जातीय आधारमा अलीलाई मन नपराउने धेरै गोराले आफ्नो अश्वेत प्रतिनिधिका रूपमा फ्रेजरलाई स्वीकार गरेका थिए ।"

अलीले घोचपेच र उपहास गर्दै हेविवेट च्याम्पियन हुन



फ्रेजर निकै सुस्त र भद्दा भएको भनी आलोचना गरे। यतिसम्म कि फ्रेजरको बेइजती गर्दै अलीले उनलाई 'अङ्कल टम' को उपमा समेत दिए। बयानबाजीले तनाव निकै थियो। आत्मसम्मान र आफ्नो निर्णयका लागि लडिरहेको अलीको पक्षमा कैयौं पटक कलम चलाएका इजेनवर्गको कारको 'विन्डसिल्ड' समेत तोडफोड गरियो। समाजमा हिप्पीहरू रूढीवादका विरोधी तथा युवा पुस्ता अग्रजहरूको मूल्य मान्यताविपरीत हिँडिरहेका थिए। यी सबैले अली र फ्रेजरलाई आफ्नो विचारधाराको नायकका रूपमा हेरिरहँदा एउटा के कुरा बिर्सिए भने, "यो कथा जतिको नाटकीय छ, यो अझै पनि दुई युवा हेविवेट बक्सिङ खेलाडीबीच पुरस्कारको भिडन्त मात्र हो।"

जब भिडन्तको रात आयो, यो अपेक्षित घटनासरह नै थियो।

बक्सिङ इतिहासवेत्ता बर्ट सुगर सम्झन्छन्, "सबै जना जो पनि त्यहाँ थिए उनीहरू सय डलरको टिकटलाई बाहिर हजार डलरमा किन्दै थिए....। त्यहाँ सेतो इर्मिन कोट र मिल्दोजुल्दो ह्याट लगाएर मानिसहरू आउँदै थिए। मेडिसन स्क्वायर गार्डेनमा लिमोसिन्स गाडीको लाइन थियो।"

फ्रेजरले अलीलाई कडा प्रतिउत्तर फर्काए। त्यस चरणमा फ्रेजरले जोडदार बायाँ 'हुक' ले अलीको बङ्गारा हल्लाइदिए, अली क्यानभासमा पछारिए। जसोतसो अली उभिए तर नकडाउनले सुनिश्चित देखियो अलीले त्यो चरण र भिडन्त दुवै गुमाउने भए।



भिडन्तको व्यापक प्रचारप्रसार भएको थियो। भिडन्तको सुरुमा अलीले नियन्त्रण बनाए तर छैटौँ चरणसम्म आइपुग्दा उनी थकित देखिन थाले। लामो समय रिङमा नउत्रिएको तथा फ्रेजरका मुक्काले अली कमजोर देखिए तर रिङमा हुँदासमेत उनले फ्रेजरमाथि कटाक्ष गर्न छाडेनन्।

"मूर्ख, के तिमीलाई थाहा छैन ईश्वरले मलाई च्याम्पियन बन्न पठाएका हुन् ?" अलीले भिडन्तको १५ औँ तथा अन्तिम चरणमा भनेका थिए।

फ्रेजरले अलीलाई कडा प्रतिउत्तर फर्काए। त्यस चरणमा फ्रेजरले जोडदार बायाँ 'हुक' ले अलीको बङ्गारा हल्लाइदिए, अली क्यानभासमा पछारिए। जसोतसो अली उभिए तर नकडाउनले सुनिश्चित देखियो अलीले त्यो चरण र भिडन्त दुवै गुमाउने भए।


ती व्यक्तिले जो अलीप्रति समर्पित मात्र थिएनन् उनमा आफ्नो एक अंशसमेत देख्दथे, जसले उनलाई प्रतिरोधको प्रतीकका रूपमा हेरेका थिए, अलीको पराजय उनीहरूमाथि बज्रपात नै भयो।

जुन खालको महत्त्व र प्रतीकवादका रूपमा त्यसलाई हेरिएको थियो अन्त्यमा 'फाइट अफ द सेन्चुरी' इजेनवर्गको शब्दमा भन्नु पर्दा मात्र एक भिडन्त भयो।



सन् १९७४ मा जायरमा भएको प्रख्यात भिडन्त 'रम्बल इन द जङ्गल' मा जर्ज फोरम्यानलाई पछारेर अलीले हेविवेट बक्सिङको ताज पुनः हासिल गरे, जुन ताज फोरम्यानले फ्रेजरबाट खोसेका थिए ।

तेस्रो भिडन्तपछि पनि दुवै जनाले रिङमा आआफ्ना प्रतिद्वन्द्वीसँग प्रतिस्पर्धा जारी राखे तर पहिले जस्तो अवस्था दुवैमा अब रहेन। अली र फ्रेजर धेरै पक्षबाट एकअर्कासँग मिल्दाजुल्दा थिए, अन्ततः दुवैले एकअर्कालाई सकाए। आफ्नो मजाक उडाएको र बेइजती गरेको



भियतनाम युद्ध थप चार वर्ष चल्यो, ५० वर्षपछि पनि अमेरिका जातीय अन्यायबाट मुक्त हुन सकेको छैन तथा खेल व्यक्तित्वहरूले सामाजिक र राजनीतिक परिवर्तनका लागि आफ्नो मञ्च प्रयोग गरिरहेकै छन्।

फोरम्यान र अलीको कलह

अलीले फ्रेजरद्वारा पराजित हुनु पर्‍यो तर तीन महिनापछि उनले अमेरिकी सरकारविरुद्धको आफ्नो लडाइँ जिते। अलीलाई प्रतिबन्धित गरिनुमा न्यायोचित कारण नदेखिएको फैसला सुप्रिम कोर्टले सुनायो। अब अली बक्सिङ खेललाई निरन्तरता दिन सक्ने भए। सन् १९७४ मा जायरमा भएको प्रख्यात भिडन्त 'रम्बल इन द जङ्गल' मा जर्ज फोरम्यानलाई पछारेर अलीले हेविवेट बक्सिङको ताज पुनः हासिल गरे, जुन ताज फोरम्यानले फ्रेजरबाट खोसेका थिए।

वर्ष दिनपछि अली र फ्रेजर पुनः आमुन्ने सामुन्ने भए मनिलामा। भिडन्तमा १४ चरणसम्म दुवैले एकअर्कामाथि मुक्का बर्साए, अनि फ्रेजरका सहयोगीले रक्ताम्य उनलाई जोगाउन हस्तक्षेप गरे। फ्रेजरका आँखा पूरै सुन्निएका थिए। फ्रेजरले त्यसपछि पनि फेरि मार खाए। अलीले फ्रेजरलाई दोस्रो पटक 'थ्रिला इन मनिला' मा पछारे। त्यसअघि 'फाइट अफ द सेन्चुरी' पछिको भिडन्त 'सुपर फाइट सेकेन्ड' मा अलीले पछिल्लो मारको बदला लिइसकेका थिए।

भनी फ्रेजरले कहिल्यै अलीलाई माफ गरेनन्। सन् १९९६ को एट्लान्टा ओलम्पिकमा अलीलाई ओलम्पिक ज्योति प्रज्वलन गर्न दिइएको विषयमा प्रतिक्रिया माग्दा फ्रेजरले सुस्केरा हाल्दै भने, "उनलाई तिनीहरूले त्यसैमा धकालिदिनु पर्ने थियो।"

अन्य मानिसको नजरमा अली र फ्रेजरबीचको लडाइँले व्यापक द्वन्द्वको प्रतिनिधित्व गर्न सक्थ्यो, अली र फ्रेजरका दृष्टिबाट यो नितान्त व्यक्तिगत थियो । उनीहरूबीचको भिडन्त हेविवेट उपाधिका लागि मात्र होइन वर्चस्वको लडाइँ थियो। ■


– उमेश ओझाद्वारा हिस्ट्रीबाट अनुवादित र सम्पादित

RIPLEY'S Believe It or Not!



क्वान्टास एयरलाइन्सको सिड्नीदेखि एडिलेडसम्म उडान भर्ने विमानले प्रशोधित **खाने तेल र जैविक इन्धन आधा आधा मिसाएर** इन्जिनमा प्रयोग गर्दछ ।

पहिलो पटक उड्ने कार **अलेफ एयरोनोटिक्सले** बनाएको मोडेल ए लाई **अमेरिकाले** सडक र आकाशमा परीक्षणका लागि अनुमति दिएको छ ।





स्विडेनमा एक यस्तो होटल छ जसका सबै **कोठा रूखमा** बनाइएका छन् ।

रेकर्ड नरहने इनकग्निटो मोड




■ अजय शर्मा

हामीले मोबाइल तथा कम्प्युटर उपकरणमा गुगल क्रोम, इन्टरनेट एक्सप्लोरर, मोजिला फायरफक्सलगायतका वेब ब्राउजरको सहायताले वेबसाइट खोल्ने गर्छौं। ब्राउजरको सहायताले वेबसाइट खोल्ने वा कुनै कुरा खोज्ने प्रक्रिया वेब ब्राउजिङ हो। तपाईंले नियमित रूपमा इन्टरनेट चलाउनुहुन्छ भने वेब ब्राउजिङ गर्ने सामान्यतया दुई वटा तरिका हुन्छन्। पहिलो तरिका भनेको सिधै वेब ब्राउजरबाट इन्टरनेट चलाउने र अर्को भनेको 'इनकग्निटो' मोडबाट इन्टरनेटमा रहेका कुरा खोज्ने वा वेबसाइट चलाउने।

तपाईंहरूमध्ये कतिपयले 'इनकग्निटो' मोडका बारेमा सुन्नुभएको होला। यो सबै ब्राउजरमा हुने सुरक्षा फिचर हो। 'इनकग्निटो' मोड ब्राउजरमा हुने एक यस्तो सेटिङ हो जसको प्रयोग गर्दा ब्राउजरले इन्टरनेटमा खोजी गरेका कुनै पनि वेब पेजको रेकर्ड राख्दैन।



सबैजसो वेब ब्राउजरमा प्रयोगकर्ताको गतिविधिको रेकर्ड राख्ने फिचर हुन्छ। जसमा प्रयोगकर्ताले सर्च गरेका वेबसाइटको नाम, पासवर्डलगायतका कुरा सङ्ग्रह भएर रहन्छन्।



तपाईंले सामान्य रूपमा ब्राउजरमा केही कुरा सर्च गर्नुभयो भने ब्राउजरको हिस्ट्री, कुकिजलगायतमा तपाईंले खोजेका वेब पेज र सामग्रीको सम्पूर्ण रेकर्ड रहन्छ। यसरी सिधै ब्राउजरमा कुनै कुरा खोज्दा ब्राउजर डिफल्ट मोडमा खुल्छ। तपाईंले सर्च गरेका सबै कुरा सङ्ग्रह भएर रहन्छन्। ती सङ्ग्रह भएका सबै कुरा त्यस उपकरणको प्रयोगकर्ता जोसुकैले पुनः हेर्न वा खोल्न सक्छन्। हामीले कहिलेकाहीँ इन्टरनेटमा गोप्य कुरा पनि खोजिरहेका हुन्छौँ। यस्तो बेला तपाईंले इन्टरनेटमा खोजेका कुरा अरू प्रयोगकर्ताले थाहा नपाऊन् भन्ने चाहनुहुन्छ भने यस्तो अवस्थामा 'इनकग्निटो' मोडमा काम गर्नु पर्छ।

सबैजसो वेब ब्राउजरमा प्रयोगकर्ताको गतिविधिको रेकर्ड राख्ने फिचर हुन्छ। जसमा प्रयोगकर्ताले सर्च गरेका वेबसाइटको नाम, पासवर्डलगायतका कुरा सङ्ग्रह भएर रहन्छन्। कतिपय अवस्थामा यो फिचर निकै उपयोगी हुन्छ भने कुनै समयमा यो फिचर प्रयोगकर्तालाई नचाहिने पनि हुन सक्छ। त्यसैले प्रयोगकर्ताले यस्तो फिचर केही समयका लागि निष्क्रिय बनाउने विकल्प हुन्छ, जसलाई हामी 'इनकग्निटो मोड' भन्छौँ।

हरेक ब्राउजरमा 'इनकग्निटो' मोड हुन्छ तर सबै ब्राउजरमा यही नाम हुन्छ नै भन्न सकिँदैन। 'इनकग्निटो' मोड फिचरको काम उही भए पनि ब्राउजर अनुसार यसको नाम फरक फरक हुन्छ। गुगल क्रोममा 'इनकग्निटो', माइक्रोसफ्ट एजमा 'प्राइभेट मोड', सफारीमा 'प्राइभेट ब्राउजिङ' र फायरफक्समा 'प्राइभेट मोड' को नाम दिइएको छ।

त्यसो भए 'इनकग्निटो' मोड कहिले प्रयोग गर्ने त ? यसको सरल जवाफ छ, जब तपाईंले वेब ब्राउजरमा कुनै सामग्री खोज्दै हुनुहुन्छ र यस्ता सामग्री ब्राउजरमा सेभ नहोस् र अन्य कुनै प्रयोगकर्ताले थाहा नपाऊन् भन्ने चाहनुहुन्छ। यो फिचर तपाईंलाई निकै काम लाग्न सक्छ। यदि तपाईंले आफ्नो कम्प्युटर वा फोन अरूलाई प्रयोग गर्न दिनुहुन्छ भने यो फिचर अन गरेर दिनुहोस्। अथवा तपाईंले सार्वजनिक वा अरूले प्रयोग गर्ने डिभाइस केही समयका लागि प्रयोग गर्दै हुनुहुन्छ भने यो फिचर प्रयोग काम लाग्न सक्छ। अत्यन्तै जरुरी भएका बेला कुनै पनि प्रयोगकर्ताले आफ्नो मोबाइल वा कम्प्युटर प्रयोग गर्न दिँदा वा अरूको प्रयोग गर्दा आफूले खोजेका सामग्री तथा सूचना चुहावट हुनबाट बच्न 'इनकग्निटो' मोड अर्थात् प्राइभेट ब्राउजिङ 'प्राइभेट ब्राउजिङ' को प्रयोग गर्न सक्नु हुन्छ।

'इनकग्निटो' मोड फिचरको काम उही भए पनि ब्राउजर अनुसार यसको नाम फरक फरक हुन्छ। गुगल क्रोममा 'इनकग्निटो', माइक्रोसफ्ट एजमा 'प्राइभेट मोड', सफारीमा 'प्राइभेट ब्राउजिङ' र फायरफक्समा 'प्राइभेट मोड' को नाम दिइएको छ।



यस्तो ब्राउजिङमा हिस्ट्री, क्यास तथा कुकिज केही पनि हटाउनु पर्दैन। यो मोडमा खोजिएका कुरा र चलाइएका विभिन्न डाटा ब्राउजर बन्द भएपछि स्वतः हराउँछन्। यदि तपाईंले यही कुरा सिधै ब्राउजरमा 'इनकग्निटो' मोड वा 'प्राइभेट ब्राउजिङ' अन नगरेर वेबसाइट खोल्नु भयो वा कुनै कुरा खोज्नु भयो भने ब्राउजरको हिस्ट्रीमा गएर सबै कुरा सङ्ग्रह भएर बस्छन्। यस्ता कुरा हटाउन तपाईंले ब्राउजरको सेटिङमा गएर क्यास तथा कुकिज हटाउनुपर्ने हुन्छ।

'इनकग्निटो' मोड कसरी अन गर्ने ?

गुगल क्रोममा 'इनकग्निटो'

१. क्रोम ब्राउजरको दायाँतर्फ माथि कुनामा रहेको तीन वटा थोप्लोमा क्लिक गर्ने र त्यहाँ रहेको 'Select New Incognito Window' अप्सनमा क्लिक गर्ने।

२. किबोर्डबाट सर्टकट : Shift + ⌘ + N (on mac OS), or Shift + CTRL + N (on Windows/Linux).



माइक्रोसफ्ट एजमा 'प्राइभेट मोड'

१. माइक्रोसफ्ट एज ब्राउजरको दायाँतर्फ माथि कुनामा रहेका तीन वटा थोप्लोमा क्लिक गर्ने र त्यहाँ रहेको "New In Private Window." अप्सनमा क्लिक गर्ने।

२. किबोर्डबाट सर्टकट : Shift + CTRL + N.

सफारीमा 'प्राइभेट ब्राउजिङ'

१. सफारीमा फाइल मेनुमा रहेको "New In Private Window." अप्सनमा क्लिक गर्ने।

२. किबोर्डबाट सर्टकट : Shift + ⌘ + N.

फायरफक्समा 'प्राइभेट मोड'

१. फायरफक्स ब्राउजरको दायाँतर्फ माथि कुनामा रहेका तीन धर्कामा क्लिक गर्ने र त्यहाँ रहेको "New In Private Window." अप्सनमा क्लिक गर्ने।

२. किबोर्डबाट सर्टकट : Shift + ⌘ + P (on mac OS) or Shift + CTRL + P (on Windows/Linux). ■



ग्यास विस्फोटबाट लगभग १६ लाख टन कार्बन डाइअक्साइड ग्यास अचानक उत्सर्जित भएको थियो। ग्यासको बादल सुरुमा एक सय चार किलोमिटर प्रतिघण्टाको गतिमा बाहिर निस्कियो र हावाको तुलनामा कार्बन डाइअक्साइड ग्यास अधिक घनत्वको भएका कारण यो तीव्र गतिमा वरिपरिका गाउँसम्म फैलिन थाल्यो।

विनाशकारी लिमनिक इरप्सन

'लिमनिक इरप्सन' अर्थात् तालमा हुने ठूलो उथलपुथलले विश्वमा केही विनाशकारी घटना भएका छन्। तालको गहिराइमा पानीमा घुलेर रहेको कार्बन डाइअक्साइड ग्यास अचानक उत्सर्जन हुँदा आकाशमा ग्यासको बादल सिर्जना भएर प्राणी जगत् निसासिने वातावरण बन्दछ। कार्बन डाइअक्साइड ग्यासको बादलले जङ्गली जीवजन्तु, गाईबस्तु र मानिसको जीवन नै सङ्कटमा पर्दछ।

अहिलेसम्म ज्ञात भए अनुसार विश्वका तीन तालमा यस प्रकारको घटना भएको छ। सन् १९८६ अगस्ट २१ मा क्यामरुनको उत्तरपश्चिममा रहेको न्योस तालमा 'लिमनिक इरप्सन' भएको थियो। सो घटनामा जोगिएका एक भाग्यशाली व्यक्तिको भनाइ अनुसार राति ९:३० बजे अचम्मको विस्फोटको आवाज आयो, त्यसलगत्तै मानिस र पशुहरू जमिनमा छट्पटाउन थाले। त्यस ग्यास विस्फोटबाट लगभग १६ लाख टन कार्बन डाइअक्साइड ग्यास अचानक उत्सर्जित भएको थियो। ग्यासको बादल सुरुमा एक सय चार किलोमिटर प्रतिघण्टाको गतिमा बाहिर निस्कियो र हावाको तुलनामा कार्बन डाइअक्साइड ग्यास अधिक घनत्वको भएका कारण यो तीव्र गतिमा वरिपरिका गाउँसम्म फैलिन थाल्यो। कार्बन डाइअक्साइड ग्यासको करिब ५० मिटर मोटाइको बादलले त्यहाँको सबै हावा विस्थापित गरिदिँदा तालको २५ किलोमिटर परिधिमा जीवजन्तु र मानिस जहाँको तहीँ चिरनिद्रामा पुगे।

त्यस क्षेत्रका बासिन्दा अधिकांश किसान थिए र चालै नपाई सुतेकै अवस्थामा उनीहरूको ज्यान गयो। कुल १७ सय ४६ मानिस र ३५ सय गाईबस्तुको ज्यान त्यस ग्यास त्रासदिमा गयो। ठूलो मात्रामा कार्बन डाइअक्साइड ग्यास बाहिर निस्किएका कारण तालको सामान्यतया निलो देखिने पानी गाढा रातो रङमा परिणत हुन पुग्यो। यसो किन भएको हो भने तालको गहिराइमा रहेको फलाम तत्त्वयुक्त पानी सतहमा आयो र वायुको अक्सिजनसँग त्यसको प्रतिक्रिया (अक्सिडाइज्ड) भयो। साथै तालको पानीसमेत लगभग एक मिटर घट्यो र ताल वरिपरि रहेका रुख, बोटबिरुवा सबै नासिए।

न्यास तालमा कार्बन डाइअक्साइड ग्यास विस्फोट हुनु दुई वर्ष पहिले क्यामरुनमै सन् १९८४ मा मोनन तालमा 'लिमनिक इरप्सन' भएको थियो। यस घटनामा ३७ जनाको निसासिएर ज्यान गयो। यी दुवै घटनाको ३५ सयदेखि पाँच हजार वर्ष पहिले रुवान्डा र डेमोक्रेटिक रिपब्लिक अफ दी कङ्गोको सिमानामा रहेको किभु तालमा 'लिमनिक इरप्सन' भएको रेकर्ड भेटिएको छ। ■

– *युवामञ्च*

गाईजात्रे कार्टुनका ती दिन



■ केशवराज खनाल

कार्टुन मन नपराउने को पो होला र ? तर समय सन्दर्भले कार्टुन बुझाउने मानक भने परिवर्तन हुँदै आएको छ । हिजो बाबुको समयमा कार्टुन पत्रपत्रिकामा छापिने व्यङ्ग्यात्मक चित्र थियो भने आजका युवा र बालबालिका कार्टुन भन्नासाथ टेलिभिजनको पर्दामा देखिने एनिमेटेड रेखाचित्रलाई बुझ्दछन् । अझ प्रहसनको समयलाई नियाल्न नपाएकाहरू मुख बङ्ग्याएर टेलिभिजन, युट्युब वा अन्य सामाजिक सञ्जालमा देखिने पात्रलाई समेत कार्टुन वा कार्टुनिस्टका रूपमा बुझ्न पुग्छन् । यहाँ कार्टुनको व्याख्याभन्दा पनि कार्टुन अर्थात् व्यङ्ग्यचित्र र यसको गाईजात्रासँगको सम्बन्धका बारेमा चर्चा गर्ने प्रयास गरिएको छ ।



मायन (दुर्गा बराल) राष्ट्रपुकार ०३६ साल मसीर २० गते

गाईजात्रा विशेषतः नेवार समुदायको विशेष पर्व मानिएको छ । यद्यपि अचेल गैरनेवारका लागि पनि गाईजात्रा विशेष छ । नेपालको कुनाकाप्चामा रहेका नेवारले गाईजात्रा मनाइरहँदा गैरनेवारहरूको समेत यो जात्रामा सक्रिय सहभागिता रहन्छ ।

प्रताप मल्लको पालामा दुःखबाट मुक्त हुन र समाजमा धेरै दुःखी रहेको सन्देश दिने गरी सुरु गरिएको यो जात्रा कालान्तरमा आएर समाजका विकृति विसङ्गतिलाई मात्र नभई राजनीतिलाई समेत प्रहार गर्ने गरी 'प्रयोगमा' आउन थाल्यो । यस कारण पनि गाईजात्रा र कार्टुन अर्थात् व्यङ्ग्यचित्रको विशेष

महत्त्व आजपर्यन्त छ ।

कार्टुन चित्रको ऐतिहासिक पृष्ठभूमिलाई नियाल्दा बेलायतको संसद् भवन बन्दा सन् १८४०/४१ तिर उक्त भवनलाई व्यापक रूपमा सजाउन त्यहाँ लोप हुन लागेका भित्तेचित्रलाई प्रोत्साहन गर्न त्यहाँ भव्य सजावटका लागि चित्रकारबाट भित्तेचित्रसम्बन्धी नमुना आह्वान गरिएको थियो । त्यस बेला कार्टुनको अर्थ भित्तेचित्र बनाउँदा उक्त चित्रको नमुनालाई भनिन्थ्यो ।

कालान्तरमा यो विधालाई मान्छेले यसरी मन पराए कि यो विधाले विश्वव्यापी स्वीकार्यता पायो । पत्रिका पढ्ने हरेकजसोका लागि रमाइलो र ज्ञानवर्धक खुराकका रूपमा कार्टुन बन्न पुग्यो ।

विश्व व्यङ्ग्यचित्रको इतिहास हेर्दा ओनोरे दोमिय, (फ्रान्स सन् १८०८–१८७९) को नाम उल्लेख गर्नैपर्ने हुन्छ । उनी विशेषतः प्रभाववादी कलाकार र लिथोग्राफर पनि थिए । उनका लिगोग्राफहरू तत्कालीन राजनीतिक एवं सामाजिक घटनाको अमूल्य ऐतिहासिक दस्ताबेजका रूपमा रहेका छन् । सन् १८३३ मा 'ला क्यारिकेचर' पत्रिकामा राजा लुई फिलिपलाई 'गुर्गातुवा' अर्थात् हन्तकाली राक्षसका रूपमा कार्टुन बनाई छपाएका कारण उनलाई कारावासको सजायसमेत दिइएको थियो ।

सन् १८३५ मा दोमियको राजनीतिक व्यङ्ग्यचित्रमाथि फ्रान्स सरकारले प्रतिबन्ध नै लगायो । प्रतिबन्धसँगै व्यङ्ग्यचित्रमाथि निकै टीकाटिप्पणी हुन थाल्यो र यसले अझै व्यापकता पायो ।

छिमेकी इन्डिया होस् वा हाम्रै नेपाल, कार्टुनकला जन्मने अवसर राजनीतिबाटै भएको पाइन्छ । २००७ सालअघि चन्द्रमानसिंह मास्के वा २०१४ साल ताका गोवर्द्धनविक्रम शाह, उनीहरूले कार्टुन राजनीतिक





लिगोग्राफहरू तत्कालीन राजनीतिक एवं सामाजिक घटनाको अमूल्य ऐतिहासिक दस्ताबेजका रूपमा रहेका छन् ।

विषयबाट प्रभावित भएरै बनाएका थिए । आफ्ना कुरा व्यङ्ग्यचित्रमार्फत राख्थे र समाजमा सूचना र संवेग पैदा गर्थे । यस मानेमा गाईजात्रा पर्व नेपाली समाजका लागि व्यङ्ग्य मिसिएको सूचनाको स्रोत थियो भने कलाकारका लागि सुवर्ण अवसर ।

पञ्चायती व्यवस्थामा समेत कलाकारले पञ्चायतको विरोधमा कार्टुन प्रकाशित र प्रदर्शन गर्थे । सो प्रदर्शनी हेर्न राजपरिवारकै सदस्यहरू दर्शकका रूपमा पुगेको कुरा हामीले पढ्दै सुन्दै आएकै हौँ । यो प्रदर्शनी तत्कालीन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको गाईजात्रा विशेष कार्यक्रममा हुने गरेको इतिहास हामीमाझ छ । २०३३ सालदेखि नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठानले गाईजात्रा महोत्सवको आयोजना सुरु गरेको हो । सो प्रतियोगितात्मक महोत्सवमा प्रहसनका अतिरिक्त कार्टुन पनि प्रदर्शित हुन्थ्यो । गाईजात्राका अवसरमा विभिन्न पत्रपत्रिकामा प्रकाशित कार्टुनमध्येबाट छानेर उत्कृष्टलाई पुरस्कृत गरिन्थ्यो । सो कार्टुन प्रदर्शनीको चाँजोपाँजो युवा कलाकार समूहले गर्दथे ।

गाईजात्राको सांस्कृतिक र ऐतिहासिक महत्त्व जति छ कलाकार र व्यङ्ग्यकारका लागि त्यत्ति नै

महत्त्वपूर्ण पर्व पनि हो यो। माथि उल्लेख गरिए जसरी कलाकारले अन्य समयमा कार्टुन वा प्रहसन देखाउँदा राज्यबाट खप्की खानुपर्ने वा दण्डित हुनुपर्ने अवस्था थियो भने यो जटिलता गाईजात्रामा केही लचिलो हुने गर्दथ्यो। यसै कारण पनि होला गाईजात्रा पर्वमा हरेक वर्ष कलाकारले आफ्नो सिर्जना/प्रस्तुति पस्कने गर्दथे।

गाईजात्रालाई नै आधार बनाएर पञ्चायतकालमा विभिन्न पत्रपत्रिका पनि प्रकाशन हुने गर्थे। जसमा २०४१ सालबाट प्रकाशित भाँडभैलोको विशेष स्थान छ। यो पत्रिकामा सामाजिक, आर्थिक, भ्रष्टाचार आदि जस्ता सामाजिक विकृतिको विषयका साथै राजनीतिक विषयका कार्टुन पनि प्रकाशित हुन्थ्यो। 'युवा कलाकार समूह' को संयोजनमा प्रकाशन हुने यो पत्रिकामा तत्कालीन समयका सबै जसो कार्टुनिस्टका अतिरिक्त नवकलाकारले पनि कार्टुन प्रकाशन गर्थे।

भाडँभैलो २०४७ सालसम्म निरन्तर प्रकाशित भयो र प्रजातन्त्रको

अमेरिकाको मिजौरीमा २५ वर्षीय महिला प्याट्रिसिया स्टालिङ्गसले सन् १९८९ अप्रिलमा छोरा जन्माइन्, जसको नाम राखियो रायन। तीन महिनापछि रायन बिरामी परे र उनलाई अस्पताल लगियो। जहाँ चिकित्सकले रायनको शरीरमा 'इथेलिन ग्लाइकोल' को उच्च मात्रा पत्ता लगाए। 'इथेलिन ग्लाइकोल' एक चिस्यानरोधी यौगिक हो। रायनको शरीरमा 'इथेलिन ग्लाइकोल' को उच्च मात्रा फेला परेपछि चिकित्सकहरुले आमाले नै जानाजान यो विष छोरा रायनको शरीरमा हालेको निष्कर्ष निकाले।

बिरामी रायनको निधन भएपछि प्रहरीले प्याट्रिसिआलाई हिरासतमा लियो। सुनुवाइको प्रतीक्षामा रहेकै अवस्थामा प्याट्रिसियाले अर्को छोरा जन्माइन्। सन् १९९० फेब्रुअरी १७ मा जन्मिएका उनलाई डेभिड नाम दिइयो। डेभिडलाई बाल स्याहार केन्द्रमा राखियो तर पछि डेभिडमा समेत रायनको जस्तै समस्या देखियो। अत्यन्त दुर्लभ मानिने समस्या मेथलमालोनिक एसिडेमियाले डेभिड ग्रस्त रहेको चिकित्सकले थाहा

Patricia Stallings
"We're happy"
late last year are St. Louis University Hospitals, Cardinal Glennon Children's Hospital and three physicians




‘युवा कलाकार समूह’ को संयोजनमा प्रकाशन हुने यो पत्रिकामा तत्कालीन समयका सबै जसो कार्टुनिस्टका अतिरिक्त नवकलाकारले पनि कार्टुन प्रकाशन गर्थे ।

पाए । वंशाणु विकार मेथलमालोनिक एसिडेमिया भएको अवस्थामा शरीर चिस्यानरोधी विषले प्रभावित रहेको जस्तो लक्षण देखिन्छ । यस्तै समस्याले रायन बितेका थिए ।

प्याट्रिसियालाई सुनुवाइपछि हत्याको आरोपमा दोषी ठहऱ्याएर आजीवन कारावासको सजाय सुनाइयो । टेलिभिजन कार्यक्रम ‘अन्सोल्भ्ड मिस्ट्री’ मा प्याट्रिसियाको परिवारको भएको घटना जब प्रसारित भयो एक जना अनुभवी चिकित्सकले रायनको रगतको नमुना थप जाँच गर्ने निर्णय गरे । ती चिकित्सकले के थाहा पाए भने रायनको मृत्यु वास्तवमा डेभिड जुन वंशाणु रोगले ग्रस्त छन् त्यसैले नै भएको रहेछ । यो तथ्य बाहिर आएपछि प्याट्रिसियालाई जेलबाट मुक्त गरियो र उनीविरुद्धका सबै अभियोगलाई सन् १९९१ सेप्टेम्बरमा फिर्ता लिइयो । ■

– *युवामञ्च*



उदयसँगै विडम्बना मान्नु पर्छ बन्द हुन पुग्यो। सो पत्रिकामा शशी शाह, दुर्गा बराल, उज्ज्वल कुन्दन ज्यापु, शरद रञ्जित, मोहन खड्का, नवीन्द्रमान राजभण्डारी, उत्तम खरेल, श्यामलाल श्रेष्ठ, धिरेशकुमार दहाल ‘डिकेड’, रवि श्यामी, गौतम मानन्धर जस्ता प्रतिभावान् कलाकारको प्रत्यक्ष संलग्नता थियो। समूहका कलाकार मिलेर लगभग एक महिना एकै थलोमा बसेर कार्यशालाका रूपमा कार्टुन तयार पार्थे र डिजाइन आदि सकेर बजारमा पुऱ्याउँथे।

रैथाने : शशी शाह : समीक्षा साप्ताहिक, ०३६ साल असार १ गते

गाईजात्राका अवसरमा कार्टुनको विशेष सँगालो वा गाईजात्रा विशेष पनि प्रकाशित गर्ने गर्छन् । यद्यपि समयको बेगसँगै अहिले पहिलाको जस्तो गाईजात्रमा कार्टुनका पत्रिका निस्कन कम भएको छ ।

गाईजात्रे पत्रिकाका रूपमा कामना प्रकाशन समूहको 'कामना गाईजात्रा विशेष' अङ्कको पनि महत्त्वपूर्ण योगदान रहेको छ । अन्य पत्रिका केही समय प्रकाशनमा आएर बन्द भए पनि कामनाले भने आफ्नो प्रकाशनलाई निरन्तरता दिई आजसम्म प्रकाशन हुँदै आएको छ । यसका अतिरिक्त विभिन्न समयमा गाईजात्रालाई केन्द्रमा राखेर विभिन्न पत्रपत्रिका प्रकाशन भएका छन् । २०३५ सालमा रचना साहित्यिक पत्रिकाले गाईजात्रे अङ्क प्रकाशित गरेको थियो । त्यस्तै हातेमालो, मुस्कान जस्ता पत्रिकाले पनि गाईजात्राको सन्दर्भ पारेर कार्टुन विशेष प्रकाशन गरेका छन् । मधुपर्क जस्तो साहित्यिक पत्रिकाले पनि गाईजात्रा विशेष प्रकाशन गरेको थियो । यसै गरी सिद्धार्थ आर्ट ग्यालरीले पनि गाईजात्राको अवसरमा कार्टुन प्रदर्शनी गरिसकेको छ ।

यसबाहेक अन्य बेलामा र गाईजात्रालाई टेकेर विभिन्न प्रकाशन/प्रदर्शनी भएका छन् । २०३८ सालतिर पार्क आर्ट ग्यालरीमा पनि कार्टुन कलाको प्रदर्शनी भएको कुरा यहाँ स्मरणीय हुन जान्छ । हास्यव्यङ्ग्य समाज नेपाल (हासने) ले अन्तर्राष्ट्रिय व्यङ्ग्यचित्र प्रदर्शनी गरेको थियो । कुलमानसिंह भण्डारीले पनि विभिन्न स्थानमा राजनीतिक–सामाजिक चेतना पस्कने औजारका रूपमा कार्टुनलाई प्रयोग गर्दै प्रदर्शनी गरेका थिए ।

२०४६ सालमा नगेन्द्रप्रसाद पौड्याल, गोपाल कलाप्रेमी, राजु नेपाल, ज्ञानेश्वर उदय, देवप्रकाश त्रिपाठीलगायतका छ जना मिलेर भद्रगोल पत्रिका निकालेका थिए । अन्य प्रकाशनमा मिलनरत्न शाक्य, धर्मराज बराललगायतले पनि कार्टुनसम्बन्धी पुस्तक तथा पत्रिका प्रकाशन गरेको इतिहास छ ।

राजनीतिक व्यवस्थामा परिवर्तन भई नेपालमा प्रजातन्त्रको उदयसँगै धेरै पत्रपत्रिका प्रकाशनमा आए । यी पत्रपत्रिकाले नियमित रूपमा कार्टुन छाप्ने गरेकै छन् । गाईजात्राका अवसरमा कार्टुनको विशेष सँगालो वा गाईजात्रा विशेष पनि प्रकाशित गर्ने गर्छन् । यद्यपि समयको बेगसँगै अहिले पहिलाको जस्तो गाईजात्रमा कार्टुनका पत्रिका निस्कन कम भएको छ ।

अचेल प्रकाशनमा भन्दा प्रसारण र सामाजिक सञ्जालमा कार्टुनको व्यापकता बढी देखिन्छ । तैपनि नेपालमा कार्टुन र गाईजात्राको सम्बन्ध नङ र मासुकै जस्तो छ । ■

भाषा ज्ञान

जनाजा : जानकारी, सूचना
जनयिता : जन्म दिने पिता
जनमानु : व्यक्तिले खाने मानो
च्यालु : भेडा
च्योल्प : गुम्बामा चढाइएको व्यक्ति
दर्गा : परलोकको द्वार
दयिता : मन परेकी स्त्री, प्रेमिका
दमोल्ला : भूत जस्तो तर्साउने वस्तु
जनकजा : जनककी छोरी, सीता
जडमति : जड, वा मूर्ख
चिस्सु : आगोले डाम्नु, पोल्नु
घम्मर : बढी जोड, जिद्दी
उत्थ : उहाँसम्म
उच्छेली : कसुर, अपराध
आखु : मुसा, सुँगुर आदि प्राणी
आकलन : परिकल्पना, अनुमान, जम्मा गर्ने
अर्हणीय : पूजनीय, पुज्यवर
अमेध्य : बिस्टा, मुत
अभियोजन : ठूलो योजना बनाउने कार्य
अभिव्यञ्जक : मनको भाव वा विचार प्रकट गर्ने, प्रकाशित गर्ने

Blissful	आनन्दमय
Colossal	प्रचण्ड, विशाल
Doss	खाट, पलङ
Farewell	बिदाइ
Immense	धेरै ठूलो, अपरिमित
Merry	प्रसन्न, रमणीय
Possession	कब्जा, अधिकार
Procession	जुलुस, सवारी
Sinner	पापी, पातकी
Slavish	जस्ताको तस्तै, नीच
Sour	अमिलो, अप्रिय
Vermilion	सिन्दूर, रातो रङ
Apart	अलग, भिन्न
Either	दुईमध्ये एक, यो वा त्यो
Implication	निहितार्थ, तात्पर्य
Obligation	कर्तव्य, नैतिक
Pour	बगाउनु, धेरै वर्षा हुनु
Precisely	निश्चित रूपमा, विधिपूर्वक ।
Relatively	अपेक्षाकृत, पूर्णतया ।
Sigh	विलाप गर्नु, सास लिनु ।
Typical	ठेट, सूचक

Instead of using "VERY"

Very careful → cautious
Very weak → frail
Very frightening → terrifying
Very annoying → infuriating
Very colorful → vibrant
Very creative → innovative
Very busy → swamped
Very wet → soaked
Very short → brief
Very dry → arid
Very beautiful → gorgeous
Very boring → dull
Very fast → rapid
Very bad → awful

ब्रेन गेम

यस चित्रमा भएको बिरालो पत्ता लगाउनुहोस् ।




प्रश्न

एउटा टेबुलमा दुई गिलासका अगाडि दुई गिलास छन् । दुई गिलासका पछाडि दुई गिलास छन् तथा दुई गिलासको छेउमा दुई गिलास छन् । अब भन्नुस् टेबुलमा कति गिलास छन् ?

सोह्र मानिस मिलेर कुनै काम १० दिनमा सक्छन् भने भन्नुहोस् त्यही काम ८० दिनमा सकाउन कति मानिस चाहिएलान् ?

तीन अक्षरको मेरो नाम उल्टा सिधा एक समान ।

उत्तर यसै अङ्कमा





यस चित्रमा लुकेर रहेका चार जनावर पत्ता लगाउनुहोस् ।



यस चित्रमा लाटोकोसेरो कहाँ छ ?

ढुङ्गाको सेरोफेरोमा मानव सभ्यता

सभ्यताको क्रमिक यात्रामा मानवजातिले समयको सुदूर अतीतमा 'पाषाण युग' (ढुङ्गे युग) भएर गुज्रनुपर्‍यो। त्यस कालखण्डमा आधुनिक चिजबिजको कुनै सम्भावना नै थिएन। धातुको उत्पत्ति नभएको त्यस कालखण्डमा दैनिक जीवनमा प्रयोग हुने ज्यावल पनि ढुङ्गाकै हुन्थे। अनलाइन विश्वकोश ब्रिटानिकाका अनुसार तीन लाख ३० हजार वर्षअघि मानव पुर्खाले ढुङ्गाको ज्यावल प्रयोग गरेको प्रमाण फेला परेको छ। मानव जाति ढुङ्गासँगै खेल्दै हुर्कंदै अघि बढ्दै गयो।



■ यमबहादुर दुरा

लामो कालखण्डदेखि ढुङ्गासँगै खेल्दै हुर्कंदै आएका मानव-पुर्खाले समय क्रममा ढुङ्गाको अद्‌भुत संरचना पनि तयार पार्दै गए। ती संरचनाको रहस्य पत्ता लगाउन नसकेर मानव जातिका सन्तान-दरसन्तान चकित बन्दै आएका छन्। बेलायतमा रहेको स्टोनहेन्ज र मिश्र (इजिप्ट) को पिरामिडलाई मानव निर्मित आश्चर्यजन ढुङ्गे संरचनाको दृष्टान्त मान्न सकिन्छ। स्टोनहेन्ज पूरापूर ढुङ्गाबाट निर्मित संरचना हो भने पिरामिडचाहिँ अधिकतर ढुङ्गा प्रयोग भएको संरचना।

यी अद्‌भुत संरचना टनका टन गह्रौं ढुङ्गा सजाएर तयार पारिएका छन्। आधुनिक युगको क्रेन प्रयोग गर्दा समेत उचाल्न कठिन पर्ने विशाल ढुङ्गा सजाएर तयार पारिएका यी दुई भीमकाय संरचना निर्माण गर्दा अहिलेको जस्तो गह्रुङ्गा वस्तु ढुवानी गर्ने र त्यस्ता वस्तु उचाल्ने अत्याधुनिक प्रविधिको विकास भएको छनक कतै पनि पाइँदैन।



त्यस्तो अवस्थामा पनि दसौँ टन गह्रुङ्गा ढुङ्गाको अद्‌भुत संरचना कसरी तयार भए ? यसको रहस्योद्‌घाटन हालसम्म हुन सकेको छैन। यी संरचना कसरी तयार पारिए भन्ने तथ्य अझै पनि रहस्यकै गर्भमा रहे पनि यिनीहरू कति पुराना हुन् भन्ने चाहिँ पत्ता लागेको छ। हिस्ट्री वेबसाइटमा प्रकाशित लेखका अनुसार बेलायतस्थित स्टोनहेन्ज र मिश्रको पिरामिड क्रमशः पाँच हजार र चार हजार पाँच यस वर्ष पुराना मानिन्छन् ।

प्राचीनकालको ढुङ्गे संरचनाको चर्चा गर्दा मध्यअमेरिकी 'माया सभ्यता' को प्रतीक मानिने 'मेक्सिकन पिरामिड' हरूलाई रहस्यमय संरचना मान्ने गरिन्छ । ती भीमकाय पिरामिडमा वास्तुकला र इन्जिनियरिङको बेजोड नमुना भेटिन्छन् । यी पिरामिड इपू १००० देखि ४०० बनेको 'हिस्ट्री' वेबसाइटमा उल्लिखित छ। यी पिरामिडको रचनागर्भबारे धेरै कुरा खुल्न बाँकी छ ।

यसै गरी भारतको महाराष्ट्रमा पत्थरिलो पहाड काटेर तयार पारिएको अजन्ता गुफा रहस्यमय छ । युनेस्को वेबसाइटमा प्रकाशित सामग्रीका अनुसार यी ढुङ्गे गुफा दुई चरणमा बनेका थिए। पहिलो, ईपू दोस्रो शताब्दी । दोस्रो, इस्वीको पाँचौँ र छैटौँ शताब्दी । विश्व सम्पदा सूचीमा समेत परेका यी गुफाका भित्तामा हिन्दु, बौद्ध तथा जैन धर्मका अमूल्य कलाकृति भेटिन्छन्, जसमा कलाचेतना र धैर्यताको विशिष्ट दृष्टान्त भेटिन्छ ।

आधुनिक युगमा विज्ञान र प्रविधिको उच्चतम प्रगति देखेर मगनमस्त हुने हामी प्राचीनकालका निर्मित ती तमाम ढुङ्गे संरचनाको रचनागर्भ, वास्तुचेतना, वास्तुसिल्प, कलाचेतना, कल्पनशील, धैर्य र त्यसमा प्रयुक्त रैथाने प्रविधिमा निहित जादुमय शक्तिका अघिल्तिर नतमस्तक नभई सुखै छैन । यी ढुङ्गे संरचनाबारे विद्वान्‌हरूबीच अनेकन गहकिला चर्चा परिचर्चा भइरहेका छन् तर पनि यिनीहरूसँग जोडिएका रहस्यको पेटारो सजिलै खुल्ने छाँटकाँट अझै देखिँदैन ।

लोकजीवन र ढुङ्गा

मानव सभ्यतासँग युगीन साइनो जोडिएको ढुङ्गालाई लोकजीवनले कहाँ त्याग्न सक्छ र ? त्यसो त ढुङ्गा संसारकै पुरानो निर्माण सामग्री हो। आधुनिक निर्माण सामग्री ट्रक चढेर आउनुभन्दाअघि गाउँघरमा प्रमुख निर्माण सामग्री ढुङ्गा नै थियो। बाइसे चौबिसे शासनकालमा निर्मित असङ्ख्य किल्ला तथा गढीका मुख्य निर्माण सामग्री ढुङ्गा नै थिए। विगतमा मन्दिर, घरगोठ, चौतारी, ढाँटी पौवालगायत हर प्रकारका संरचनामा ढुङ्गा नै प्रमुख निर्माण सामग्री थिए ।

ग्रामीण जीवनका सबैजसो पाटो र पोयोहरूमा व्यापक किसिमले ढुङ्गाले साइनो गाँसेको हुन्छ। यसको पुस्ट्याइँका लागि अनेकन दृष्टान्त पेस गर्न सकिन्छ । मसला पिँध्ने सिलौटोसँग हामी सबै परिचित छौँ, जो ढुङ्गाबाट बनेको हुन्छ। ढिकी कुट्न प्रयोग हुने ओखल ढुङ्गबाटै बनेको हुन्छ । जाँतो पनि ढुङ्गबाटै बनेको तथ्य सर्वविदितै छ। अन्न पिस्ने पानीघट्ट ढुङ्गाबाटै बनेको हुन्छ । विगतमा कुखुरालाई पानी खुवाउन पनि ढुङ्गा खोपेर टोड्का तयार पारिन्थ्यो । त्यति मात्र कहाँ हो र ? सलाई र लाइटरको सहज पहुँच हुनुभन्दा अघि चकमक नामक एक प्रकारको पत्थर प्रयोग गरेर आगो पार्ने गरिन्थ्यो ।


ढुङ्गासँग मानवीय साइनो सतत र अनन्त छ । हिमाली क्षेत्रमा ढुङ्गामाथि

ढुङ्गा खप्ट्याएर शकुन निम्त्याउने चलन छ। कतिपय मन्दिरको मौलो ढुङ्गाबाटै बनेको हुन्छ। विगतमा मन्दिरमा घण्टा झुन्ड्याउने खम्बा र डाँडी पनि ढुङ्गाकै हुन्थे। गाउँघरका कतिपय घरमा ढुङ्गाकै तगारो हुन्छ, जुन अद्यापि भेटिन्छ। यसका अतिरिक्त हँसिया, बन्चरोजस्ता फलामे हतियार उध्याउनका लागि आँगनमा ढुङ्गा राखिन्थ्यो। यसबाट उखानै जन्मिएको छ, 'टाढाको आरनभन्दा नजिकको हँसिया उध्याउने ढुङ्गा जाती'।

ढुङ्गेधारा हाम्रो मौलिक पहिचान हो। यद्यपि आधुनिक विकासे धाराले ढुङ्गेधारालाई बिरानो तुल्याइदिएको छ। हिजोका दिनमा ती ढुङ्गेधारा भेटघाट र वार्तालापका लागि बेजोड किसिमका सार्वजनिक वृत्त बनेको थियो। ढुङ्गेधारामा पँधेर्नीलाई गाग्री बिसाउन सजिलो होस् भनी गग्रेटो निर्माण गरिन्थ्यो, जुन ढुङ्गाबाटै बनेका हुन्थे। गाउँका छोरीचेलीले आफ्ना कुर्कच्चालाई कुखुराको अन्डाजस्तै आकर्षक बनाउन पँधेराको ढुङ्गामा घोट्थे। कुर्कच्चा घोट्दा घोट्दा ढुङ्गामा खोपिल्टो बन्थ्यो।

विगतमा ढाक्रे जीवन र ढुङ्गाबीच गहिरो साइनो हुन्थ्यो। ढाकर बोकेर लामो यात्रामा निस्कँदा बाटोमा बास पर्ने गर्थ्यो। त्यो जुग बेग्लै थियो। होटलको कुनै सुविधा थिएन। ढाक्रेहरूले ढुङ्गा जोडेर अगेनो तयार पार्थे। ढुङ्गाको ओदानमा गुन्द्रुक-ढिडो पकाएर भोको पेट भर्थे। रुखोसुखो गास टिपेपछि राति ढुङ्गाकै सिरानी हालेर चौतारी वा ढाँटीमा मिठो निद्रामा आलिङ्गन हुन पुग्थे। ढाक्रेले ढुङ्गाको सिरानीमा रात बिताउँदा गाउँघरमा कतिपय गर्भवतीले ढुङ्गा खाने गर्थे।

हाम्रा पितापुर्खाले कसैको आर्थिक तथा प्राविधिक सहयोगबिनै गाउँबस्तीमा ढुङ्गा छापेर बनाएका सिँढीदार बाटो बनाए, जो विनाशकारी आधुनिक बाटोघाटोभन्दा कैयौँ गुणा वातावरणमैत्री र विशिष्ट थिए। पश्चिमा प्रविधि र धेरै रकम खर्चेर आयात गरिएका निर्माण सामग्रीको प्रयोगबिना निर्मित यस्ता सिँढीदार बाटोले हाम्रा अग्रजहरूका अविश्रान्त जोश-जाँगर कर्मप्रतिको समर्पणभावको कथा कहिरहेको छ। यससँगै त्यसले स्थानीय स्रोतसाधन र सिपको दरिलो किसिमले साक्षी पनि



बकिरहेको छ।

पुरानो समयमा ढुङ्गाखानीबाट निकालिएका सलखालो ढुङ्गाले छाएको घरमा बस्नु इज्जत प्रतिष्ठाको विषय हुन्थ्यो। ढुङ्गाले छाएको घर सम्पन्नता प्रतीक (स्ट्याटस सिम्बोल) बन्न पुग्थ्यो। बहुसङ्ख्यकले ढुङ्गाले घर छाउन सक्दैनथे। खरले छाएको घरमा बस्ने बहुसङ्ख्यक मानिसका अगाडि ढुङ्गाले घर छाएका परिवारको बेग्लै शान-सौकत रहन्थ्यो, जसबाट समाजमा नयाँ सम्भ्रान्त वर्ग उदाएको अनुभूति मिल्थ्यो। अचेल यसको नयाँ संस्करण देखा परेको छ। आधुनिक घरमा अनेकन प्रकारका स्लेट तथा मार्बल प्रयोग गर्ने प्रवृत्तिको ग्राफ निरन्तर उकालो लागिरहेको छ।

ढुङ्गामा खोपिएका अक्षर

लेखनकलाको विकास भएपछि अगणित पुस्तक लेखिए। कति थोत्रिएर गएर गए, कतिलाई धमिराले खाए भने कतिलाई त आगोको लप्काले खाए। यिनै विविध कारण पुस्तकको आयु तुलनात्मक रूपमा कम छ तर ढुङ्गामा खोपिएका अक्षर सबैभन्दा दीर्घजीवी अभिलेख ठहरिए। थुप्रै प्रतिकूल मौसम र घामपानी सहेर पनि ढुङ्गामा खोपिएका अक्षर लामो समयसम्म बाँच्न सके। त्यसैले शिलालेखलाई इतिहास



अभिलेखनको महत्त्वपूर्ण र प्रामाणिक स्रोत मानिँदै आएको छ ।

नेपाल विश्वको प्राचीनतम मुलुकमध्ये एक मानिन्छ । यद्यपि लिखित दस्तावेजको अभावमा नेपालको प्रामाणिक इतिहास उति सारो लामो छैन । लिच्छवि राजा मानदेवले चाँगुनाराण मन्दिरमा विसं ५२१ मा स्थापना गरेको शिलालेख नै नेपालको प्रामाणिक इतिहासको प्रस्थानबिन्दु मानिएको छ । मानदेवको शिलालेखभन्दा अघिको कालखण्डका धेरैजसो ऐतिहासिक प्रसङ्ग जनश्रुति र अड्कलबाजीमा आधारित छन् ।

विश्व परिदृश्यमा धेरथोर यही वास्तविकता देखिन्छ । मानव इतिहासमा बुद्धिमान् पुर्खाहरूले थुप्रै कानुन र संहिता तयार पारे होलान् तर हालसम्म जीवित पुरानो कानुनचाहिँ 'हमुराबी कोड' नै हो । बेबोलोनका राजा हमुराबी (ईपू १७९२–१७५०) ले ढुङ्गामा लेख्न लगाएको विश्वकै पहिलो र व्यवस्थित लिखित कानुन मानिएको छ । ब्रिटानिकाका अनुसारमा 'हमुराबी कोड' मा देवानी, फौजदारी एवं पारिवारिक कानुनका अतिरिक्त व्यापार र कर प्रणालीसँग सम्बन्धित कानुन समेटिएका छन् ।

रोजेटा स्टोन (Rosetta Stone) अर्को महत्त्वपूर्ण ढुङ्गे दस्तावेज हो । प्राचीन मिश्रका राजाको तर्फबाट ईपू १९६ मा जारी गरिएको राजाज्ञा हो । ब्रिटिस म्युजियमको वेबसाइटमा प्रकाशित लेखका अनुसार नेपोलियन बोनापार्टका सेनाले सन् १७९९ मा नाइल नदीको किनारमा अवस्थित रसिद सहरमा रोजेटा स्टोन फेला पारेका थिए ।

रोजेटा स्टोन कतिपय प्राचीन अभिलेख खोल्ने बाटो चापी बन्यो । हाइरोग्लिफ लिपिमा लेखिएको त्यो अभिलेख पढ्न जान्ने पुस्ता हराइसकेको थियो । सन् फ्रान्सेली भाषाशास्त्री जाँ फ्रास्वाँ स्यम्पोलियनले सन् १८२२ मा हाइरोग्लिफ लिपि पढ्न सफल भए । यसबाट हाइरोग्लिफ लिपिले पुनर्जीवन मात्र पाएन इतिहासका धेरै आयाम उद्घाटित हुन पुग्यो ।

यी तमाम दृष्टान्तका आधारमा ढुङ्गामा खोपिएका अक्षर वा शिलालेख दीर्घजीवी ऐतिहासिक अभिलेखका रूपमा दरिँदै आएको छ । डिजिटल युगले पनि खोपिएका अक्षरलाई कमजोर ठानेको पाइँदैन ।

स्थाननाम

हाम्रा गाउँबस्तीमा ढुङ्गासँग नाम जोडिएका थुप्रै स्थान छन् । जस्तो : ढुङ्गे अड्डा, ढुङ्गेधारा, चिप्लेढुङ्गा, च्यापु ढुङ्गा, ढुङ्गे साँघु, ठूलो ढुङ्गा, ढुङ्गा गाडे, नागढुङ्गा, कालो ढुङ्गा, मालढुङ्गा, अल्छीढुङ्गा, मान्द्रेढुङ्गा, पत्थरघट्ट, ढुङ्गेपानी, सिन्दुरे ढुङ्गा आदि । ढुङ्गे संस्कृतिसँग गाँसिएका यस्ता अजब गजबको नामले हाम्रो सांस्कृतिक इतिहास मात्र रचेको छैन भौगर्भिक परिवर्तनको पदचिह्न पनि छाडेका छन् ।

मीनादेखि मणिसम्म

स्थान नाम मात्र होइन व्यक्तिका नाम पनि ढुङ्गाबाट बनेको हुन्छ । हीरा, लाल, रत्न, पन्ना, माणिक्य, नीलम, मीना, मणि आदि शब्दले ढुङ्गाको परिष्कृत रूपलाई जनाउँछन् । ढुङ्गासँग जोडिएका यिनै शब्द व्यक्तिका नाम पनि हुन् । अरू संस्कृतिमा पनि ढुङ्गालाई प्रतिनिधित्व गर्ने नाम भेटिन्छन् । 'ममी इन्फम्ड' वेबसाइट (जुन २१, २०२१) मा प्रकाशित एक लेखका अनुसार अलैना (Alaina), जमा (Jemma) र नेल्का (Nelka) क्रमशः जर्मन, इटालेली र पोलिस भाषाका स्त्रीबोधक नाम हुन्, जसको अर्थ हुन्छ– ढुङ्गा वा पत्थर ।

लोक अभिव्यक्तिमा ढुङ्गा

लोक अभिव्यक्तिको एउटा महत्त्वपूर्ण पक्ष मानिने उखान टुक्कामा पनि ढुङ्गाको प्रसङ्ग नआई छाड्दैन । लोकबोलीमा ढुङ्गा एक प्रकारको स्वादिष्ट परिकारजस्तै बनेको छ । 'ढुङ्गा रातो, पेट तातो', 'वनको ढुङ्गा, वनकै



ढुङ्गे छापाखानालाई समयले राम्रैसँग पछि पारिसकेको वर्तमान घडीमा त्यो कुरा दन्त्यकथा जस्तै भएको छ ।

चरा', 'ढुङ्गाले हान्नेलाई फुलले हान्नू', 'ढुङ्गा टुसाउनु र उन्यूँ फुल्नु एउटै हो', 'ढुङ्गा खोज्दा देउता मिल्यो', 'ढुङ्गामाथिको तित्रो', 'चिन्नु न जान्नु ढुङ्गाले हान्नु', 'चुच्चे ढुङ्गो, उही टुङ्गो' जस्ता रसिला र अर्थपूर्ण उखान टुक्का जनजिब्रोमा झुन्डिएका छन् । जसबाट लोक अभिव्यक्ति चोटिलो र सरसपूर्ण बन्न पुगेको छ ।

लोकजीवनको ढुकढुकी मानिने लोकगीत प्राग्ऐतिहासिक कालदेखि नै नाता गाँसिएको ढुङ्गासँग कसरी टाढिन सक्थ्यो र ? ढुङ्गालाई विम्ब, उपमा र तथा अलङ्कारका रूपमा प्रस्तुत गरिएका मार्मिक अभिव्यक्ति लोककण्ठमा छताछुल्ल भेटिन्छन् । जस्तो : 'यो मनमा पीर अनि व्यथा छ, ढुङ्गाको मन हुनीलाई के था छ', 'मेरो माया छ भने बोल, शिला पत्थर ठोकेको मन खोल', 'ढुङ्गे बगर, माया छँदै छ हल्ला नगर', 'करिमै कस्तो हो कस्तो, ढुङ्गामाथि छरेको बिउजस्तो', 'जूनले पोल्ला ताराले पोल्दैन, ढुङ्गा बोल्ला यो मायाबोल्दैन' आदि ।

दुनियाँको विरोधाभास पनि गजबकै छ । मानव अभिव्यक्तिको कोमलतालाई ढुङ्गाजस्तो कठोर वस्तुले सशक्त र प्रभावकारी तुल्याएको छ । ढुङ्गासँग जोडिएका यस्ता गेयसम्पदाले मानवीय भावनाको कोमलता र मर्मलाई अझ बढी सुललित तुल्याएका छन् । यहीँनेर लोकप्रतिभा कृष्णसुधा ढुङ्गानाले कसैको कठोर मनलाई औँल्याउँदै रोइला भाकामा मार्मिक तवरले मनको बह पोखेका छन् :

ढुङ्गै रै'छ मन
पहरा भए रसाउँथ्यो
फूल भए बसाउँथ्यो

ढुङ्गा र जिजीविषा

ढुङ्गासम्बन्धी काम कतिपयका लागि पेसा बनेको छ । ढुङ्गाखानीमा काम गरेर लालाबालाका पेट भर्ने अभिभावक ढुङ्गो अर्थतन्त्रका इन्जिन हुन् । ढुङ्गाको संरचना तयार पार्न अभ्यस्त डकर्मी निर्माण कार्यका मेरुदण्ड हुन् । तराईमा ढुङ्गाबाट कलात्मक सिलौटो तथा लोहोरो बनाउने समुदाय छ, जो पत्थरकट्टा नामले परिचित छन् । ढुङ्गा कुँदेर सुन्दर मूर्ति बनाउने कलाकारहरूको जिजीविषा ढुङ्गाकर्ममै अडिएको छ । सिमेन्ट उद्योगको मुख्य कच्चा पदार्थ पनि ढुङ्गा नै हो । यसै गरी अनेकन प्रकारका स्लेट तथा मार्बल उत्पादन र बिक्री वितरण गर्ने कार्य 'निर्माण अर्थतन्त्र' को अपरिहार्य हिस्सा बन्न पुगेको छ ।

ढुङ्गे छापाखाना

नेपालमा छापाखानाको इतिहास खोतल्दा ढुङ्गाको प्रसङ्ग आउँछ । शिव रेग्मी र पी खरेलकृत पुस्तक 'नेपालमा आमसञ्चारको विकास' मा प्रथम राणा प्रधानमन्त्री जङ्गबहादुरले विसं १९०८ मा बेलायतबाट गिद्दे प्रेस ल्याउनुभन्दाअघि नेपालमा ढुङ्गे प्रेस अस्तित्वमा थियो भन्ने चर्चा छ (रेग्मी र खरेल, २०५८, पृ.४५) । यद्यपि त्यो ढुङ्गे प्रेस कहाँ थियो ? कुन समयमा स्थापना भएको थियो ? त्यसले कसरी काम गर्थ्यो ? यी प्रश्नको उत्तर कतै पनि भेटिँदैन । यसबारे खोजबिन हुन बाँकी नै छ । ढुङ्गे छापाखानालाई समयले राम्रैसँग पछि पारिसकेको वर्तमान घडीमा त्यो कुरा दन्त्यकथा जस्तै भएको छ ।



ढुङ्गा र खेल

ढुङ्गाले परम्परागत खेलमा आफ्नो निर्णायक भूमिका खेल्दै आएको छ । बाघचाल यसको एउटा मिठो दृष्टान्त हो । विगतमा गाईबस्तु चराउँदा वा फुर्सदको समयमा चौतारीको ढुङ्गामा कुँदिएका बाघचाल खेलका धर्सामा धेरैले कुशलतापूर्वक मनोरञ्जन लुट्थे । बाल्यकालमा दर्शन ढुङ्गा बटुलेर साथीसङ्गीसँग गट्टा खेलेको सम्झना धेरैको स्मृतिपटलबाट मेटिएको छैन होला । यसै गरी चिप्लेटी ढुङ्गामा सितिती खेलेको सम्झना कतिपय ग्रामीणजनको मनमा जीवितै होला ।

जिउँदो छउन्जेल स्याहार सुसार गरी सजाइएको स्थुल शरीर एक दिन ढुङ्गा माटोकै हिस्सा बन्ने हो । जीवन समापन भएपछि ढुङ्गाको छपनीमुनि चिरनिद्रामा पुग्छौँ । यो हाम्रो नियति नै हो । जुन हाम्रो पूर्वनिर्धारित भाग र भोग हो ।





विगतमा ढुङ्गाको छेलो हानेर गाउँघरका युवाले बल दाँज्थे । छेलो जित्ने युवा बलवान ठहरिन्थे । छेलो जित्नेलाई अबिरजात्रा गरेर उत्सव मनाइन्थो । यस्तो चलन अहिले पनि झिनो मात्रामा छ । आधुनिक कालमा लोकप्रिय बनेका 'रक क्लाइम्बिङ' र छाँगारोहण (canyoning) जस्ता गतिविधिको सिधा साइनो ढुङ्गासँगै जोडिएको छ ।

ढुङ्गाको देउता

हामी प्रकृतिपूजकहरू ढुङ्गा पनि देउता देख्छौँ । भनाइ नै छ 'ढुङ्गा खोज्दा देउता मिल्यो' । आस्तिकहरूले जहाँतहीँ देउता देख्छन् । त्यसमा पनि हाम्रो समाजले ढुङ्गामा देउताको छायाँ–छवि देख्छ । यही मान्यताको जगमा उभिएर हाम्रा पूर्वजले देउराली–भन्ज्याङहरूमा असङ्ख्य देवी–देउरालीको प्राण प्रतिष्ठा गरे, जसलाई आस्थाको पाती चढाएर श्रद्धापूर्वक पुज्ने गरिन्छ । मनोकामना पूरा होस् भनी ढुङ्गाको देउतासामु उभिएर शिर झुकाएर प्रार्थना गरिन्छ । हाम्रा लोकभाकामा 'देउरालीमा पाती चढाउँला' भनी भाकल गरिएका अभिव्यक्ति भेटिन्छन् ।

एउटा क्रूर वास्तविकता

जीवनको अन्तिम सत्यसँग पनि ढुङ्गाको साइनो छ । जीवनलीला सकिएपछि हाम्रो ज्यान ढुङ्गा माटोमै मिल्ने हो । जिउँदो छउन्जेल स्याहार सुसार गरी सजाइएको स्थुल शरीर एक दिन ढुङ्गा माटोकै हिस्सा बन्ने हो । जीवन समापन भएपछि ढुङ्गाको छपनीमुनि चिरनिद्रामा पुग्छौँ । यो हाम्रो नियति नै हो । जुन हाम्रो पूर्वनिर्धारित भाग र भोग हो । गीतै छ नि 'बाँचुन्जेल तेरो र मेरो, मरेपछि ढुङ्गैको चौघेरो' । लोककण्ठमा झुन्डिएको यस मर्मभेदी लोकगीतले मानव चोलाको अप्रिय र क्रूर वास्तविकतालाई प्रस्ट्याउँछ ।

बिसौनी

इतिहासको सुदूर कालखण्डमा ढुङ्गाको हतियार प्रयोग गर्ने मानवजाति डिजिटल युगमा आइपुगेको छ । समयले काँचुली फेरिसक्यो । हिजोको ढुङ्गे युगबाट धेरै अगाडि बढेर समयको यस उन्नत बिन्दुसम्म आइपुग्दा मानव जातिको ढुङ्गासँग नाता कायमै छ । हाम्रो इतिहास र जीवनशैलीसँग युगीन नाता गाँस्ने ढुङ्गासँग हाम्रो नाता अविचलित र अटुट छ । ■



> **खेल क्षेत्रसँग आबद्ध खेलाडी, पदाधिकारी तथा खेलप्रेमीलाई यो पुस्तकमार्फत लेखकले एक शताब्दीभन्दा बढी समयको नेपाली खेल परिदृश्यलाई सूक्ष्म ढङ्गले जानकारी उपलब्ध गराउन सफल भएका छन् ।**
>
> **– पी खरेल**

गणेशमान सिंहको भनाइले नेपालमा तोपको काम गऱ्यो । मस्कोमा ओलम्पिक खेलिरहेका नेपाली खेलाडीलाई यी विवादको विषयमा कुनै जानकारी थिएन । ओलम्पिक सम्पन्न भएर २२ साउनमा नेपाली खेलाडी देश फर्किंदा भारतको राजधानी नयाँ दिल्लीस्थित अन्तर्राष्ट्रिय विमानस्थलमा उत्रिएका थिए । त्यति बेला नेपाली खेलाडीलाई विमानस्थलमा देखेर सर्वसाधारण हाँसेका थिए । नेपाली बक्सर दिल्लीबाट काठमाडौँ उत्रिँदा भारतीय अखबारमा आएको समाचारलाई लिएर जुत्ताको माला लगाउनेसम्मको कुरा भइसकेको थियो । पृ : ११३

त्यो रात नेपाली प्रशिक्षक लक्ष्मणविक्रम शाह संयोगले बाँचेका थिए । वास्तवमा त्यो साँझ इजरायली टिममा सहभागी एजिक अल्दुवीको निम्तो मान्दै उनी रातको खाना सँगै खान इजरायली खेलाडी बसेको अपार्टमेन्टमा गएका थिए । पृ : ७८

शरदचन्द्र शाहा राखेप सदस्यसचिव नियुक्त हुनुअघि गृह मन्त्रालयले एउटा परिपत्र जारी गयो । जसमा उल्लेख थियो, राजीखुसी पैसा उठेको खण्डमा ५० हजार रुपियाँसम्म खेलकुदका लागि उठाउनू । पृ : १४७

यसै क्रममा प्रशिक्षक मधुलाई एउटा जुक्ति फुरेछ । उनले विदेशी प्रशिक्षकसामु नेपाली खेलाडीको परिचय गराउँदा भक्तबहादुरलाई जितबहादुर भन्दै परिचय गराए । यसको पनि रणनीतिक कारण थियो ।

म्याराथनको लामो दौड भए पनि भक्तबहादुर तीव्र गतिमा दौडिने गर्थे । त्यसैले मधुलाई लागे छ– जितबहादुर सम्भेर विदेशी खेलाडी भक्तबहादुरको पछाडि तीव्र गतिमा दौडिँदा उनीहरूको गति बिग्रिने छ र यसले जितबहादुरलाई पदक जित्न सहयोग पुग्ने छ । पृ : ९३

२०१३ सालमा राजा महेन्द्रको राज्याभिषेक हुँदा टुँडिखेलमा एथलेटिक्स प्रतियोगिता आयोजना भएको थियो । जसमा गङ्गाबहादुरले १० हजार मिटरतर्फको दौड जितेका थिए । खेल जिते पनि सेनामा बढुवा नपाएको भन्दै उनी २०१८ सालमा सेनाको जागिर छोडेर फर्पिङस्थित आफ्नै घरमा बस्दै आइरहेका थिए । पृ : ३४

वास्तवमा राजा त्रिभुवनको सक्रियताले त्यो सम्भव भएको हो । त्रिभुवनकै आग्रहमा भारतीय प्रधानमन्त्री नेहरूले आयोजक समितिसमक्ष नेपालको सहभागितालाई लिएर अनुरोध गरेका थिए । यही कारण अन्तिम समयमा नेपालको सहभागिता निश्चित भयो । अन्तर्राष्ट्रिय मिडियाहरूले कमजोर खेल संरचनाका कारण नेपालले भाग नलिने बताइरहेका थिए । अभ्र भारतीय अखबारले ११ सदस्य राष्ट्रमध्ये नेपाल मात्र सहभागी नहुन लागेको भनेर समाचार प्रकाशित गरेका थिए । पृ : १४ ■

राखेपको स्थापना ९ फागुन २०१६ सालमा तत्कालीन शिक्षामन्त्री परशुनारायण चौधरीको अध्यक्षतामा ११ सदस्यीय समिति गठन भएको थियो । राखेपका पहिलो सदस्यसचिव होराप्रसाद जोशी थिए । पृ : ३०

प्रतियोगिता खेल्न जानुअघि नेपाली टोलीसँग पैसा थिएन । त्यसैले टक्सार विभागबाट रातारात मोहर बनाउन लगाएर नेपाली खेलाडीलाई उपलब्ध गराइएको थियो । पृ : २०



पत्रकार चाँदनी हमालको युवामञ्चमा प्रकाशित 'हटेन बालविवाह' शीर्षकको लेखले युरोपियन युनियनद्वारा प्रदान गर्ने मानव अधिकार अवार्ड प्राप्त गरेको छ । गत जेठ महिनाको युवामञ्चमा यो लेख प्रकाशित भएको थियो, जुन लेखले हमाललाई युरोपियन युनियन इयु ह्युम्यान राइट्स् जर्नालिस्ट अवार्ड-२०२३ दिलाएको छ ।

पुरस्कारका लागि चयन भएकी हमालले एक साता ब्रसेल्स भ्रमण र तालिमको अवसर प्राप्त गरेकी छन् ।

चाँदनी हमाल ......

प्रतिस्पर्धाका क्रममा जुरीले मेरो आलेख मन पराएर मलाई छनोट गरेको खबर साउन १२ गते इयुको नेपालस्थित कार्यालयबाट थाहा पाएँ । "तपाईंले जनगणनाको तथ्यलाई निकै राम्रोसँग यथार्थ घटनासँग जोडेर विश्लेषण गर्नुभएको जुरीहरूले खुब मन पराए," इयुका सञ्चार संयोजक अमर मैनालीले भनेका थिए ।

युरोप भ्रमणसहितको सो अवार्डका लागि उत्कृष्ट तीनभित्र पर्दाको खुसीले परीक्षा दिन जाँदै गरेको पनि एक छिन् बिर्सिए छु । पहिले त पत्यार लागेन तर पहिल्यै मलाई भएको 'गड फिलिङ' ले हो भन्ने महसुस गरेँ । एउटा पत्रकारले आफ्नो सक्रिय पत्रकारिता जीवनमा कैयौँ समाचार लेख्छ तर एकाधले मात्र यस्तो सफलताको स्वाद चखाउँछ । त्यसको भागिदार हुन पाएकोमा पुलकित बनेँ । उमेश सर अनि युवामञ्च परिवारलाई त्यहीबेला एक्लै धन्यवाद भनेँ । यो खबर मेरा लागि मात्र हैन युवामञ्च र समग्र गोरखापत्र संस्थानकै लागि गर्वको विषय पनि थियो । अनि स्मरण गरेँ त्यो आलेख लेख्दाका पल ।

वैशाख महिनामा हो, युवामञ्चबाट उमेश सरको फोन आयो । "फुर्सद हो चाँदनी," उहाँले भन्नुभयो । म कार्यालयमै भएको जानकारी गराएँ । अरु बेला जस्तै उहाँले युवामञ्चमा आउनु भन्नुभयो । युवामञ्चको कार्यालय पुगेँ । "जनगणनामा नेपालमा बालविवाहको अवस्था पनि देखाएको छ, त्यसको राम्रो स्टोरी हुन सक्छ खोज्नुस्," उहाँले भन्नुभयो । त्यो बेला मैले करिब चार वटा जति जनगणनाका समाचार गोरखापत्र दैनिकका लागि लेखिसकेको थिएँ । बालविवाहको हेक्का थिएन । सरसर्ती हेर्दा जनगणनाको मूल सारांशमा बालविवाहको तथ्य उल्लेख थिएन । त्यसैले पनि मेरो नजरमा परेन । मैले "हुन्छ सर हेर्छु के रहेछ राम्रो डाटा भेटेँ भने लेख्छु," भनेर फर्किए ।

आफ्नो कम्प्युटरमा बसेर तथ्याङ्क केलाउन थालेँ । राम्रा तथ्य फेला परेपछि त्यसलाई वास्तविकतासँग जोड्न देशका विभिन्न भेगको वस्तुस्थितिसँग तुलना गरेर लेख तयार पारेँ । तत्कालीन अवस्थामा फेला पर्न सक्ने फोटोको खोजी पनि गरेँ । तथ्य दिक्क लाग्दो नहोस् भनेर ध्यान दिँदै चार्टको प्रयोग पनि गरेँ । जेठ अङ्कमा कभर स्टोरी भएर छापियो । ■



अनलाइन ठगीको पासो

अनलाइनबाटै वित्तीय सुविधा उपलब्ध हुँदा यसले कारोबारको परम्परागत तरिका त बदलिदिएको छ नै नयाँ किसिमका जोखिम पनि लिएर आएको छ ।



■ विश्वास रेग्मी

घटना–१

फेसबुकमार्फत बनेको केटी साथीको अनुमतिबिना मोबाइल फोन लिएर उनको मोबाइल बैङ्किङ तथा खातामा पहुँच पुऱ्याई विभिन्न ईसेवा तथा खल्ती वालेटमा रकम ट्रान्सफर गरी अनलाइनमार्फत ठगी गर्ने कार्यमा संलग्न भएको आरोपमा प्रहरीले सप्तरीको बोदेबरसाइन नगरपालिका–१४ स्थायी घर भई काठमाडौँको सुन्धारामा बस्ने २३ वर्षीय धर्मेन्द्रकुमार साहलाई गत जेठ १८ गते पक्राउ गरेको थियो ।

अनलाइनबाटै वित्तीय सुविधा उपलब्ध हुँदा यसले कारोबारको परम्परागत तरिका त बदलिदिएको छ नै नयाँ किसिमका जोखिम पनि लिएर आएको छ। प्रयोगकर्तामा अनलाइन कारोबारको अज्ञानतालाई दुरुपयोग गर्दै फसाउने प्रवृत्ति पछिल्लो समय झन् फस्टाएको छ। उल्लेखित उदाहरण डिजिटल माध्यमबाट बढ्दै गइरहेको जोखिम प्रवृत्तिका प्रतिनिधि घटना मात्र हुन्।

बैङ्क तथा वित्तीय संस्थाले डिजिटल माध्यमबाट सेवा प्रवाहलाई जोड दिइरहेको छ तर त्यसका कमजोरी पत्ता लगाएर ठगी गर्ने प्रवृत्ति मौलाउन थालेको छ। योजनासहित समूह नै बनाएर ठगी गर्ने प्रवृत्ति झन् चुनौतीपूर्ण बन्दै गएको छ। यसमा नेपाली मात्र नभएर छिमेकी देशका नागरिकको संलग्नतासमेत रहेको प्रहरीको पछिल्ला अनुसन्धान र कारबाहीले पनि पुष्टि गर्दछ।

सोझा व्यक्तिलाई थप धन आर्जनको लोभ देखाएर उनीहरूको वित्तीय विवरणसम्म पहुँच पुर्‍याउने अथवा बैङ्क खातालाई दुरुपयोग गर्ने नियतसाथ यस्ता गिरोहले काम गर्ने पाइएको प्रहरीको निष्कर्ष छ।



बढ्दै छ डिजिटल कारोबार

इन्टरनेट र स्मार्टफोनको पहुँच बढेसँगै अनलाइनबाटै कारोबार गर्ने प्रवृत्ति बढिरहेको छ। यस्तै प्रवृत्तिलाई ध्यानमा राखेर बैङ्क तथा वित्तीय संस्था र भुक्तानी सेवा प्रदायकले पनि अनलाइन (डिजिटल) कारोबारलाई प्राथमिकता दिइरहेका छन्। दैनन्दिन अनेक किसिमका कारोबार जस्तै रिचार्ज, पानी तथा बिजुलीको बिल भुक्तानी, सिनेमा तथा मनोरञ्जनात्मक कार्यक्रमको टिकट खरिद, बिमाको किस्ता भुक्तानी, विद्यालयको शुल्क भुक्तानीलगायत दर्जनौँ कारोबार अहिले अनलाइनबाट सजिलै गर्न सकिने भएको छ।

यसबाहेक ग्राहक आकर्षित गर्न खासगरी भुक्तानी सेवा प्रदायकले नयाँ किसिमका कारोबारलाई थप्ने होडबाजी पनि जारी छ। अनलाइनमा कारोबारमा देखिएको यस्तो प्रविधिले नयाँ प्रविधि भित्र्याउन पनि सहयोग पुगेकै छ। क्युआरमार्फत हुने भुक्तानी यसको उदाहरण हो।

सहर तथा सहरोन्मुख क्षेत्रमा क्युआरको प्रयोग व्यापक रूपमा बढेको छ। रेस्टुराँदेखि सिनेमा हल, किराना पसलदेखि पेट्रोल पम्पसम्म कारोबारका लागि नगद बोकेर जानुपर्ने बाध्यता क्युआरको प्रयोगले विस्तारै अन्त्य गर्दै छ। यसबाहेक व्यक्तिगत तथा संस्थागत रूपमा सरकारलाई तिर्नुपर्ने राजस्व पनि अनलाइनबाटै भुक्तानी गर्न सक्ने

घटना–२

ई–सेवा र खल्ती वालेटमा हुने कारोबार तथा रकम ट्रान्सफर गर्ने कार्य सिकाइदिने भनी फरक व्यक्तिको फोटो राखी ई–सेवा र खल्ती वालेट खोली पीडितलाई विभिन्न किसिमले झुक्याई पीडितकै मोबाइल फोन लिएर बैङ्क खाता तथा मोबाइल बैङ्किङमा पहुँच पुर्‍याई अन्यत्र रकम ट्रान्सफर गरी ठगी गर्ने कार्यमा संलग्न भएको आरोपमा प्रहरीले दोलखाको कालिञ्चोक गाउँपालिका वडा नम्बर ७ स्थायी घर भई काठमाडौँको कागेश्वरी मनहरा वडा नं ६, मूलपानी बस्ने २२ वर्षीय अरुण शिवाकोटीलाई गत जेठ २३ गते पक्राउ गरेको थियो।

घटना–३

विभिन्न बैङ्कको आधिकारिक कर्मचारी हुँ भन्दै बैङ्क खातासहित वालेट आइडी लिङ्कअप, खाता नवीकरण, केवाइसी फाराम अपडेट, स्टेटमेन्ट भेरिफाइ, सेक्योर, ट्रान्सफर चार्ज नलाग्ने, राम्रो बोनस प्राप्त हुने जस्ता कार्य गरिदिने भनी पीडितकै बैङ्क खातालगायत ओटिपी कोडसमेत लिएर खातामा पहुँच पुर्‍याई ११ लाख १२ हजार ८४० रुपियाँ ठगी गरेको आरोपमा मोरङको धनपालथान गाउँपालिका वडा नं. १ घर भएका २१ वर्षीय महमद मोजाहिद मिया गत असार २६ गते पक्राउ परेका थिए।

विगत तीन वर्षको अनलाइन कारोबारको अवस्था

कारोबारको किसिम	आव २०७७/७८	आव २०७८/७९	आव २०७९/८०(११ महिनासम्मको)
इन्टरनेट बैङ्किङ	रु. १ खर्ब १७ अर्ब	रु. २ खर्ब ७७ अर्ब	रु. १ खर्ब ९४ अर्ब
मोबाइल बैङ्किङ	रु. ४ खर्ब ७८ अर्ब	रु. १६ खर्ब ८८ अर्ब	रु. २४ खर्ब ६६ अर्ब
वालेट भुक्तानी	रु. १ खर्ब २४ अर्ब	रु. ३ खर्ब ८ अर्ब	रु. २ खर्ब ६३ अर्ब
क्युआर भुक्तानी	रु. २० अर्ब २८ करोड	रु. १ खर्ब २ अर्ब	रु. २ खर्ब ५९ अर्ब

कुरा पनि सामान्य बनिसकेको छ। विगतमा एक बैङ्कको चेक क्लियरेन्सका लागि एक दिन लाग्नेमा अब एउटा बैङ्कबाट अर्को बैङ्कमा भनेको समयमै अनलाइनबाट रकम ट्रान्सफर गर्न सम्भव भएको छ। यीलगायत अनेकौँ सुविधा तथा सहजताका कारण डिजिटल कारोबार स्थापित हुँदै गएको छ।

सचेतनाको अभावले बढ्दै छ ठगी

अनलाइनमार्फत हुने वित्तीय अपराध बढ्नुमा मुख्य गरी प्रयोगकर्तामा सचेतनाकै अभाव देखिएको छ। बैङ्क तथा वित्तीय संस्था अथवा भुक्तानी सेवा प्रदायकको प्राविधिक कमजोरीभन्दा अनलाइनबाट वित्तीय कारोबार गर्दा अपनाउनुपर्ने सामान्य शतर्कता पनि पालना नगर्दा यस किसिमका ठगी मौलाउँदै गएको पाइन्छ।

डिजिटल कारोबारको आरम्भिक चरणमा यस किसिमका ठगी प्रायः सबैतिर देखिने गरेको नेपाल बैङ्कर्स एसोसिएसनका अध्यक्ष सुनिल केसी बताउँछन्। वास्तवमा वित्तीय ठगीको केन्द्रमा पुग्दा प्रयोगकर्ताको असावधानी र अज्ञानता नै प्रमुख कारण देखिएको छ।

सानिमा बैङ्कको डिजिटल बैङ्किङ प्रमुखसमेत रहेका नेपाल इन्टरनेट फाउन्डेसनका अध्यक्ष विक्रम श्रेष्ठ पनि प्रयोगकर्तामा वित्तीय साक्षरताको अभावले गर्दा यस किसिमका ठगी र अपराध बढ्दै गएको बताउँछन्।



डिजिटल ठगीबाट बच्ने उपाय

डिजिटल ठगीबाट बच्न सबैभन्दा मुख्य भूमिका प्रयोगकर्ताकै हुन्छ। आफूले प्रयोग गरिरहेको मोबाइल अथवा इन्टरनेट बैङ्किङ सुरक्षित प्रयोग गर्ने र त्यससम्बन्धी जानकारी कसैलाई पनि नदिएमा यस किसिमको ठगीबाट बच्न सकिन्छ। डिजिटल ठगीबाट बच्ने अन्य उपाय निम्न छन् :

- आफ्नो नाममा रहेको सिमकार्ड अथवा मोबाइल फोन नम्बरबाट मात्र मोबाइल बैङ्किङ प्रयोग गर्ने।
- प्रयोग गरिरहेको मोबाइल फोन हराएमा, चोरी भएमा अथवा नम्बर परिवर्तन भएमा सम्बन्धित बैङ्क था वित्तीय संस्था, भुक्तानी सेवा प्रदायकलाई तुरुन्तै जानकारी गराउने।
- आधिकारिक वेबसाइट र एप्लिकेसन मात्र प्रयोग गर्ने।
- मोबाइल फोनमा प्राप्त हुने वन टाइम पासवर्ड (ओटिपी) कसैलाई पनि सेयर नगर्ने, नबताउने।

डिजिटल साक्षरता अभियानमा जोड

गुरुप्रसाद पौडेल
कार्यकारी निर्देशक, नेपाल राष्ट्र बैङ्क



पछिल्लो समय डिजिटल कारोबारमा व्यापक वृद्धि देखिएको छ । अहिले हामी विस्तारै डिजिटल कारोबारको दुनियाँमा अघि बढ्दै छौँ । यस क्रममा सुरक्षित हुँदाहुँदै पनि ठगी गर्नेहरू त्यसबाट फाइदा लिन सक्ने बाटो खोजिरहेका हुन्छन् । त्यसै क्रममा यस किसिमका घटना हुन्छन् तर जसरी डिजिटल कारोबार बढेको छ, त्यही अनुपातमा ठगी अथवा अपराध बढेको छ भन्ने कुरा म मान्दिनँ । यद्यपि सुरक्षित कारोबारको आवश्यकता भने पक्कै छ । त्यसका लागि कारोबार नै सुरक्षित रूपमा गर्न ओटिपी तथा युजर नेम र पासवर्ड सेयर नगर्ने जस्ता काम गर्नु पर्छ । राष्ट्र बैङ्क आफैँले पनि र बैङ्कहरूलाई पनि डिजिटल साक्षरता बढाउने अभियान अघि बढाइरहेको छ ।

टेलिफोनको रिङटोन, एसएमएस अथवा सार्वजनिक सन्देशमार्फत यस किसिमका अभियानका कार्यक्रम भइरहेको छ । घटना भइहालेको सन्दर्भमा सम्बन्धित संस्थाले यस्ता गुनासा सुन्नु पर्छ भनेर गुनासो सुनुवाइलाई प्रभावकारी बनाउने व्यवस्था मिलाउन निर्देशन दिएका छौँ । त्यहाँबाट त्यो भएन भने त्यसको गुनासो राष्ट्र बैङ्कमा गर्न सक्ने प्रबन्ध गरिएको छ । त्यसो गर्दा पनि भएन भने हामीसँग साइबर ब्युरो छ । त्यहाँ गएर यसको गुनासो गर्न सकिन्छ ।

- आफ्नो बैङ्क खाता, जन्ममिति, नागरिकता, स्थायी लेखा नम्बर, राष्ट्रिय परिचयपत्रको नम्बर तथा विवरण कसैले माग्दैमा नदिने ।
- सकेसम्म सामाजिक सञ्जाल तथा अनलाइनबाट आफूसँग सम्बन्धित विवरण आदान प्रदान नगर्ने ।
- च्याट गरेकै भरमा कसैलाई पनि आर्थिक सहयोग अथवा लेनदेन नगर्ने । एक पटक फोनमा कुराकानी गरेर अथवा भेटेर मात्र त्यसबारे सुनिश्चित गरी कारोबार गर्ने ।
- चिट्ठा परेको अथवा कसैले सम्पत्ति दान गर्न चाहेको जस्ता म्यासेज देखेकै भरमा त्यहाँ उपलब्ध लिङ्कमा प्रवेश नगर्ने । बैङ्क खाता विवरण उपलब्ध नगराउने । याद राख्नुहोस् कसैले पनि तपाईंलाई सहजै रकम दिँदैन ।
- अपरिचितसँग सकेसम्म सामाजिक सञ्जालमा कुराकानी नै नगर्ने । शङ्कास्पद देखिएमा नजिकको प्रहरी कार्यालयलाई खबर गर्ने ।
- डिजिटल ठगीबाट बच्ने उपायका बारेमा घरपरिवार, छरछिमेक अथवा टोलमा पनि जानकारी दिने ।

यस किसिमको अपराध नियन्त्रणका लागि आवश्यक पर्याप्त नीतिगत व्यवस्थाको अभावमा पनि ठगी मौलाएको उनको बुझाइ छ ।

त्यसो त प्रहरीकहाँ परेका उजुरीमा यससँग सम्बन्धित मुद्दाको अध्ययन गर्दा पनि धेरैमा प्रयोगकर्ताकै कमजोरी मुख्य देखिन्छ । कारोबारसँग सम्बन्धित विवरण सजिलै अरूलाई दिने, लोभ प्रलोभनमा परेर जुनसुकै लिङ्क खोल्ने र त्यहाँ भने अनुसार गर्ने, सुरक्षाका सामान्य उपाय पनि प्रयोग नगर्ने जस्ता प्रवृत्तिले ठगीलाई मलजल भइरहेको देखिन्छ ।

नेपाल प्रहरीको साइबर ब्युरो प्रमुख नविन्द अर्याल पनि प्रयोगकर्ताले

कारोबारको सुरक्षाका न्यूनतम उपाय प्रयोग नगर्दा समस्या बर्सेनि बढ्ने गरेको जानकारी दिन्छन् ।

जरुरी वित्तीय साक्षरता

डिजिटल कारोबारमा बढ्दो ठगी तथा अपराध कम गर्न वित्तीय साक्षरतामा सरोकारवाला सबैको जोड छ । डिजिटल कारोबारको सही प्रयोग र त्यस क्रममा उत्पन्न हुन सक्ने जोखिमबाट बच्न वित्तीय साक्षरताको अभियान नै चलाउनुपर्नेमा सबैको एकमत छ । यस्तै आवश्यकतालाई महसुस गर्दै नेपाल राष्ट्र बैङ्कले वित्तीय साक्षरता अभियान सञ्चालन गरेको थियो ।

डिजिटल कारोबार झन् झन् बढिरहेको सन्दर्भमा यस्तो अभियान निरन्तर भइरहनु आवश्यक छ । राष्ट्र बैङ्कले पछिल्लो समय यसलाई सम्बोधन गर्न समय समयमा वित्तीय साक्षरतासम्बन्धी सन्देश तथा सूचना प्रवाह गरिरहेको जानकारी दिन्छन् कार्यकारी निर्देशक गुरुप्रसाद पौडेल । यस्तो अभियानलाई थप विस्तार गर्ने र गुनासो व्यवस्थापनको प्रावधानलाई थप चुस्त बनाउने गरी काम भइरहेको उनको भनाइ छ ।



सरोकारवालाको भूमिका आवश्यक छ



सुनिल केसी
अध्यक्ष, नेपाल बैङ्कर्स एसोसिएसन

डिजिटलाइजेसनको आरम्भिक चरणमा यस किसिमका ठगी देखिन्छन् । सचेतनाको अभावले गर्दा यस्तो हुने गर्छ । यसका लागि सचेतना जगाउनु नै जरुरी छ । बैङ्कहरूले र एसोसिएसनले पनि अहिले वित्तीय साक्षरताका काम गरिरहेको छ । मुख्य कुरा चाहिँ प्रयोगकर्ताले आफ्नो सुरक्षाका लागि आफैँ काम गर्नुपर्ने हुन्छ । सिस्टम र सुरक्षाको फिचर कम भएर भन्दा पनि प्रयोगकर्ताको अज्ञानता नै यसमा प्रमुख कारण देखिन्छ । अहिले बैङ्कहरूले चौबिसै घण्टा निरीक्षण गर्न सक्ने, भएको 'बग' लाई पत्ता लगाएर काम अघि बढाउन थालिसकेका छन् । सफ्टवेयर र त्यसको टिम नै राखेर काम भइरहेको छ ।

प्रयोगकर्ताको हकमा सचेतना बढाउने काम पनि भइरहेको छ । सबै सरोकारवालाको यसको भूमिका आवश्यक पर्छ । अबको भविष्य भनेको डिजिटल कारोबार नै हो । सचेतना बढाउँदै जाँदा यस किसिमको ठगी पनि घट्दै जान सक्छ ।

९२ लाखसम्म ठगी गरेको देखियो

नविन्द अर्याल
प्रमुख, साइबर ब्युरो, नेपाल प्रहरी

पछिल्लो समय अनलाइनबाट हुने वित्तीय ठगीका नयाँ प्रवृत्ति देखिन थालेका छन्। उदाहरणका लागि अनलाइनबाट बोनस पठाएको भनेर मोबाइल फोनमा आएको पिनकोड माग्ने, एसएमएससमार्फत चिट्ठा परेको भनेर बैङ्क विवरण माग्ने, कोही मान्छेको मृत्यु भयो, सम्पत्तिमा लगानी गर्न रकम पठाउन लगाउनेजस्ता घटना देखिएका छन्। सामाजिक सञ्जालमा सामान राखेर केही पैसा माग्ने र पछि सम्पर्कविहीन हुने घटना पनि सुरु भएका छन्।

समग्रमा यस्तो प्रवृत्ति बढ्दो छ। मान्छेभन्दा मेसिनलाई धेरै विश्वास गरेपछि यस्तो अवस्था आएको हो। ९३ लाख रुपियाँसम्म यसरी विश्वास गरेर रकम पठाएको देखिन्छ। यसको मुख्य कारण भनेको प्रलोभन नै हो। अर्को कुरा त्यो आधिकारिक हो वा होइन भनेर जाँच नै नगर्दा पनि यस्तो भएको हो। यस्ता घटना बढेपछि नेपाल प्रहरीले समुदाय प्रहरी साझेदारी कार्यक्रममार्फत सबै स्थानीय तहसँग समझदारी गरेको छ। त्यस्तै २९ हजार विद्यालय कलेजमा विभिन्न कार्यक्रम पनि गरिरहेका छौँ।

जोखिमबाट बचाउन बजेट छुट्याउनै पर्छ

विक्रम श्रेष्ठ
अध्यक्ष, इन्टरनेट फाउन्डेसन नेपाल

वित्तीय अपराध बढ्नुको मुख्य कारण आर्थिक फाइदा नै हो। प्रयास गरी हेरौँ अथवा व्यक्तिगत जीवनलाई क्षति पुऱ्याउने भन्ने सोचाइका कारण पनि यस्तो बढेको पाइन्छ।

मुख्य रूपमा वित्तीय साक्षरताको अभावले गर्दा यो किसिमको समस्या आएको देखिन्छ। हाम्रो साइबर सुरक्षा नीति नहुँदा पनि कहीँकतै यो बढेको हो कि भन्ने अनुमान गर्न सकिन्छ। यो सबै समस्या समाधानका लागि सबैभन्दा पहिले सचेतना बढाउने नै हो। यसका लागि बैङ्कहरूले लगानी पनि बढाउनु पर्छ।

अर्को मुख्य कुरा प्रयोगकर्ता नै सचेत हुनु पर्छ। नेपाल राष्ट्र बैङ्कले पनि बैङ्कहरूलाई यस्ता जोखिमबाट बचाउन निश्चित बजेट छुट्याउनै पर्ने छ। ■

विश्वको सबैभन्दा ठूलो देश हो रूस । यो कुरा प्रायः सबैलाई थाहा छ । पूर्वमा उत्तर र दक्षिण कोरियाबाट पश्चिममा युरोपसम्म फैलिएको रूसको एक छेउमा सूर्य उदाउँदा अर्को क्षेत्रमा अस्ताइरहेको हुन्छ । विश्वमा एकै पटक सूर्य उदाउने र अस्ताउने रूस नै एक मात्र देश हो । रूसमा २४ मध्ये ११ ‘टाइम जोन’ छन् । यसै कारणले रूसको पूर्वमा बिहान ७ बजे मानिस ब्युँझदा पश्चिममा मानिस रातिको खाना खाने तयारीमा हुन्छन् ।

विश्वमा धेरै ‘टाइम जोन’ हुने देश चाहिँ रूस होइन । रूसको दाँजोमा फ्रान्स धेरै सानो भए पनि फ्रान्सले बढी ‘टाइम जोन’ प्रयोग गरिरहेको छ ।



– युवामञ्च



महेश पौड्याल

लेखक तथा अङ्ग्रेजी साहित्यका अध्यापक महेश पौड्याल आफू युवाकालमा रवीन्द्रनाथ ठाकुर र ओस्कार वाइल्डको लेखनशैली र विषय छनोटबाट ज्यादै प्रभावित भएको बताउँछन् । भन्छन्, "ठाकुरको आख्यान र कविताका लागि अति सूक्ष्म र अरुले ध्यान नपुऱ्याएका विषय टिप्ने शैली र वाइल्डको सरल, प्राञ्जल र जादुमय भाषाको प्रयोगबाट म ज्यादै प्रभावित छु ।"

भाषालाई प्रभावशाली र चिन्तनलाई उन्नत बनाउनका लागि पढ्नुको विकल्प छैन भन्ने उनको ठम्याइँ छ । पौड्याल आफैं पनि पढाइले नै उनलाई साहित्यकार बनाएको बताउँछन् । विद्यार्थीकाल भारतको मणिपुरमा बिताएका पौड्याल आफ्नो विद्यार्थी जीवनका सुरुवाती दिनदेखि नै किताबको सामीप्यमा हुर्के । उनका बाल्यकालीन प्रभावमध्ये सबैभन्दा माथि रवीन्द्रनाथ ठाकुरकै किताब छन् । उनी भन्छन्, "मेरो विद्यार्थीकालीन मस्तिष्कमा सबैभन्दा गहिरो प्रभाव रवीन्द्रनाथ ठाकुरकै पऱ्यो । उनका सिर्जनाका बालपात्रमा म आफूलाई पाउँथें । तिनका अभिव्यक्ति मेरैजस्ता लाग्थे । पछि पछि ओस्कार वाइल्ड र आन्तोन चेखभको लेखनले पनि सम्मोहित हुन पुगें ।"


आफूले नेपाली साहित्य भने निकै पछि पढ्न थालेको बताउँछन् । स्कुलमा छँदा कहिल्यै नेपाली पढ्न लेख्न नपाएका उनी स्वअध्ययनले नै आफूमा नेपाली भाषा लेखनका लागि आत्मविश्वास पलाएको स्वीकार गर्छन् । उनी बिपी कोइराला, भवानी भिक्षु, कृष्ण धरावासी र बुद्धिसागरको आख्यान तथा देवकोटा, माधव घिमिरे र भूपिका कविताबाट सम्मोहित भएको बताउँछन् ।

मणिपुर विश्वविद्यालयबाट अङ्ग्रेजी साहित्यमा स्वर्ण पदकसहित स्नातक तह उत्तीर्ण गरेका पौड्यालले त्रिभुवन विश्वविद्यालयबाट पनि स्नातकोत्तर तहमा स्वर्ण पदक प्राप्त गरे । फेरि पोखरा विश्वविद्यालयमा दर्शनाचार्य तहमा विश्वविद्यालयमै शीर्षस्थ स्थान प्राप्त गरे । हाल उनी उपप्राध्यापकका रुपमा केन्द्रीय अङ्ग्रेजी विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरमा कार्यरत छन् ।

पौड्यालका बालसाहित्यतिर एक दर्जनजति पुस्तक छन् भने स्कुले विद्यार्थीका लागि उनका दुई शृङ्खला पुस्तक छन् । प्रौढ पाठकका लागि उनका 'तादी किनारको गीत' उपन्यास, कथाहरु 'त्यसपछि फुलेन गोदावरी' र 'अपरिचित अनुहार' तथा कवितासङ्ग्रह 'शून्य प्रहरको साक्षी' सामेल छन् । अनुवादकका रुपमा उनका उल्लेख्य कार्यमा बङ्लादेशका राष्ट्रपति शेख मुजिबुर रहमानको 'अधुरो संस्मरण', बिपी कोइरालाको डायरी, नेपाली कलासाहित्य डटकम प्रतिष्ठानद्वारा प्रकाशित १५१ कविका कविताको सँगालो 'सगरमाथाको नृत्यमग्न आत्मा', कृष्ण धरावासीको उपन्यास 'राधा', अनेसासद्वारा प्रकाशित उत्कृष्ट २० नेपाली कथाको अनुवाद तथा खेमलाल हरिकला प्रतिष्ठानद्वारा प्रकाशित पच्चिस प्रतिनिधि नेपाली कथाको अनुवाद प्रमुख हुन् ।


आफूलाई ज्यादै प्रभावित पारेका पाँच पुस्तकमा उनको छनोट यस्तो :

ए टेल अफ टु सिटिज




बेलायती आख्यानकार चार्ल्स डिकेन्सको यस उपन्यासले फ्रान्सेली क्रान्तिका दिनमा लन्डन र पेरिसको अवस्थालाई केन्द्रीय विषय बनाएको छ। आवरणमा यसको विषय युद्ध भए पनि उपन्यासले युद्धबीच मानवीय सम्बन्ध कसरी आहत हुन्छ र त्यसलाई कसरी त्याग र सद्भावले बचाउन सकिन्छ भनेर दर्साएका छन्। ज्यादै प्रभावशाली भाषा र बुनोटमा उभिएको यो उपन्यासमा एक वा अर्को पक्षको मान्छे हुँदाहुँदै पनि एउटा लेखक कत्तिको तटस्थ बस्न सक्छ भन्ने देखाएका छन्।

द कलेक्टेड स्टोरिज अफ मन्तो




सन् १०४७ मा भारत वर्ष भारत र पाकिस्तान गरी दुई देशमा विभाजित भयो। विभाजित हुँदा भूगोल मात्रै विभाजित भएन। परिवार, आस्था, सम्बन्ध र विश्वास पनि विभाजित भए। यसरी विभाजनमा परेका र परिवारजनसँगै छुट्टिनु परेका कथा–व्यथा सादतहसन मन्तोको यस कथासङ्ग्रहमा समेटिएका छन्। भारत वा पाकिस्तानको पक्ष नलिई, विशुद्ध आममान्छेको आँखामा लेखिएका यी कथा लेखकीय तटस्थताका मानक सिर्जना हुन्।

इन्वार्ड फ्लावरिङ



शिक्षा दार्शनिक जे कृष्णमूर्तिको यो किताब वास्तवमा उनको एक भाषणको लेख्य रूप हो। किताब ज्यादै सानो छ तर यसले मान्छेले आन्तरिक रूपमा आफूलाई र आफ्नो खुसीको स्रोतलाई पहिचान गर्ने सूत्र बताएको छ। यस पुस्तकको गहन अध्ययन गर्ने हो भने मान्छेको बानीबेहोरा र जीवनलाई हेर्ने दृष्टिकोण नै परिवर्तन हुन सक्छ।

माई एक्सपेरिमेन्टस् विथ ट्रुँथ



यो महात्मा गान्धीको आत्मवृत्तान्त हो। जीवनका विविध आयामको सम्झना त छ नै, यस पुस्तकमा जीवनी लेखनमा मान्छे कतिसम्म इमानदार हुन सक्छ र आफूलाई कतिसम्म नढाँटी खोल्न सक्छ भन्ने कुरा पढ्न पाइन्छ। अति सामान्यबाट असामान्य व्यक्तित्वको निर्मितितामा चाहिने त्याग, संयम र समर्पणको शिक्षा यस पुस्तकबाट पाइन्छ।

राधा



कृष्ण धरावासीको यस उपन्यासका दुई वटा ज्यादै रोचक पक्ष छन्। यसले को सही, को गलत भन्ने कुरा सापेक्षित कुरा हो र त्यसलाई मान्छेको परिस्थितिको विश्लेषण गरेर मात्रै ठम्याउन सकिन्छ भन्ने दार्शनिक तर्क बोकेको छ। अर्को एउटै मान्छे कसरी हरेक उमेर समूह, वर्ग र तप्काका विविध भूमिकामा जम्न सक्छ तथा लोकप्रिय पनि हुन सक्छ भन्ने दृष्टान्त प्रस्तुत गरेको छ। विमिथीकरण र विनिर्माणको अनुपम उदाहरण पनि हो यो उपन्यास। ■

प्रस्तुति : तुलसीहरि कोइराला

परमाणु बमका जनक ओपनहाइमर



परमाणु बम विस्फोटको कम्पन एक सय ६० किलोमिटर टाढासम्म महसुस गरियो ।



■ रतन भण्डारी

परमाणु बमका जनक मानिएका जुलिएस रवर्ट ओपनहाइमरको जीवनमाथि लेखिएको पुस्तक 'अमेरिकन प्रोमेथियस' लाई आधार बनाएर निर्देशक क्रिस्टोफर नोलनले निर्माण गरेको 'ओपनहाइमर' हलिउड चलचित्र यतिबेला चर्चामा छ । जुन चलचित्र हाल विश्वभरका सिनेमा हलमा प्रदर्शन भइरहेको छ ।

आखिर को थिए ओपनहाइमर ?, के थियो उनको कथा ?, कसरी बनाएका थिए उनले विनाशकारी 'न्युक्लिएर बम' ?, उनी नायक थिए या खलनायक ?

सन् १९४५, जुलाई १६ बिहान साढे ५ बजे अमेरिकाको न्यु–मेक्सिकोको अलमोगोराडो मरुभूमिमा एक बम विस्फोट हुन्छ । जुन विस्फोट कुनै साधारण बमको विस्फोट थिएन । विश्व इतिहासमा पहिलो पटक एक परमाणु बम परीक्षण गरिएको थियो । उक्त बम परीक्षणको नाम थियो ट्रिनिटी । जुन प्रोजेक्टलाई ओपनहाइमरले नेतृत्व गरेका थिए ।

बम विस्फोट क्षमता देखेर ओपनहाइमर चेत खाएका थिए । किनभने उनले उक्त परमाणु बम विस्फोटको क्षमता ०.३ किलोटन टिएनटी अनुमान गरेका थिए तर विस्फोट क्षमता पूर्वानुमानभन्दा ५० गुणा बढी थियो । परमाणु बम विस्फोटको कम्पन एक सय ६० किलोमिटर टाढासम्म महसुस गरियो । विस्फोटबाट निस्केको च्याउ आकारको बादल आकाशमा १२ किलोमिटर माथिसम्म पुगेको थियो ।

त्यो सबै देखिरहेका ओपनहाइमर छक्क मात्रै परेनन् उनको मुखबाट एकाएक "नाउ आई एम विकम डेथ, द डिस्ट्रोयर अफ वल्डर्स्" भन्ने वाक्यांश निस्क्यो, जुन भागवत गीताको श्लोकको भाव थियो । गीतामा भनिएको छ :

'कालोऽस्मि लोकक्षयकृत्प्रवृद्धोलोकान्समाहर्तुमिह प्रवृत्तः' अर्थात् "म लोकको नाश गर्नेवाला महाकाल हूँ ।"

सन् १९०४ अप्रिल २२ मा न्युयोर्कको प्रिन्सटनमा

एक जर्मन यहुदी परिवारमा जन्मेका ओपनहाइमर बाल्यकालदेखि तीक्ष्ण बुद्धिका थिए। १० वर्षको उमेरमै उनले रसायनशास्त्र र भौतिकशास्त्रको अध्ययन थाले। उनलाई मिनरोलोजीमा विशेष रुचि थियो। सोही कारण उनलाई न्युयोर्कको मिनरोलोजिकल क्लबले प्रवचनका लागि बोलाएको थियो।

सन् १९२२ हार्वर्ड विश्वविद्यालयमा भर्ना भएका ओपनहाइमरले चार वर्षे डिग्री तीन वर्षमै पूरा गरे। उनी आफ्नो कक्षामा प्रथम विद्यार्थी थिए। रसायनशास्त्र उनको रुचिको विषय थियो। भौतिकशास्त्र, साहित्य, दर्शन र पूर्वीय धर्मको अध्ययनमा समेत उनी उत्तिकै चाख राख्थे। पछि उनले आफ्नो अध्ययनको विषय भौतिकशास्त्र बनाए र सन् १९२७ मा जर्मनीको गोटिङ्गेन विश्वविद्यालयबाट २३ वर्षकै उमेरमा भौतिकशास्त्रमा विद्यावारिधि (पिचएडी) गरे।

ओपनहाइमरको प्रतिभाको पछाडि अँध्यारो पक्ष पनि थियो। ओपनहाइमरका साथीहरूका अनुसार उनी आत्मविनाशकारी प्रवृत्तिका थिए। उनी चुरोट अम्मली र डिप्रेसनका रोगी थिए। उनी आफ्ना भाइलाई भन्ने गर्थे, "म साथीहरूभन्दा बढी भौतिकशास्त्र चाहन्छु।" उनी अति अध्ययनशील थिए। अध्ययनमा व्यस्त रहँदा उनलाई बाँकी विश्वबारे थाहा हुन्नथ्यो।

सन् १९३० को दशकको पूर्वार्धमा जर्मनीमा हिटलरको उदय भएपछि ओपनहाइमरमा राजनीतिक चस्का पस्यो। हिटलरको तानाशाही शासनका कारण जर्मनीका धेरै वैज्ञानिकले देश छोडे र अमेरिका पलायन भए। त्यसरी अमेरिका पलायन हुने जर्मन वैज्ञानिकहरूमा ओपनहाइमरसहित अल्बर्ट आइन्सटाइन, जोन भोन न्युयमन (आधुनिक कम्प्युटरका आविष्कारक), लिओ सिलार्ड, हान्स बेथे, एडवर्ड टेलर (हाइड्रोजन बमका पिता), एनरिको फर्मीको नाम उल्लेख गर्न सकिन्छ। यी सबै जर्मन वैज्ञानिक यहुदी थिए।

हिटलरले यहुदीविरुद्ध नरसंहार मच्चाएपछि ओपनहाइमरमा राजनीतिप्रति अभिरुचि अरू बढ्न गयो। सन् १९३६ उनले एक पटक भनेका थिए "म बुझ्न थालेँ राजनीति र आर्थिक परिघटनाले कति गहिरोसँग जनताको जीवनमा असर पार्छ। मलाई महसुस भइसक्यो मैले पनि यस समुदायमा सहभागी हुनु पर्छ।" त्यसपछि ओपनहाइमर वाम विचारधाराबाट प्रभावित भए। त्यस क्रममा उनी कैयौँ राजनीतिक



हिटलरको तानाशाही शासनका कारण जर्मनीका धेरै वैज्ञानिकले देश छोडे र अमेरिका पलायन भए।





सभामा सहभागी भएका थिए। मजदुर र किसानको सङ्गठनलाई उनले चन्दासमेत दिए।

सन् १९३९ सेप्टेम्बर १ मा हिटलरले पोल्यान्डमाथि आक्रमण गरेपछि दोस्रो विश्वयुद्ध सुरु भयो। आरम्भिक दिनमा अमेरिका दोस्रो विश्वयुद्धमा सहभागी थिएन। तैपनि अमेरिका सम्भावित युद्धको आशङ्काले भित्री तयारीमा जुटेको थियो। दोस्रो विश्वयुद्धको बादल मडारिन थाल्दा सन् १९३९ अगस्तमा अल्बर्ट आइन्सटाइन र लियो सिलार्डले अमेरिकाका राष्ट्रपति फ्रान्कलिन डी. रुजवेल्टलाई एक संयुक्त पत्र लेखे। पत्रमा हिटलर परमाणु हतियार बनाउने प्रयासमा लागेको कुरा उल्लेख गर्दै अमेरिकाले पनि परमाणु हतियार निर्माणका लागि तयार रहनुपर्ने उल्लेख गरिएको थियो। उक्त पत्र पढ्नेबित्तिकै राष्ट्रपति रुजवेल्टले एक सल्लाहकार समिति गठन गर्दै तत्काल काम अघि बढाए। त्यसका लागि वैज्ञानिक र सैनिक अधिकारीहरूको समिति गठन गरियो। समितिलाई युरेनियमको सम्भाव्यतामाथि अनुसन्धान गर्न कार्यदिश दिइएको थियो।

युरेनियमलाई हतियारमा परिणत गर्न सकिन्छ कि सकिन्न भन्नेमा अनुसन्धान केन्द्रित गरियो। अमेरिकी सरकारले 'न्युक्लियर चेन रियाक्सन' आखिर कसरी काम गर्छ भन्ने सम्बन्धमा थप अध्ययनका लागि वैज्ञानिकद्वय एनरिको फर्मी र लिओ सिजार्डलाई आर्थिक सहायता उपलब्ध गरायो।

प्राकृतिक रूपमा पाइने अत्यन्त दुर्लभ युरेनियममा युरेनियम-२३८ आइसोटोप हुन्छ। एक प्रतिशतभन्दा कम युरेनियममा-२३५ आइसोटोप पाइने गर्छ। यही युरेनियम-२३५ आइसोटोप हुने युरेनियम मात्रै परमाणु बम निर्माणमा प्रयोग गर्न सकिन्छ। त्यसैले वैज्ञानिकहरू परमाणु बम निर्माणका लागि आवश्यक युरेनियम-२३५ प्रशोधन गर्ने विधि विकास गर्नमा लागे तर यस प्रोजेक्टमा संलग्न अमेरिकी वैज्ञानिकहरूलाई बम निर्माण बारे अल्बर्ट आइन्सटाइनलाई केही नभन्न निर्देशन दिइयो। अमेरिकी सरकार आइन्सटाइनलाई वामपन्थी विचार निकट ठान्थ्यो र उनलाई सम्भाव्य सुरक्षा चुनौतीका रूपमा लिन्थ्यो।

अमेरिकी सरकार आइन्सटाइनलाई वामपन्थी विचार निकट ठान्थ्यो र उनलाई सम्भाव्य सुरक्षा चुनौतीका रूपमा लिन्थ्यो।

त्यतिबेला ओपनहाइमर भने एडवर्ड टेलर र अरू वैज्ञानिकसँग मिलेर परमाणु विखण्डन प्रक्रियाको सम्बन्धमा छुट्टै अध्ययनमा थिए। पछि सन् १९४० डिसेम्बरमा युरेनियम-२३५ आइसोटोपका साथै प्लुटोनियम रेडियोधर्मी तत्त्व पत्ता लगाइयो। वैज्ञानिकहरूले प्लुटोनियमलाई समेत परमाणु बम

बनाउन प्रयोग गर्न सकिने ठहर गरे । त्यसपछि सन् १९४१ अक्टोबर ११ मा अमेरिकाका राष्ट्रपति रुजवेल्टले बेलायती प्रधानमन्त्री विन्स्टन एस. चर्चिललाई परमाणु हतियार विकासका लागि दुवै देश मिलेर अघि बढ्नुपर्ने सन्देश पठाए । त्यसको दुई महिना नबित्दै अर्थात् सन् १९४१ डिसेम्बर ७ मा जर्मनीको युद्ध साझेदार जापानले अमेरिकाको पर्ल हार्वरमाथि आक्रमण गर्‍यो । अनि अमेरिकाले औपचारिक रूपमा दोस्रो विश्वयुद्धमा होमिएको घोषणा गर्‍यो ।

अमेरिकाका राष्ट्रपतिले जापानविरुद्ध युद्धको घोषणा गरे । यतिबेलासम्म अमेरिकाको परमाणु बम बनाउने वैज्ञानिक अभियान सैनिक अभियानमा परिणत भइसकेको थियो । त्यसपछि अमेरिकाले परमाणु बम निर्माण प्रोजेक्टका लागि २.२ अर्ब अमेरिकी डलर छुट्यायो । जुन रकम अहिलेको समयमा २४ अर्ब डलर पर्न आउँछ ।

त्यतिबेला अमेरिकी सेनाको एउटा इन्जिनियरिङ विभाग थियो, जसलाई आर्मी कर्प्स अफ इन्जिनियरर्स भनिन्थ्यो । यसले सैनिकहरूका लागि विमानस्थल र बन्दरगाह निर्माण गर्थ्यो । सन् १९४२ मा राष्ट्रपति रुजवेल्टले परमाणु बम निर्माणमा उक्त सैन्य विभागको सहभागितालाई अनुमोदन गरे । यस सैन्य विभागको उत्तरी एट्लान्टिक डिभिजन कार्यालय न्युयोर्कको म्यानहटनमा थियो । परमाणु बम बनाउने जिम्मेवारी पाएपछि उक्त सैन्य विभागले आफ्नो प्रधान कार्यालय रहेकै भवनको १८ औँ तलाबाट काम अगाडि बढायो । त्यसपछि प्रधान कार्यालयलाई नाम दिइयो 'म्यानहटन इन्जिनियरिङ डिस्ट्रिक' । अनि परमाणु बमको आधिकारिक निर्माण कार्य सुरु भयो 'म्यानहटन प्रोजेक्ट' अन्तर्गत । मिति थियो सन् १९४२ अगस्त १३ । सन् १९४२ सेप्टेम्बर १७ मा अमेरिकी सैन्य अधिकारी लेस्ली रिचर्ड ग्रोभ्सलाई प्रोजेक्ट प्रमुखको जिम्मेवारी दिइयो । त्यसपछि ग्रोभ्सले ओपनहाइमरलाई परमाणु बमको डिजाइनर प्रमुखका रूपमा नियुक्त गर्ने निर्णय गरे । उक्त प्रोजेक्टलाई गोप्य राख्न टेनेसी स्टेटको ओक रेजलाई स्थान चयन गरियो । त्यसैले ओक रेज द सिक्रेट सिटीका नामले समेत चिनिन्छ ।

उक्त सहर म्यानहटन प्रोजेक्ट अर्थात् परमाणु बम निर्माणका लागि बसाइएको थियो । त्यसपछि हजारौँ वैज्ञानिक र अनुसन्धानकर्तालाई उक्त सहरमा सारियो । उनीहरूको काम केवल युरेनियम-२३८ लाई प्रशोधन गरी युरेनियम-२३५ बनाउने थियो । यसो किनभने युरेनियम-२३८ को विखण्डन धेरै हुँदैन, त्यसैले यसबाट ठूलो चेन रियाक्सन नहुने हुँदा घातक बम बनाउन सकिँदैन । त्यसैले बम निर्माणका लागि युरेनियम-२३५ नै आवश्यक थियो ।

योजना अनुसार ग्यासेज डिफ्युजन, सेन्ट्रिफ्युज, इलेक्ट्रोम्याग्नेटिक सेप्रेसन र लिक्विड थर्मल डिफ्युजन गरी चार वटा विधि अपनाएर युरेनियम-२३८

प्रोजेक्टलाई गोप्य राख्न टेनेसी स्टेटको ओक रेजलाई स्थान चयन गरियो । त्यसैले ओक रेज द सिक्रेट सिटीका नामले समेत चिनिन्छ ।



बाट युरेनियम–२३५ बनाउने कोसिस गरियो। यस प्रयासमा डिफ्युजन, सेन्ट्रिफ्युज र इलेक्ट्रोम्याग्नेटिक सेप्रेसन विधि सफल देखिए।

यसका साथै अमेरिकाको पश्चिमी राज्य वासिङ्टनमा समेत प्लुटोनियम उत्पादन गर्ने काम समेत भइरहेको थियो। त्यस अनुसन्धानले प्लुटोनियम युरेनियम–२३५ भन्दा बढी रेडियाधर्मी र विखण्डनकारी हुने पत्ता लाग्यो। बम निर्माणका लागि टेनेसी र वासिङ्टनबाहेक अन्य स्थानमा बमको डिजाइन र निर्माण कार्य अघि बढाइयो। जसलाई 'प्रोजेक्ट वाई' नाम दिइएको थियो। सबै योजना गोप्य रहोस् भन्ने उद्देश्यले जनरल ग्रोभ्स यसका लागि बस्तीबाट निकै टाढाका क्षेत्र रोज्न चाहन्थे। ओपनहाइमर एक त्यस्तो ठाउँका बारेमा परिचित थिए, जहाँ उनले गर्मीयामको केही समय बिताएका थिए। त्यो ठाउँ थियो न्युमेक्सिको राज्यको 'पेकोस उपत्यका'।

यी सबै क्षेत्रको छनोटपछि एउटै काम बाँकी थियो, प्रयोगात्मक रूपमा 'न्युक्लियरको चेन रियाक्सन' परीक्षण गर्नु। किनभने त्यतिबेलासम्म परमाणु बम सम्बन्धमा सबै काम सैद्धान्तिक रूपमा मात्रै भएको थियो। परमाणु बमको परिकल्पना यथार्थमा सम्भव छ या छैन भन्ने प्रमाणित गर्नु बाँकी थियो। यसै सिलसिलामा अमेरिकाको युनिभर्सिटी अफ सिकागोको स्क्वास कोर्टमा सन्



जनरल ग्रोभ्स ओपनहाइमरको क्षमताबाट निकै प्रभावित भइसकेका थिए। ग्रोभ्स ओपनहाइमरलाई 'प्रोजेक्ट वाई' को निर्देशक बनाउन चाहन्थे तर अमेरिकी सेनाका केही उच्च अधिकारीहरू ओपनहाइमरमाथि शङ्का गर्थे।





प्लुटोनियमको थोरै उत्पादनका कारण त्यसलाई परीक्षण गर्न नसकिने भनाइ ग्रोभ्सको थियो तर ओपनहामरले बम परीक्षणमै बढी जोड दिए ।

१९४२ डिसेम्बर २ मा वैज्ञानिक एनरिको फर्मी छुट्टै खालको एक 'चेन रियाक्सन' चलाएर एउटा बल्ब बाल्न सफल भए । यसरी फर्मीद्वारा पहिलो पटक 'चेन रियाक्सन' को सफलतापूर्वक परीक्षण गरिएको थियो ।


यतिबेलासम्म जनरल ग्रोभ्स ओपनहाइमरको क्षमताबाट निकै प्रभावित भइसकेका थिए। ग्रोभ्स ओपनहाइमरलाई 'प्रोजेक्ट वाई' को निर्देशक बनाउन चाहन्थे तर अमेरिकी सेनाका केही उच्च अधिकारीहरू ओपनहाइमरमाथि शङ्का गर्थे। अमेरिकीहरूको यस्तै शङ्का अल्बर्ट आइन्सटाइनमाथि पनि थियो। ओपनहाइमर, उनकी श्रीमती, भाइ र नजिकका साथी कट्टर कम्युनिस्ट थिए। यस्तो पृष्ठभूमिको वास्ता नगरी जनरल ग्रोभ्सले ओपनहाइमरलाई नै समर्थन गरे । ओपनहाइमरबिना उक्त प्रोजेक्ट सफल नहुने ग्रोभ्सको ठम्याइँ थियो। त्यसपछि सन् १९४३ जुलाई २३ मा ओपनहाइमरलाई उक्त प्रोजेक्टको प्रमुखको जिम्मेवारी सुम्पियो। परमाणु बम बनाउन रेडियोधर्मी इन्धनको 'क्रिटिकल मास क्याल्कुलेसन' मा ओपनहाइमरलाई महारत हासिल थियो। 'क्रिटिकल मास' युरेनियम-२३५ तथा प्लुटोनियमको त्यो न्यूनतम द्रव्यमान हो जो 'चेन रियाक्सन' का लागि आवश्यक हुन्छ ।

त्यतिबेला युरेनियम-२३५ बारे केही जानकारी थियो तर प्लुटोनियम-२३९ सन् १९४० मा मात्रै पत्ता लागेको थियो। सोही कारण अमेरिकाले त्यति बेला दुई वटा परमाणु बम बनायो। पहिलो 'लिटिल ब्वाय' जो युरेनियम-२३५ मा आधारित थियो। जुन बमलाई बन्दुक आकारमा डिजाइन गरियो। दोस्रो बम थियो प्लुटोनियम-२३९ बाट निर्मित 'फ्याट म्यान'। 'फ्याट म्यान' को डिजाइनमा समस्या आएको थियो। 'फ्याट म्यान' लाई बन्दुक आकारको डिजाइन दिन सकिएको थिएन । त्यसैले ओपनहाइमर 'इम्लोजन मेथड' लाई परीक्षण गर्न चाहन्थे तर जनरल ग्रोभ्स ओपनहाइमरको



नागासाकी संहारमा पछुतो महसुस गरेका ओपनहाइमर भविष्यमा अरू देशले यस प्रविधिलाई कसरी प्रयोग गर्लान् भन्नेमा चिन्तित बने ।





विचारमा सहमत थिएनन् । प्लुटोनियमको थोरै उत्पादनका कारण त्यसलाई परीक्षण गर्न नसकिने भनाइ ग्रोभ्सको थियो तर ओपनहामरले बम परीक्षणमै बढी जोड दिए ।

अन्ततः ग्रोभ्स ओपनहाइमरको भनाइमा सहमत भए । त्यसपछि गरिएको थियो 'ट्रिनिटी टेस्ट' न्युमेक्सिसकोको अलमोगोराडो मरुभूमिमा । त्यहाँ परीक्षणका लागि परमाणु बम विस्फोट गराइयो, जसलाई 'ग्याजेट' नाम दिइएको थियो । त्यसमा १३ पाउन्ड प्लुटोनियम थियो । बम विस्फोट परीक्षणका लागि एक फलामे टावरको सहयोगमा उक्त ग्याजेटलाई सय फिट माथि झुल्याइयो । अनि सन् १९४५ जुलाई १६ मा बिहान ५:३० बजे उक्त बमलाई विस्फोट गराइयो । उक्त बम अनुमान गरेभन्दा कैयौँ गुणा बढी शक्तिशाली देखियो । बम विस्फोटपछि बम झुल्याइएको फलामे टावर वाफमा परिणत भएको थियो । उक्त दृश्य देखेपछि हो ओपनहाइमरको मुखबाट भागवत गीताको श्लोक निस्केको ।

ओपनहाइमर संस्कृत पनि जान्दथे । उनले भागवत गीतासमेत अध्ययन गरेका थिए । उनी गीतालाई आफ्नो जीवनमा सबैभन्दा बढी प्रभाव पार्ने ग्रन्थका रूपमा लिन्थे । 'ट्रिनिटी' परीक्षणको एक महिना पनि बितेको थिएन सन् १९४५ अगस्त ६ मा अमेरिकाले 'लिटिल ब्वाय' बमलाई जापानको हिरोसिमामा खसाल्यो । उक्त बमले एक लाख ४० हजार मानिसको ज्यान लियो । त्यसको तेस्रो दिनपछि सन् १९४५ अगस्टमा ९ मा अमेरिकाले जापानकै नागासाकी सहरमा 'फ्याट म्यान' बम खसाल्यो । जसले ४० हजार बढी मानिसको ज्यान लिएको थियो ।

हिरोसिमा र नागासाकी नरसंहारको समाचार सुन्नेबित्तिकै अल्बर्ट आइन्सटाइनले आफूलाई धिक्कारेका थिए । उनले भनेका थिए, "वोइ इक मी" अर्थात् "मलाई धिक्कार छ" । ओपनहाइमरले भने हिरोसिमामा खसालिएको बमबारे खुसी प्रकट गरेका थिए तर नागासाकीमा बम खसाल्दा भने ओपनहाइमर चिन्तामा डुबे । त्यसपछि ओपनहाइमर सन् १९४५ अगस्त १७ मा सेक्रेटरी अफ वारलाई भेट्न वासिङ्टन डिसी पुगे । आफूद्वारा लिखित चिट्ठी आफ्नै हातबाट सेक्रेटरी अफ वारलाई दिए र न्युक्लियर हतियारमाथि प्रतिबन्ध लगाइनु पर्छ भने । नागासाकी नरसंहारमा ठूलो पछुतो मनाउ गरे । यद्यपि हिरोसिमामा खसालिएको बमलाई भने ओपनहाइमरले एक आवश्यक अनिष्ट दिए । नागासाकी संहारमा पछुतो महसुस गरेका ओपनहाइमर भविष्यमा अरू देशले यस प्रविधिलाई कसरी प्रयोग गर्लान् भन्नेमा चिन्तित बने ।

अमेरिकाका राष्ट्रपति रुजवेल्टको निधनपछि ह्यारी ट्रुम्यान अमेरिकाका राष्ट्रपति भए । नागासाकी संहारको दुई महिनापछि ओपनहाइमर राष्ट्रपति ट्रुम्यानलाई भेट्न पुगे । उक्त भेटमा राष्ट्रपति ट्रुम्यानलाई ओपनहाइमरले "आई ह्याभ ब्लड अन





माई ह्यान्डस्" अर्थात् "मेरा हात रगतले लतपत्तिएका छन्" भनेर प्रतिक्रिया दिए। त्यो सुनेर राष्ट्रपति ट्रुम्यान उनीसँग रिसाए। आफ्ना सचिवलाई ओपनहाइमरलाई बाहिर निकाल्न आदेश दिए। ओपनहाइमरको अनुहार कहिल्यै देख्न नचाहेको बताए उनले।

त्यसपछि पनि ओपनहाइमर अमेरिकी न्युक्लियर इनर्जी कमिसन (परमाणु ऊर्जा आयोग) मा आबद्ध भए र थप परमाणु आक्रमण रोक्ने प्रयत्न गरे, उनी परमाणु हतियार निर्माणमा नियन्त्रण चाहन्थे। सन् १९४९ मा राष्ट्रपति ट्रुम्यानले अर्को हाइड्रोजन बन बनाउन न्युक्लिएर कमिसनसमक्ष प्रस्ताव राख्दा ओपनहाइमरले उक्त प्रस्ताव अस्वीकार गरेका थिए। ओपनहाइमरको असन्तुष्टि भए पनि अमेरिकाले हाइड्रोजन बम बनाई छाड्यो। उक्त बमलाई सन् १९५२ परीक्षण गरियो। जुन बम निर्माणमा एडवर्ड टेलरको मुख्य भूमिका थियो। त्यसैले टेलरलाई 'फादर अफ हाइड्रोजन बम' भनिन्छ।

आज विश्वका नौ मुलुक रुस, अमेरिका, चीन, फ्रान्स, बेलायत, पाकिस्तान, भारत, इजरायल र उत्तर कोरियासँग परमाणु हतियार छ।



परमाणु बम निर्माणमा रोक लगाउनुपर्ने माग र कम्युनिस्ट विचारधारा बोकेका कारण ओपनहाइमरलाई पछि जागिरबाट निकालियो। त्यसपछिको बाँकी जीवन उनले प्राज्ञिक काममा लगाए। विभिन्न मुलुकमा गएर प्रवचन दिए। उनलाई तीन पटकसम्म नोबेल पुरस्कारका लागि प्रस्ताव गरिए पनि पुरस्कार भने दिइएन। अन्ततः सन् १९६७ फ्रेब्रुअरी १८ मा घाँटीको क्यान्सरका कारण ओपनहाइमरको निधन भयो।

आज विश्वका नौ मुलुक रुस, अमेरिका, चीन, फ्रान्स, बेलायत, पाकिस्तान, भारत, इजरायल र उत्तर कोरियासँग परमाणु हतियार छ। यी सबै घटना र वस्तुस्थिति हेर्दा महाविनाशकारी परमाणु बम निर्माता ओपनहाइमर 'नायक' हुन् या 'खलनायक' भनिराख्नु पर्दैन। मानवताविरोधी नरसंहारमुखी आविष्कारक 'नायक' हुनै सक्तैन। ■

बद्रीप्रसाद घिमिरे

विज्ञानले के भन्छ

१. जाडोमा किन धेरै पिसाब लाग्छ ?

जाडोयाममा शरीरका नसा चिसोका कारण खुम्चिने हुनाले रक्तसञ्चार कम हुन जान्छ र रक्तचाप बढ्छ। रक्तचाप घटाउन शरीरले रगतबाहेकका अन्य तरल पदार्थ बाहिर निकालेर रक्तसञ्चार व्यवस्थित गर्छ। यसरी हामीलाई जाडो याममा बढी पिसाब लाग्छ।

२. खाना खाएपछि किन निद्रा लाग्छ ?



खाना पचाउन बढी रगत आवश्यकता पर्छ तर खाना खाइसकेपछि रगतको ठूलो हिस्सा पेटमा प्रवाहित हुने हुनाले मस्तिष्कमा रगत कम हुन गई यसको क्रियाशीलता घट्छ र निद्रा लाग्न थाल्छ।

३. हातखुट्टा किन निदाउँछ ?

धेरैबेरसम्म पलेँटी मारेर बस्दा वा शरीरको कुनै अङ्ग थिचिएमा रक्तसञ्चार अवरुद्ध हुन जान्छ र हातखुट्टा निदाएको अनुभव हन्छ।

४. जन्मिँदाका बखत बच्चाको आँखा निलो हुन्छ, किन ?



छालाको रङ निर्धारण गर्ने तत्त्व मेलानिनले गर्दा यस्तो भएको हो। जन्मिँदाका बखत बच्चाको आँखामा पर्याप्त मात्रामा मेलानिन नथुप्रिने भएकाले आँखा निलो देखिएको हो।

५. दौडिँदा किन मुटुको धड्कन बढ्छ ?

दौडिँदा बढीभन्दा बढी ऊर्जा आवश्यकता पर्छ। त्यसका लागि शरीरको सबै भागमा धेरै र छिटोछिटो अक्सिजन तथा ग्लुकोज पुऱ्याउनपर्ने हुन्छ। यसले रक्तसञ्चारको गति स्वतः बढ्न जान्छ । त्यसैले दौडिँदा मुटुको धड्कन बढ्छ।

६. गर्मीमा किन दही चाँडै जम्छ ?

लेक्टोबेसिलस एसिडिफिलस





नामक कीटाणुले दूधलाई दही बनाउने काम गर्छ । यसले ३०–४५ डिग्री सेल्सियस तापक्रममा छिटोछिटो काम गर्ने भएकाले गर्मीमा दही चाँडो जम्छ तर हिउँदमा तापक्रम ३० डिग्रीभन्दा कम हुन्छ । अनि कीटाणुले छिटो काम गर्न सक्दैन । त्यसैले हिउँदमा दही ढिलो जम्छ ।

७. महिलाको स्वर सुरिलो र पुरुषको स्वर धोद्रो किन ?

किशोरावस्थामा पुरुषको शरीरमा टेस्टोस्टेरोन नामक हर्मोनको उत्पादन बढ्छ । जसले घाँटीभित्र हुने भोकल कर्डलाई लामो र बाक्लो बनाउने भएकाले स्वर धोद्रो हुन गएको हो तर महिलाको शरीरमा टेस्टोस्टेरोन हर्मोन उत्पादन नहुने हुँदा स्वर सुरिलो हुन्छ ।

८. ज्वरो किन आउँछ ?



सामान्य अवस्थामा शरीरको तापक्रम ९८.६ डिग्री फरेनहाइट हुन्छ । जब शरीरमा कनै रोगाणु प्रवेश गरी सङ्क्रमण गर्न थाल्छ तब रोगाणु मार्न र सङ्क्रमण रोक्न शरीरलाई बढी इन्जाइम, हर्मोन र रक्तकोष निर्माण गर्नुपर्ने हुन्छ । जसले गर्दा रक्तप्रवाह बढ्न गई शरीरको तापक्रम वृद्धि हुन्छ, जसलाई हामी ज्वरो भन्छौँ ।

९. जहाज पानीमा तैरिन्छ तर सानो किला डुब्छ किन ?

जहाजले विस्थापित गर्ने पानीको तौल र जहाजको आफ्नो तौल बराबर हुने भएकाले जहाज पानीमा डुब्दैन तर एउटा सानो किलाले आफ्नो तौल बराबरको पानी विस्थापित गर्न सक्दैन त्यसैले डुब्छ । ■

श्रीलङ्काको कठिन दैनिकी

कोहीले चामल वा पाउरोटी किन्न सक्थे तर अहिले खाद्यान्नको मूल्य अकासिएका कारण धेरै मानिस दिनहुँ कटहर खान्छन् ।



■ रामप्रसाद आचार्य

आर्थिक रूपले टाट पल्टिएको श्रीलङ्काको अवस्थामा अझै उल्लेख्य सुधार आएको छैन । जनताको दैनिकी दयनीय बनेकै छ, गरिबी दोब्बर बढेको छ । खाद्यान्न र इन्धनको सहज आपूर्ति हुन सकेको छैन, महँगी घटेको छैन ।





गरिब किसान र मजदुर खाद्यान्न किन्न नसक्ने अवस्थामा पुगेका छन् । कतिपयले खाद्यान्नको विकल्पमा कटहर र नरिवल खाएर भोक मेटाउन बाध्य छन् ।

कटहरको रुखले करुप्पैया कुमारसहित धेरै जनाको परिवारलाई भोकमरीबाट जोगाएको छ । “कटहरको रुखले हामीजस्ता हजारौँ मानिसलाई जीवित राखेको छ । यसले हामीलाई भोकमरीबाट जोगाएको छ,” दैनिक ज्यालादारी मजदुरी गर्ने तीन सन्तानका पिता करुप्पैया कुमारको प्रतिक्रिया छ ।

कुनै बेला अवहेलना गरिएको यो फल अहिले धेरैका लागि वरदान भएको छ । “आर्थिक सङ्कट सुरु हुनुभन्दा पहिले जो कोहीले चामल वा पाउरोटी किन्न सक्थे तर अहिले खाद्यान्नको मूल्य अकासिएका कारण धेरै मानिस दिनहुँ कटहर खान्छन्,” ४० वर्षीय कुमारले खुलासा गरेका छन् ।

अहिले श्रीलङ्काका झन्डै एक तिहाइ मानिस खाद्य असुरक्षाको मारमा परेका छन् । हरेक दोस्रो परिवार आफ्नो आम्दानीको ७० प्रतिशत खाद्यान्नमा खर्च गर्न बाध्य छ ।

हामीले खाना कटौती गरेर तीन छाकबाट दुई छाक खान थालेका छौँ । गत वर्षसम्म १२ केजी तौलको खाना पकाउने ग्यास सिलिन्डर पाँच डलरमा आउँथ्यो अहिले त्यसको मोल दोब्बरभन्दा बढी भएको छ । महिनौँसम्मको नियमित लोडसेडिङ, चरम महँगी र इन्धनको अभावबाट आक्रान्त हजारौँ जनताले राष्ट्रपति कार्यालय र राष्ट्रपतिको सरकारी निवास कब्जा गरेपछि तत्कालीन राष्ट्रपति गोटाबाय राजपाक्ष देश छोडेर भाग्न बाध्य भएका थिए ।

त्यसपछि राष्ट्रपति बनेका रनिल विक्रमासिङ्घेले मुलुकको आर्थिक सङ्कट समाधान गर्ने प्रयास जारी राखेका छन् । उनले अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) सँग वार्ता गरेर केही आर्थिक सहयोग जुटाउन सफलता पनि पाए तर यतिले समस्या समाधान भएको छैन ।

देशको दुई करोड २० लाख जनसङ्ख्याका निम्ति निःशुल्क हुने गरेको स्वास्थ्य प्रणालीसमेत एक वर्षभन्दा लामो आर्थिक



सङ्कटका कारण प्रभावित भएको छ । श्रीलङ्काले करिब ८५ प्रतिशत औषधी आयात गर्छ तर देश आर्थिक सङ्टमा परेर मुद्रा सञ्चिति घटेका कारण अत्यावश्यक औषधीको समेत अभाव छ ।

श्रीलङ्कामा दुई पटकसम्म मिति सारेर पनि कोभिड सर्वमहामारीबीच संसदीय आमनिर्वाचन सम्पन्न भई नयाँ सरकार बन्दा जनता निकै आशावादी बनेका थिए । तत्कालीन राष्ट्रपति गोटाबाय राजपाक्ष र प्रधानमन्त्री महिन्दा आशा र भरोसाका केन्द्र थिए ।

महिन्दा र गोटाबाय दुई दाजुभाइ हुन् । महिन्दा सन् २००५ देखि २०१५ सम्म श्रीलङ्काको राष्ट्रपति बने । उनको कार्यकालमा मुलुकको सबैभन्दा ठूलो चुनौतीका रूपमा रहेको तमिल विद्रोह अन्त्य भयो । तमिल विद्रोह अन्त्य गर्दा गोटाबाय रक्षामन्त्री थिए । दुई दाजुभाइको साहसिक कदमले श्रीलङ्का चरम हिंसाबाट मात्र मुक्त भएन मुलुक विखण्डन हुनबाट जोगियो । उनीहरूले हिम्मत नगरेको भए आजसम्म श्रीलङ्का

रोबोटको पत्रकार सम्मेलन

रोबोटले पत्रकार सम्मेलन गरी पत्रकारले सोधेका प्रश्नको जवाफ दिने भएका छन् । स्विट्जरल्यान्डको जेनेभामा गरिएको विश्वको पहिलो रोबोट पत्रकार सम्मेलनमा सहभागी नौ वटा रोबोटले पत्रकारले सोधेका प्रश्नको चित्तबुभ्दो जवाफ दिएर सबैलाई चकित पारे । ती रोबोट कृत्रिम बौद्धिकता (आर्टिफिसिएल इन्टेलिजेन्स) प्रविधियुक्त मानवस्वरूपका थिए ।



पत्रकार सम्मेलनमा रोबोटसँगै त्यसका निर्माता पनि उपस्थित थिए । विश्वलाई आर्टिफिसियल इन्टेलिजेन्स रोबोटबारे परिचित गराउन पत्रकार सम्मेलन गरिएको थियो ।

चरम हिंसाका साथै विखण्डनको चरणमा पुग्ने खतरा थियो ।

मुलुक बचाउने, हिंसा अन्त्य गरी शान्ति स्थापना गरेकै कारण श्रीलङ्कावासीले राजपाक्ष दाजुभाइलाई मुलुक चलाउने जिम्मेवारी पुनः सुम्पेका थिए ।

विश्वमै सबैभन्दा शक्तिशाली विद्रोही मानिने र सयौँ आत्मघाती लडाकुसहितको कठोर क्रूर विद्रोही सङ्गठन बनाएका सुप्रिम कमान्डर भेलुपिलाई प्रभाकरण नेतृत्वको तमिल विद्रोह यसरी तहसनहस होला भनी धेरैले सोचेका पनि थिएनन् । झन्डै एक लाख मानिसको ज्यान लिएको र अर्बौं डलरको भौतिक क्षति पुऱ्याएको सो जातीय विद्रोह नाटकीय ढङ्गले समाप्त भयो ।

सोह्रौँ शताब्दीमा पोर्चुगल र नेदरल्यान्डको, त्यसपछि डेढ सय वर्ष बेलायतको उपनिवेश रहेको श्रीलङ्का सन् १९४८ मा स्वतन्त्र भएको थियो । पहिले श्रीलङ्कालाई सिलोन भनिन्थ्यो । सन् १९७२ देखि यसलाई श्रीलङ्का भन्न थालियो । सन् १९८३ देखि तमिल विद्रोह सुरु भई सन् २००९ मा अन्त्य भयो । राजपाक्ष दाजुभाइले गरेको यो ऐतिहासिक कामको प्रशंसा भयो तर अन्त्यमा यी दाजुभाइकै गलत नीतिका कारण श्रीलङ्का अकल्पनीय आर्थिक सङ्कटमा फस्यो ।

भविष्यमा आम मानिसलाई रोग तथा भोकजस्ता समस्याको समाधानमा मद्दत गर्न यी रोबोटको प्रयोग गर्ने योजना छ ।

ग्रेस नामक मेडिकल रोबोटले आफूले मानव सहायकको भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गर्दै कुनै पनि काममा समस्या पैदा नगर्ने आश्वासन पनि दिएको छ ।

अमेका नामकको अर्को रोबोटले आफ्नो मालिक विल ज्याक्सनको प्रशंसा गर्दै आफू सदैव उनीप्रति बफादार रहने वाचा गऱ्यो । साथै त्यस्तो नसोच्न पनि पत्रकारहरूलाई अनुरोध गरेको थियो । भविष्यमा आफूजस्तै हजारौँ रोबोट बनाउन सकिने उसले बताएको थियो ।

पत्ता लाग्यो बुढ्यौली रोक्ने रसायन



आधुनिक सूचना प्रविधि जगत्को सर्वाधिक चर्चा तथा विवादमा रहेको कृत्रिम बौद्धिकता (एआई) ले मानिसको बुढ्यौली कम गर्ने उपचार पत्ता लगाएको दाबी गरिएको छ ।

एआईको दाबी अनुसार अब छिट्टै नै बुढोपना कम गर्ने औषधी बनाइने छ ।

युनिभर्सिटी अफ एडिनबर्ग अन्तर्गतको इन्स्टिच्युट अफ जेनेटिक्स एन्ड मोलिक्युलर मेडिसिनका शोधकर्ता वेनेसा मेर बारेटोका अनुसार उनीहरूले आर्टिफिसियल इन्टेलिजेन्स प्रयोग गरेर २१ वटा शक्तिशाली अणु पत्ता लगाएका छन् । ती अणुलाई सेनोलाइटिक ड्रग्स बनाउनमा प्रयोग गर्न सकिन्छ, जुन औषधीले बुढ्यौली कम गर्न तथा बुढ्यौली उमेरमा हुने रोग तथा स्वास्थ्य समस्याबाट पनि बचाउँछ ।

सेनोलाइटिक औषधीले सेनेसेन्ट कोषिकालाई मार्दछ । यस्ता कोषिका शरीरमा जीवित हुने तर आफूजस्तै अन्य कोषिका उत्पादन गर्न नसक्ने खालका हुन्छन् । त्यसैले ती कोषिकालाई 'जोम्बी सेल्स' पनि भनिन्छ । यी कोषिकाको डिएनए क्षतिग्रस्त हुने र नयाँ कोषिका समेत बनाउन नसक्ने भएकाले शरीरका लागि हानिकारक तथा बोझजस्तै हुन्छन् ।

छालाको कोषिका सूर्यको किरणबाट क्षतिग्रस्त हुन्छ । यसले रेप्लिकेसन गर्न वा आफैँले अरू नयाँ कोषिका पैदा गर्ने प्रक्रिया रोकिदिन्छ । साथै त्यसको असर आसपासका अन्य कोषिकामा पनि पर्दछ । जसका कारण छालामा चाउरी पर्न र लत्रिन सुरु गर्दछ, जुन बुढोपनाको लक्षण हो ।

अहिलेसम्म विश्वमा ८० प्रकारका सेनोलाइटिक औषधीका बारेमा खोज भइसकेको छ तर केवल दुई वटा औषधीको मात्रै मानिसमा परीक्षण गरिएको छ । त्यसमा डासाटिनिब र क्वरसेटिन हुन् । ■

रुपेश जैसवाल (अन्तर्राष्ट्रिय चेस खेलाडी)

रूपेश जैसवाल नेपाली चेसमा अपराजित खेलाडी हुन् । रूपेशले यही साउन महिनामा अजरवैजानमा भएको वर्ल्ड कप चेस च्याम्पिनसिपमा हाई रेटेड ग्रान्डमास्टर (जिएम) लाई बराबरीमा रोके । सो प्रतियोगिता खेलेर रूपेश विश्वकप चेस च्याम्पियनसिपमा खेल्ने पहिलो नेपाली खेलाडी पनि बने । रूपेशले विश्व चेसमा चर्चित नाममध्ये एक ग्रान्डमास्टर गेदिर गुसेनोभलाई दुई खेलको नकआउट प्रतिस्पर्धा अन्तर्गत दोस्रो खेलमा बराबरीमा रोके । गुसेनोभ रेटिङमा रूपेशभन्दा ५३९ स्थान माथि थिए ।

रुपेशका दाजु नवीन, रोशन र रुपसेन पनि चेसका राम्रा खेलाडी हुन् । रोशनले नेपालका लागि अन्तर्राष्ट्रिय खेल पनि खेलेका छन् । चेसको पहिलो विद्यालय परिवार भएपछि उनले चेसको औपचारिक शिक्षा प्रशिक्षक महेन्द्र ढकालबाट लिएका थिए । सोही ज्ञानले उनको चेस यात्रा अगाडि बढ्यो । कक्षा ७ मा छँदा रुपेशले स्कुलस्तरीय अन्तर्राष्ट्रिय चेस प्रतियोगितामा नेपालको प्रतिनिधित्व गरिसकेका थिए ।

चेस खेल्ने प्रकृतिप्रदत्त गुण भएका रुपेश उमेर समूहका सबैजसो घरेलु प्रतियोगितामा च्याम्पियन बनेका थिए । उनको खेल जीवनमा ठूलो मोड सन् २०१२ मा टर्कीको इस्तानबुलमा भएको चेस ओलम्पियाडमा आयो । त्यतिबेला १६ वर्ष पनि नपुगेका रुपेश ओलम्पियाडमा सहभागिता जनाउने नेपालका कान्छा बुद्धिचाल खेलाडी बनेका थिए । ओलम्पियाडमा आफ्नो पहिलो खेलमै अन्तर्राष्ट्रिय मास्टर (आइएम) लाई बराबरीमा रोकेपछि रुपेश चर्चामा आए । ओलम्पियाडमा निरन्तर सनसनीपूर्ण खेल प्रदर्शनपछि उनले क्यान्डेट मास्टर (सिएम) को उपाधि प्राप्त गरे । जसबाट उनी नेपालको सबभन्दा कम उमेरका सिएमसमेत बने ।

अहिले रुपेशले फिडे मास्टर (एफएम) को उपाधि हासिल गरिसकेका छन् । सन् २०१५ मा रुपेशले एसियन जोनल ३.२ प्रतियोगिताबाट एफएम उपाधि हासिल गरेका हुन् । सोही वर्ष रुपेशलाई फिडेले रुसमा अध्ययन गर्न पाँच वर्षको छात्रवृत्ति पनि दिएको थियो । जहाँ पाँच वर्ष रहेर रुपेशले फिजिकल एजुकेसनमा स्नातक शिक्षा हासिल गरेका थिए ।

विश्व चेसमा एफएमभन्दा माथि आइएम र जिएम उपाधि छ । रुपेश अहिले नेपालको पहिलो आइएम उपाधिधारी चेस खेलाडी बन्ने अभियानमा छन् तर यसका लागि उनले देश

बाहिर धेरैभन्दा धेरै प्रतियोगिता खेल्नु पर्ने छ। नेपाल चेस सङ्घ अन्तर्गत साउथ एसियन, एसियन जोनललगायत केही प्रतियोगितामा मात्र नेपालको सहभागिता रहने गर्दछ तर रेटिङ बढाउन निरन्तर विदेशमा प्रतियोगिता खेल्नु पर्छ।

यस विषयले रुपेश चिन्तित छन्। रुपेश भन्छन्, "नेपालमा सम्बन्धित निकायबाट यो खेलमा लगानी खासै छैन। अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपालको नाम राख्न सक्ने म मात्र होइन क्षमता भएका अन्य खेलाडीमाथि सरकारले लगानी गर्नु पर्छ। नेपालमा चेस खेल्ने राम्रा खेलाडी छन् तर राम्रो चेस प्रशिक्षक छैन।" ■

–प्रजित शाक्य



तस्बिरः गोरखापत्र

ज्ञानेन्द्रको अवकाश

अहिले राष्ट्रिय टोलीका लागि जुन खालको योगदान दिनुपर्ने थियो त्यो मैले दिन सक्दिनँ भने त्यहाँ रहिरहनु पर्छ भन्ने लाग्दैन ।





सोमराज पोखरेल



साउन १९ गते दिउँसो २ बजे नेपाली क्रिकेट टिमका पूर्वकप्तान ज्ञानेन्द्र मल्लले पत्रकार सम्मेलन गरे । त्यसको चार घण्टापछि उनी बेलायत उड्दै थिए । ४ बजेसम्म त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पुगिसकेका थिए । त्योबीचको समयमा उनले आफ्ना प्रशंसक र क्रिकेटप्रेमीलाई 'सरप्राइज' दिए ।

३३ वर्षीय ज्ञानेन्द्रले अचानक अन्तर्राष्ट्रिय खेलाडी जीवनबाट अवकाश लिएको घोषणा गरे । १८ वर्ष देशका लागि खेलेका खेलाडीले बहुप्रतिक्षित एसिया कप (जहाँ नेपालले पहिलो पटक खेल्दै थियो, भारत र पाकिस्तानसँग नेपालले पहिलो पटक खेल्ने थियो) सुरु हुन एक महिना बाँकी छँदा क्रिकेटको सबै खाले संरचनाबाट सन्न्यास लिए ।

उनका लागि यो घोषणा सहज थिएन । तैपनि उनी यस निर्णयमा पुगे । उनको सबैभन्दा चोटिलो कुरा त के थियो भने उनले आफ्नो मूल्याङ्कन आफैँले गरे र अवकाश लिए । उनले भने, "अहिले राष्ट्रिय टोलीका लागि जुन खालको योगदान दिनुपर्ने थियो त्यो मैले दिन सक्दिनँ भने त्यहाँ रहिरहनु पर्छ भन्ने लाग्दैन । त्यसैले मैले यस्तो निर्णय लिएको हुँ ।"

यति ठूलो निर्णय लिन पक्कै दरिलो मुटु चाहिन्छ । पछिल्लो समय उनले टिममा अवसरसमेत पाएका थिएनन् । युवा खेलाडीको बाहुल्यता रहेको राष्ट्रिय टिममा उनी सबैभन्दा पाका थिए । धेरैले उनीबाटै प्रेरणा पाए तर जब उनीभन्दा युवा अगाडि बढे स्वाभाविक रूपमा उनले बाटो छाडे ।

उनले एक व्यवस्थापकको हिसाबले नै सोचे। किनकि उनी लामो समय नेतृत्वकै वरिपरि रहे। सन् २००५ मा उनी यु–१५ टोलीको सदस्य भए। ज्ञानेन्द्रले सन् २००६ मै चार दिवसीय प्रतियोगिता आइसिसी इन्टरकन्टिनेन्टल कपमा नामिबियाविरुद्ध खेलेर राष्ट्रिय टिममा पदार्पण गरेका थिए।

त्यसपछि उनी यु–१७ र यु–१९ सँगै एक दिवसीय खेलको नेतृत्वसमेत सम्हाल्न पुगे। उनले १० वर्षसम्म त राष्ट्रिय सिनियर टिमको उपकप्तान रहेर खेलेका थिए। सन् २००९ मा युएईमा भएको एसिसी टी–२० अगाडि पारस खड्कालाई कप्तान र ज्ञानेन्द्रलाई उपकप्तान बनाइएको थियो। पारसले सन् २०१९ मा नेतृत्व त्यागेपछि ज्ञानेन्द्रले थप दुई वर्ष नेपाली टिमको नेतृत्व गरे। खेलाडीको सेन्ट्रल कन्ट्र्याक्टको विवादबारे सञ्चारमाध्यममा बोलेका कारण नेपाल क्रिकेट सङ्घ (क्यान) ले उनलाई कप्तान र दीपेन्द्रसिंह ऐरीलाई उपकप्तानबाट हटाएको थियो।

जसले देशका लागि क्रिकेट खेल्यो उसले खेलाडीको हकहितमा के बोलेको थियो नेतृत्वबाटै हटाइयो। त्यसयता ज्ञानेन्द्रको प्रदर्शन खस्किँदै गयो। सम्भवतः उनलाई मानसिक दबाब परेको हुन सक्छ। सन् २०२२ को मार्चमा युएई र पपुवा न्युगिनीविरुद्धको विश्वकप लिग–२ मा खेलपछि ज्ञानेन्द्रलाई नेपाली टोलीबाट हटाइएको थियो तर त्यही वर्षको अगस्टमा केन्या जान उनी राष्ट्रिय टोलीमा फर्किए।

उनले नेपालबाट टी–२० अन्तर्राष्ट्रियमा कुल ४५ खेल खेलेर एक शतक र दुई अर्धशतकसहित ८८३ रन बनाएका छन्। टी–२० मा उनीभन्दा बढी रन बनाउने नेपाली खेलाडी दीपेन्द्रसिंह ऐरी मात्र हुन्। ऐरीले एक हजार १०३ रन बनाएका छन्।

सावित्राको फड्को



राष्ट्रिय महिला फुटबल टिमकी स्ट्राइकर सावित्रा भण्डारी युरोपेली लिग खेल्ने पहिलो नेपाली खेलाडी बनेकी छन्। अहिलेसम्म कुनै पनि महिला फुटबल खेलाडी युरोपेली लिग खेल्न गएको थिएन। माल्दिभ्स र भारतमा व्यावसायिक फुटबल खेलेकी साम्बाको उपनामले चर्चित सावित्रा इजरायल गएकी हुन्।

उनी इजरायलको हापोल रानाना क्लबमा आबद्ध भएकी छन्। मध्यपूर्वमा अवस्थित इजरायल एसियामा पर्ने भए पनि सन् १९९१ देखि युरोपेली फुटबल सङ्घको सदस्य रहेको छ।

नेपाली राष्ट्रिय टोलीबाट खेलेर ४० खेलमा ३८ अन्तर्राष्ट्रिय गोल गरेकी उनी सर्वाधिक गोल गर्ने नेपाली महिला खेलाडी हुन्। उनीपछि अनु लामाको नाममा ३५ गोल रहेको छ।

२०५४ साल जेठ १० गते लमजुङमा जन्मेकी सावित्राले खेलको सुरुवात एथलेटिक्स र भलिबलबाट गरेकी थिइन् तर रुचि फुटबलमा थियो र अनेक सङ्घर्षपछि उनले फुटबलमा आफूलाई समर्पित गरिन्। २०७२ सालमा सशस्त्र प्रहरीको एपिएफमा जोडिएर खेल्न थालेकी उनले आफूलाई सधैँ एक कदम अगाडि राखिन्।

तेस्रो साफ च्याम्पियनसिपमा पहिलो अन्तर्राष्ट्रिय खेल खेलेकी सावित्राले पहिलो खेलमै भुटानविरुद्ध आठ गोल गरेकी थिइन्। तिनै सावित्रा अहिले नेपाली राष्ट्रिय टोलीकी निर्विकल्प खेलाडी बनेकी छन्।

ज्ञानेन्द्रले खेलमा ओपनिङ बढी गरे। उनले अन्य डिभिजनमा शतक बनाए पनि एक दिवसीय खेलमा भने शतक बनाउन सकेनन्। उनले ३५ एकदिवसीय खेलमा ८७६ रन बनाएका छन्। ज्ञानेन्द्रको अन्तिम एक दिवसीय खेल गत जुलाई ४ मा आयरल्यान्डविरुद्ध विश्वकप छनोटको प्लेअफ थियो। त्यो खेलमा उनले सात रन बनाएका थिए।

उनले एक दिवसीय खेलमा सात अर्धशतक बनाए र उनको सर्वाधिक स्कोर ७५ रन रह्यो।

उनी नेपाली क्रिकेटका सौम्य पनि खेलाडी हुन्, विवादरहित कप्तान हुन्। उनले अहिलेको युवा पुस्तालाई क्रिकेट सिकाए पनि। राष्ट्रिय टिमका सबै खेलाडी 'ज्ञानेन्द्र दाइ' नै भन्छन्। ज्ञानेन्द्रको ब्याटिङ हेर्दै अहिलेको टिमका कतिपय खेलाडी खेलिरहेका छन्।

नेपालले डिभिजन-५ देखि विश्वकप छनोटको अन्तिम चरणसम्मको यात्रा गर्दाका एक मात्र साक्षी ज्ञानेन्द्रको बहिर्गमन भने त्यति उत्साहजनक रहेन। उनलाई हालका प्रशिक्षक मोन्टी देसाईले कहिले



मियामीबाट विश्राम लिने छन् मेसी

अर्जेन्टिनालाई विश्वकप फुटबलको उपाधि दिलाएका लियोनेल मेसीले अमेरिकी क्लब इन्टर मियामीलाई खेलाडी जीवनको अन्तिम गन्तव्य बनाएका छन्। मेसीलाई साउदी अरबको क्लबले सर्वाधिक पारिश्रमिक दिएर किन्न खोजेको भए पनि उनले अमेरिकी क्बल इन्टर मियामी नै रोजे। त्यसको पछाडिको कारण थियो, उनका सन्तानको भविष्य।

मेसीसँग यति धेरै सम्पत्ति छ कि उनका दुई-तीन पुस्ताले कामै नगरी पनि सोखिनको जीवन बाँच्न सक्छन् तर मेसी पैसाभन्दा पनि बालबच्चाको भविष्य हेरेर त्यता लागे। उनको परिवारका सदस्य अमेरिकी शैलीसँग सहज महसुस गर्ने भएकैले पनि मेसी अमेरिका गएका हुन्।

मेसी इन्टरमा गएपछि एकाएक क्लबको हैसियत विश्वस्तरको भएको छ। इङ्ग्ल्यान्डका पूर्वखेलाडी डेभिड बेकहमको लगानी रहेकाले पनि इन्टर मियामी चर्चामा छ। अब यस क्लबको टिमको खेल हेर्न टिकटको मूल्यसमेत बढेको छ। निरन्तर हार बेहोरेको क्लबले मेसी आएपछि लगातार खेल जितिरहेको छ।


यसबाट मेसीको आम्दानी पनि बढ्ने छ। उनले वार्षिक पाँचदेखि छ करोड डलर पाउने छन्। साथै क्लबको सेयरमा पनि उनको हिस्सा हुने छ। एमएलएसले एडिडास र एप्पलबाट पाउने रकमको केही अंश मेसीले पनि पाउने छन्। मेसी अमेरिका गएपछि अब उनी अमेरिकी फुटबलमा आधुनिक पेले बन्नेसमेत विश्वास गरिएको छ। ■

टिममा राखे, कहिले राखेनन्। अर्को अर्थमा ज्ञानेन्द्र आफू स्वयं पनि फर्ममा देखिएनन्।

जे भए पनि उनले निरन्तर टिमका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गरे। नेपालले पहिलो पटक खेल्न लागेको एसिया कपमा भारत र पाकिस्तानविरुद्ध खेलेर अवकाश लिएको भए उनको अझ बढी स्मरणीय बिदाइ हुन्थ्यो।

अवकाश घोषणा गर्दा भावुक देखिएका ज्ञानेन्द्रले भने, "यो मेरो बिदाइ होइन यात्राको नयाँ थालनी हो। एउटा यस्तो यात्रा जहाँबाट म खेलकुदको कट्टर समर्थक, यसको विकासको साक्षी र मलाई माया गर्ने अनि देशको झन्डा उच्च रहेको हेरेर बस्ने छु।"





पेटको क्यान्सर गराउने एच. पाइलोरी



प्रा.डा. सुमनराज ताम्राकार

विश्वमा आमाशयको क्यान्सर पाँचौं मुख्य क्यान्सरमा पर्दछ। त्यसै गरी क्यान्सरका कारण मृत्यु हुनेमा यो क्यान्सरको स्थान तेस्रो छ। आमाशयको क्यान्सरको मुख्य कारक हेलिकोब्याक्टर पाइलोरी (एच. पाइलोरी) नामको ब्याक्टेरियालाई मानिन्छ।

आमाशयको सतही कोषलाई क्यान्सरपूर्व वा क्यान्सरको अवस्थामा पुऱ्याउने कार्य हेलिकोब्याक्टर पाइलोरीले गर्दछ ।

सामान्यतयाः मानव शरीर वा अन्य कुनै जीवजन्तुको शरीर अर्थात् अङ्गमा चोट लागेपछि निको हुने क्रममा ठ्याक्कै उस्तै प्रकारको कोषले परिपूर्ति हुनुपर्छ तर निरन्तर जसो वा पटक पटकको चोट त्यही ठाउँ विशेषमा हुन जाँदा शरीरको प्रतिरक्षात्मक हिसाबले पूर्ववर्ती कोषभन्दा फरक खाले कोषले परिपूर्ति हुन थाल्छ ।

थप प्रस्टताका लागि एउटा व्यावहारिक उदाहरण यस्तो हुन सक्छ : कुनै घरमा वा दम्पतीबीच पटक पटक घरझगडा हुन गयो भने विस्तारै छिमेकी वा परचक्री विवाद साम्य पार्न आउँछ तर कालान्तरमा यस्तै खाले प्रक्रिया दोहोरिरह्यो र छिमेकीमा स्वार्थ पलाउन थाल्यो भने त्यस्तो घरपरिवारलाई मिलेर बस्नै दिँदैनन् । यसै क्रममा तेस्रो पक्ष (दलाली) को आगमन भयो भने त स्थिति बिग्रिनु मात्र हुन्छ ।

यही उदाहरण कतिपय रोगाणु अर्थात् ब्याक्टेरिया वा भाइरसजन्य क्यान्सरको हकमा पनि लागू हुन्छ । शरीरको कुनै भाग वा अङ्गको सतही कोषमा चोट लागेपछि त्यहाँ सुन्निने गर्छ । पटक पटकको चोटपछि निको हुने क्रममा उस्तै तर असामान्य प्रकारका कोष पनि देखिन थाल्छन् । यो प्रक्रिया दोहोरिरह्यो भने एक खालको कोषलाई अर्कै खालको कोषले (तुलनात्मक रूपमा अलि खस्रो) प्रतिस्थापन गर्दछ । यहाँसम्म त आन्तरिक मामिलामा आफन्तजन वा छिमेकीको हस्तक्षेप हुन आए जस्तै हो । जब अर्कै खालको कोष प्रतिस्थापन हुने प्रक्रियामा विषाणु (भाइरस) वा किटाणु (ब्याक्टेरिया) ले भूमिका खेल्न थाल्छ अर्थात् दलालले आफ्नो भूमिका निर्वाह गर्न थाल्छ विस्तारै पहिलाको सामान्य कोष क्यान्सरपूर्व वा क्यान्सरग्रसित कोषमा परिणत हुन सुरु हुन्छ ।

यस्ता खाले कोषमा अब प्राणी विशेषकै अर्थात् मानिस स्वयम्कै वंशाणु अनुसार नियन्त्रण हुँदैन र आइन्दा कोष वृद्धि अनियन्त्रित तवरले हुन्छ । अत्यधिक एवं अनियन्त्रित तवरले कोष वृद्धि हुन थालेपछि अतिरिक्त खानपिन, जीवनशैली एवं प्रतिकूल वातावरणीय प्रभावले पनि थप मलजलको कार्य गर्दछ ।

हेलिकोब्याक्टर पाइलोरीको सङ्क्रमणले आमाशयको सतहको सुजनको अवस्थालाई क्यान्सरपूर्व वा क्यान्सरको अवस्थामा पुऱ्याउँछ । यसो हुनाको पछाडिका




कोष वृद्धि तथा पुनर्निर्माणको क्रममा हेलिकोब्याक्टर पाइलोरीकै कारण कोषभित्रकै तत्त्वहरूमा अवरोध खडा हुन पुग्छ ।

अङ्ग विशेषको स्वरूप (बनावट) मा फरकपना, थप रगत प्रवाहका लागि नयाँ रक्तनलीको विकास, कालान्तरमा आवश्यकता अनुसार रगतको प्रवाह पुऱ्याउन नसकेपछि बाह्य सतही कोष छिटो छिटो झर्ने, अल्सर बन्ने र रक्तस्राव हुने गर्छ ।

आमाशयको क्यान्सर विकसित हुने क्रममा हेलिकोब्याक्टर पाइलोरीले सङ्क्रमणग्रस्त आमाशयको कोषको परिवर्तनलाई यस ब्याक्टेरियाले उत्पादन गर्ने घातक तत्त्वले भूमिका खेल्छ । वंशाणुगत कारणका केही तथ्य प्रतिपादित गरिएको छ । हेलिकोब्याक्टर पाइलोरीको सङ्क्रमणले आमाशयको कोषको मृत्यु प्रवर्धन हुन्छ भने उस्तै खालको कोषबाट प्रतिस्थापन हुने कार्यलाई पनि सुस्त बनाउँछ । यस्तो अपूर्ण कोष प्रतिस्थापन कार्यका कारण अङ्ग विशेषलाई अब थप टेवा मिल्ने फरक खालको कोष (तुलनात्मक रूपमा खस्रो) ले प्रतिस्थापन गर्न थाल्छ ।

कोष वृद्धि तथा पुनर्निर्माणको क्रममा हेलिकोब्याक्टर पाइलोरीकै कारण कोषभित्रकै तत्त्वहरूमा अवरोध खडा




हेलिकोब्याक्टर पाइलोरी आफैँले आमाशयको सतही कोषको सङ्क्रमणलाई जीर्ण प्रकारको बनाइदिन्छ ।



हुन पुग्छ । शरीरको अन्य अङ्गमा झैँ आमाशयको सतह पनि नियमित रूपमा टुट्ने (क्षयीकरण हुने) र निर्माण हुने क्रममा जीवनभर चलिरहन्छ तर हेलिकोब्याक्टर पाइलोरीका कारणले शरीरभित्रको उक्त सामान्य प्रक्रियाविपरीत कोष मर्ने दर बढ्छ भने कोषहरू क्यान्सरपूर्वको अवस्थामा पुग्छन् ।

हेलिकोब्याक्टर पाइलोरी आफैँले आमाशयको सतही कोषको सङ्क्रमणलाई जीर्ण प्रकारको बनाइदिन्छ । शरीरका कुनै पनि अङ्गको समस्या जीर्ण खालको हुनु भनेको समयमै उपचार नगरेको खण्डमा क्यान्सरपूर्वको अवस्थातिर बढ्नु हो । हेलिकोब्याक्टर पाइलोरीको सङ्क्रमणले आमाशयको कोषमा 'अक्सिडेटिव स्ट्रेस' र 'नाइट्रोसेटिभ स्ट्रेस' उत्पन्न हुन्छ ।

'अक्सिडेटिव स्ट्रेस' उत्पन्न हुँदा कोषका लागि हानिकारक खालको अक्सिजनको प्रभाव बढ्नु र खराब खालको अक्सिजन हटाउने क्षमता कम हुनु हो । जब अक्सिजनको मेटाबोलिज्म (पाचन) मा गडबडी आउँछ कोषभित्र 'नाइट्स अक्साइड' र 'सुपर अक्साइड' को प्रतिक्रिया देखिन थाल्छ । 'नाइट्रोसेटिभ स्ट्रेस' का कारण प्रोटिनको काममा गडबडी, कोषभित्रको डिएनए टुक्रिने, कोषको



आन्तरिक कामका लागि आवश्यक कतिपय एन्जाइमले काम नगर्ने र अन्ततः कोषको मृत्यु हुने गर्दछ ।

के हो हेलिकोब्याक्टर पाइलोरी ?

पाठेघरको मुखको क्यान्सर ह्युम्यान पापिलोमा भाइरस, कतिपय छालाको क्यान्सर इप्सेन बार भाइरस एवं कलेजोको क्यान्सर हेपाटाइटिस बी भाइरसका कारणले भए जस्तै आमाशयको क्यान्सरको कारक तत्त्व हेलिकोब्याक्टर पाइलोरीलाई मानिएको छ ।

यो एक खाले ब्याक्टेरिया हो । यो ग्राम निगेटिभ समूहमा पर्दछ । यसको फ्लाजेल्ला भनिने हातखुट्टा (अवयव) हुन्छन् । जसको सहयोगले कोषमा टाँसिन, यताउति चलमलाउन सक्छ । यस्ता खाले किटाणु (हेलिकोब्याक्टर पाइलोरी) ले आमाशयको सतही कोषमा डेरा जमाउन मन पराउँछन् । हेलिकोब्याक्टर पाइलोरीबाट सङ्क्रमित हुने सबैमा आमाशयको क्यान्सर हुन्छ भन्ने होइन तर हेलिकोब्याक्टर पाइलोरीबाट सङ्क्रमितमध्ये दुईदेखि तीन प्रतिशतमा कालान्तरमा आमाशयको क्यान्सर विकसित हुने देखिएको छ । ▪

अन्तरिक्षमा पुगेको चिम्पान्जी



अन्तरिक्ष अभियानको आरम्भिक दिनमा इनोस नामको चिम्पान्जीलाई अन्तरिक्षमा पठाइएको थियो ।

अमेरिकाको अन्तरिक्ष अनुसन्धानमा संलग्न संस्थान नासाले ती दिनमा मानिसलाई अन्तरिक्ष र चन्द्रमामा पठाउन जोडदार अनुसन्धान गरिरहेको थियो । त्यसै क्रममा मर्क्युरी प्रोग्रामका लागि भाले चिम्पान्जी इनोसलाई अन्तरिक्षमा पठाउने निर्णय गरियो ।

अन्तरिक्षमा मानिसको यात्राको सम्भाव्यता अध्ययन गर्न मर्क्युरी-एट्लस ५ अन्तरिक्षयानलाई मानिस र पशु दुवैलाई बोक्न सक्ने गरी डिजाइन गरियो । जीवित प्राणीमा अन्तरिक्ष यात्राको प्रभावसम्बन्धी महत्त्वपूर्ण तथ्याङ्क हासिल गर्न त्यस ऐतिहासिक अभियानका लागि इनोसलाई चयन गरिएको थियो ।

सन् १९६१ नोभेम्बर २९ मा मर्क्युरी-एट्लस ५ क्याप्सुलमा इनोसलाई राखियो । मर्क्युरी-एट्लस ५ स्पेस क्याप्सुल इनोससहित अन्तरिक्षमा प्रक्षेपण गरियो । अन्तरिक्षमा पुगेर इनोसले सफलतापूर्वक पृथ्वीको फन्को लगायो र त्यस्तो सफलता पाउने मानव जातिसँग मिल्ने पहिलो पशु बन्यो ।

इनोसलाई अन्तरिक्षमा पठाएर वैज्ञानिकले अन्तरिक्ष यात्राबाट पर्ने शारीरिक र मानसिक प्रभावका बारेमा महत्त्वपूर्ण तथ्याङ्क प्राप्त गरेका थिए । इनोस यस यात्राले भविष्यमा मानिसलाई अन्तरिक्षमा पठाउने मार्ग प्रशस्त गरेको थियो । त्यसपछि सन् १९६९ मा नासाले अपोलो ११ मार्फत चन्द्रमामा मानिसलाई उतारेको थियो । ■

- युवामञ्च



रहस्यमय बिरामीले पीडित हुनेहरू विशेष गरी दक्षिणपूर्वी एसियाको भूपरिवेष्ठित राष्ट्र लाओसका शरणार्थी थिए । भियतनाम युद्धका बेला उत्तर भियतनामी सैनिकविरुद्ध लड्नका लागि सिआइएद्वारा भर्ती गरिएकै कारण लाओसमा हमोङ अल्पसङ्ख्यक समूहमाथि अत्याचार हुन थालेको थियो ।

निद्रामै हुने रहस्यमय मृत्यु

सन् १९८४ मा वेस क्रेभनले सबैभन्दा डरलाग्दो चलचित्र 'अ नाइटमेयर अन एल्म स्ट्रिट' विश्वसामु पस्किए । किशोरलाई उनीहरू निदाएका बेला हत्या गर्ने नरपिशाचको चरित्रमा फ्रेडी क्रुएगरको नृशंस,

भयानक छवि सर्वत्र चर्चाको विषय बन्यो । 'एलए टाइम्स' प्रकाशित एउटा लेखको विषयवस्तुबाट प्रभावित भएर क्राभेनलाई ऐतिहासिक भुताहा चलचित्र बनाउने प्रेरणा मिलेको थियो ।

कम्बोडियाली नरसंहारबाट बचेका एक शरणार्थी बालकको कथामा आधारित रहेर उनले चलचित्र बनाएका थिए । ती बालकमा कस्तो डर बसेको थियो भने, "सुतेका बेला आफूमाथि आक्रमण हुने छ र आफूले भोलिको बिहानी देख्न पाउने छैन ।"

अमेरिकामा दक्षिणपूर्वी एसियाली क्षेत्रका सयौँ शरणार्थी सन् १९८० को दशकमा अज्ञात कारणले निदाएकै बेला मरेका थिए ।

क्राभेनले भल्चरलाई भने, अन्ततः जब उनी निदाउँथे उनका मातापिताले यो सङ्कट सकियो ठान्दथे । त्यसपछि उनीहरू मध्यरातमा चिच्याएको आवाज सुन्दथे । जबसम्म उनीहरू उनको नजिक पुग्थे, उनको मृत्यु भइसकेको हुन्थ्यो । एक दुःस्वप्नबीच उनको मृत्यु भइसक्थ्यो ।

क्राभेनले व्याख्या गरेको कथा कुनै पृथक घटना होइन, अमेरिकामा दक्षिणपूर्वी एसियाली क्षेत्रका सयौँ शरणार्थी सन् १९८० को दशकमा अज्ञात कारणले निदाएकै बेला मरेका थिए । उनीहरूको मृत्यु रहस्यमय थियो । यसरी रहस्यमय मृत्युको सिकार हुनेहरू प्रायः हमोङ जातीय समूहका २० देखि ४० वर्षसम्मका पुरुष थिए । यस जनसङ्ख्याको ठूलो भाग प्रभावित हुँदा जनस्वास्थ्य विशेषज्ञहरूको ध्यान आकर्षित नहुने कुरै भएन ।

रहस्यमय बिरामीले पीडित हुनेहरू विशेष गरी दक्षिणपूर्वी एसियाको भूपरिवेष्ठित राष्ट्र लाओसका शरणार्थी थिए । भियतनाम युद्धका बेला उत्तर भियतनामी सैनिकविरुद्ध लड्नका लागि सिआइएद्वारा भर्ती गरिएकै कारण लाओसमा



गर्मीयाम आयो कि लामखुट्टेले सताउन थाल्छन् । अझ औलो, डेङ्गु, चिकनगुनिया जस्ता रोग पनि सार्छन् । हामीले जानेकै हुनु पर्छ लामखुट्टेले मानिसलाई समान रुपले आक्रमण गर्दैन । लामखुट्टे कसैप्रति बढी आकर्षित हुन्छन् भने कसैप्रति कम । किन यसो हुन्छ ? यसमा अनेक खालका तर्क दिने भेटिन्छन् तर विज्ञानले के भन्छ, त्यसमा सत्यता हुन्छ ।



वास्तवमा लामखुट्टेले कार्बनडाइअक्साइड ग्यास र शरीरको गन्धलाई पछ्याएर आफ्नो सिकार खोज्छ । मानिसले के भन्छन् भने पसिना बढी आउनेलाई लामखुट्टेले बढी सताउँछ । यो कुरामा केही हदसम्म सत्यता छ किनभने पसिना आउनु भनेको शरीरमा विशेषखालको गन्ध बढ्नु हो । माथि नै भनियो लामखुट्टेले शरीरको गन्ध पछ्याउँछ । लामखुट्टेले आफ्नो सिकार खोज्न तापलाई पनि पछ्याउने विज्ञानले भनेको छ । अर्थात् वरिपरिको तापक्रममा लामखुट्टेको व्यवहार निर्भर रहन्छ ।

हमोङ अल्पसङ्ख्यक समूहमाथि अत्याचार हुन थालेको थियो । आफूहरूको बसोबास रहेको उत्तरी पर्वतीय क्षेत्रमा वामपन्थीविरुद्धको लडाइँमा अमेरिकालाई ३० हजारभन्दा बढी हमोङ सैनिकले सहयोग गरेका थिए। त्यस लडाइँमा अमेरिकी सैनिकहरूको दाँजोमा हमोङ सैनिक १० गुणा बढी मरे ।

सन् १९७५ मा भियतनाम युद्ध सकियो र लाओस एक वामपन्थी देश भयो। अमेरिकासँग मिलेर



लेखमा घटनाको दृश्यको बयान गर्दै भनिएको थियो, मृतकसँगै उनकी श्रीमती थिइन्, आँखाबाट आँसु झार्दै गरेकी । निदाएकै अवस्थामा मर्ने उनी नौ महिनामा चौथो तथा सन् १९७८ यता राति सुतेका बेला ज्यान गुमाउने १३ औँ हमोङ थिए ।



काम गरेका कारणले हमोङलाई त्यहाँको नयाँ नेतृत्वले देशद्रोहीका रूपमा हेर्न थाल्यो । युद्धमा बाँचेका धेरै मानिसले युद्ध सकिएपछि थाइल्यान्ड वा अमेरिकामा शरणार्थी हुन घरबार छाडे ।

युसी बर्कलेका सहप्राध्यापक तथा 'साउथइस्ट एसियन माइग्रेसन : पिपल अन द मुभ इन सर्च अफ वर्क, रिफ्युज, एन्ड बिलङ्गिङ' का लेखक डा. खथरेन उम भन्छिन्, "निकै कठिन परिस्थितिमा बाध्यात्मक प्रवासन थियो । यो धेरै लामो यात्रा थियो र एक अत्यन्त जोखिमयुक्त यात्रा ।"

यस समूहको समस्या पुनर्बासिसँगै समाप्त भएन, आफूहरू घरमा रहँदाको आफ्ना अनुभवको सम्झनाले उनीहरूलाई प्रायः आघात पुग्दथ्यो ।

अमेरिकामा बसाइँ सरेका हमोङ शरणार्थीमा गरिबीको दर उच्च त थियो नै चाँडै उनीहरूमा रहस्यमय रोगले थला पर्न थाले ।

'अ नाइटमेयर अन एल्म स्ट्रिट' मा फ्रेडी क्रुएगरको निशाना धेरैजसो किशोर र युवामा थियो । सन् १९७० को अन्त्यतिर र सन् १९८० को आरम्भिक वर्षमा 'एलए टाइम्स' पत्रिकामा 'मिस्टिरिअस फेटल मेलडी स्ट्राइकिङ हमोङ मेन' र 'नाइट डेथ्स अफ एसियन मेन अनएक्सप्लेन्ड' जस्ता शीर्षकमा सामग्री प्रकाशित हुन थाले। तीमध्ये कुनै एक समाचार सामग्रीले वेस क्राभेनलाई चलचित्र बनाउन विषयवस्तुको कल्पनाको सागरमा डुबायो ।

थाइल्यान्डको शरणार्थी शिविरबाट ल्याएर अमेरिकामा

सपरिवार बसोबास गराइएको लाओसीको परिवारका एक सदस्यले बेहोरेको समस्यालाई सन् १९८१ मा प्रकाशित एउटा लेखमा उल्लेख गरिएको थियो। नयाँ देशमा बसोबास गर्न थालेको केही समयमै ४७ वर्षीय योङ लेङ थाओ निदाएकै बेला मरेछन्। लेखमा घटनाको दृश्यको बयान गर्दै भनिएको थियो, मृतकसँगै उनकी श्रीमती थिइन्, आँखाबाट आँसु झार्दै गरेकी। निदाएकै अवस्थामा मर्ने उनी नौ महिनामा चौथो तथा सन् १९७८ यता राति सुतेका बेला ज्यान गुमाउने १३ औँ हमोङ थिए।

अनुसन्धानकर्ताले मृत्युको कुनै चिकित्सकीय कारण पत्ता लगाउन सकेनन् तर त्यस समाजका धेरै सदस्यको के मान्यता थियो भने भियतनाम युद्धका बेला शरणार्थी सैनिकहरू स्नायुलाई असर पार्ने जुन 'नर्भ ग्यास' बाट प्रभावित भएका थिए त्यसैले गर्दा हमोङ मरिरहेका छन् तर यस मान्यतालाई चिकित्सकहरूले स्वीकारेनन्।

यस बारेमा डा. लारी भी लम्यानले एलए टाइम्समा लेखेको लेखमा

आफ्नो मातृभूमि छाडेर आएका हुनाले आफ्ना पुर्खाको आत्माले हामीहरूलाई सजाय दिँदै छ।

भनेका छन्, "नर्भ ग्यासले यसरी काम गर्दैन। यसको प्रमाण छैन। दोस्रो कुरा यदि यो नर्भ ग्यास हो भने यसले पुरुषलाई मात्र किन प्रभाव पाऱ्यो र राति मात्रै किन प्रभाव पऱ्यो ?"

अन्य हमोङले के विश्वास पालेर बसे भने, "आफ्नो मातृभूमि छाडेर आएका हुनाले आफ्ना पुर्खाको आत्माले हामीहरूलाई सजाय दिँदै छ।"

यसरी हमोङ पुरुषहरू राति सुतेका बेला मर्ने रोगलाई पछि चिकित्सा विज्ञानले 'सडेन अनएक्सप्लेन्ड नक्टर्नल डेथ सिन्ड्रोम' (SUNDS) नाम दियो। अमेरिकाको 'सेन्टर फर डिजिज कन्ट्रोल' ले यस समस्याका बारेमा अनुसन्धान नै गरेको थियो तर दक्षिणपूर्वी एसियाली, विशेष गरेर हमोङ समूहमा 'सडेन अनएक्सप्लेन्ड नक्टर्नल डेथ सिन्ड्रोम' ले हुने मृत्यु अझै पनि रहस्यको घेरामै छ।

हमोङहरूमा वर्षौंदेखिको जुन तनाव थियो त्यसलाई डा. उमले एक प्रमुख कारण बताएकी छन्। ■

– *युवामञ्च*

अङ्कजाल प्रतियोगिता, भदौ-२०८०

नियमहरू :

१. अङ्कजाल भर्न खाली कोठाहरूमा १ देखि ९ अङ्कसम्म भर्नुपर्नेछ।
२. प्रत्येक ठाडो लहर र तेर्सो लहरमा १ देखि ९ अङ्कसम्म भर्नुपर्नेछ।
३. अङ्कजालमा ३×३ का नौवटा वर्ग रहेका छन्। ३×३ को प्रत्येक वर्गमा पनि १ देखि ९ अङ्कसम्म नदोहोर्‍याई भर्नुपर्नेछ।
४. समाधान २०८० असोज १५ सम्ममा 'युवामञ्च' को कार्यालयमा आइपुगिसक्नुपर्नेछ।
५. अङ्कजाल भरेर पठाउँदा यसै पत्रिकाको कटिङ पठाउनुपर्नेछ। केरमेट र अस्पष्ट समाधानलाई प्रतियोगितामा सहभागी गराइने छैन।
६. सही समाधान पठाउने दुई जनालाई सात-सात सय रुपियाँ पुरस्कारको व्यवस्था गरिएको छ। दुईभन्दा बढीले सही समाधान पठाएमा गोलाप्रथाद्वारा विजयीको छनोट गरिनेछ।
७. नतिजासम्बन्धी युवामञ्चको निर्णय नै अन्तिम निर्णय हुनेछ।

४	६			८			५	१
				६				
			१		५			
		५		४		३		
	७		२		३		४	
	३			५			१	
		९				५		
	१	६	४	३	८	९	२	
	८						३	

नाम : ....

ठेगाना : ....

सामान्यज्ञान असार अङ्कको उत्तर

समूह क : १. ल्होमान्थाङ (मुस्ताङ) २. बझाङ ३. बङ्गलादेश
समूह ख : १. यात्री २. महबुब उल हक ३. ली क्वान यु
समूह ग : १. बूढानीलकण्ठ २. चितवन राष्ट्रिय निकुञ्ज ३. काठमाडौँ
समूह घ : १. तिम्बुपोखरी २. कोलिन स्मिथ ३. यार्सागुम्बा
समूह ङ : १. भू-उपग्रह २. जयप्रकाश मल्ल ३. साथी
समूह च : १. सरस्वती २. श्यामशरण नेगी ३. नेपाल
समूह छ : १. नन्दा गुरुङ २. मेक मोहन लाइन ३. २०४५ साल

अङ्कजाल असार अङ्कको उत्तर

गोलाप्रथाद्वारा विजयी

मिनु केसी, सूर्यविनायक भक्तपुर
कविता उप्रेती, माकलबारी गोकर्ण

सही जवाफ पठाउने सहभागी :

बुद्धिमान श्रेष्ठ, कुमारीमार्ग त्रिपुरेश्वर काठमाडौँ, रोजन चालिसे लालबन्दी सर्लाही, शेषकान्त खनाल इमाडोल, ललितपुर, खेमराज घिमिरे कामनपा-९, सौरव गिरी शिवसताक्षी-१ झापा, वटुकृष्ण कसपाल पुतलीसडक काठमाडौँ, नारायण लघु भक्तपुर, कृष्णचन्द्र गौतम सुखीपुर सिरहा, राजेन्द्र महर्जन काठमाडौँ, शिला श्रेष्ठ कुलेश्वर काठमाडौँ, धनबहादुर पौडेल विराटनगर, रत्न शाक्य पुल्चोक ललितपुर, असीम श्रेष्ठ चिसापानी रामेछाप, गौरीश्वर रेग्मी नयाँबानेश्वर काठमाडौँ, मदनमोहनलाल श्रेष्ठ घट्टेकुलो काठमाडौँ, पदमबहादुर खत्री धरान, सुनिल उपाध्याय काठमाडौँ, रामाकान्त चौधरी सप्तरी, निर्मला निरौला ताप्लेजुङ, बुद्धिबहादुर दुरा लमजुङ, आलोककुमार तिवारी वीरगन्ज पर्सा, वासुदेव शर्मा लपु सुन्धारा, प्रज्ञा वज्राचार्य खुशिँबु, सनिसा महर्जन पाटन, रामप्रसाद उप्रेती जोरपाटी काठमाडौँ, करुणा घिमिरे बत्तीसपुतली काठमाडौँ, कविता शर्मा टोखा काठमाडौँ, खगेन्द्र नाथ महेन्द्रनगर, कुमारी निर्मला गिरी कञ्चनपुर, दिवस भट्टराई, काठमाडौँ, उमेशकुमार मास्के विराटनगर, रघुवर श्रेष्ठ कोटेश्वर काठमाडौँ, निर्मला श्रेष्ठ विराटनगर।

असार अङ्कको कोठेपद

गोला प्रथाद्वारा विजयी

आलोककुमार तिवारी, वीरगन्ज पर्सा
वसन्त ताम्राकार, पनौती, काभ्रे

सही उत्तर मिलाउने अन्य सहभागी

कमला बस्नेत हल्दीबारी झापा, नारायण लघु भक्तपुर, करुणा घिमिरे बत्तीसपुतली काठमाडौँ, रामप्रसाद उप्रेती जोरपाटी काठमाडौँ, रमिता शाक्य कलङ्की काठमाडौँ, दिनेशराज पौडेल बालाजु काठमाडौँ, प्रविना वज्राचार्य लगन काठमाडौँ, पवनबहादुर खत्री धरान सुनसरी, रोजन चालिसे लालबन्दी सर्लाही, किशोरबहादुर बस्याल चाबहिल काठमाडौँ, बुद्धिबहादुर दुरा लमजुङ, पार्वती श्रेष्ठ चिसापानी रामेछाप, कल्पना रावल बर्दिया, अच्युतमान सिंह प्रधान बालुवाटार काठमाडौँ, दिवस भट्टराई काठमाडौँ, नवीन थापा साङ्ग्रिला बैङ्क काठमाडौँ, मनोज थापा कैलाली, कुमारी निर्मल गिरी कञ्चनपुर, कल्पना रावल बर्दिया, खगेन्द्र नाथ कञ्चनपुर।

सामान्य ज्ञान प्रतियोगिता असारको परिणाम

	नाम	ठेगाना	प्राप्त अङ्क
विजेता	गणेश रावल	टीकापुर, कैलाली	१००
विजेता	बुद्धिमान श्रेष्ठ	त्रिपुरेश्वर, काठमाडौँ	१००
विजेता	बुद्धिबहादुर दुरा	लमजुङ	१००
४	प्रज्वल चिलुवाल	लमजुङ	१००
५	पवनकुमार श्रेष्ठ	नीलवाराही मावि	१००
६	मदनमोहनलाल श्रेष्ठ	घट्टेकुलो, काठमाडौँ	१००
७	कृष्णचन्द्र गौतम	सुखीपुर, सिराहा	१००
८	रोजन चालिसे	लालबन्दी, सर्लाही	१००
९	खगेन्द्र नाथ	महेन्द्रनगर	१००
१०	प्रकाश भण्डारी 'विवेक'	गैँडाकोट, नवलपुर	१००

 ◆ निर्मल

युवामञ्च कोठेपद प्रतियोगिता, भदौ-२०८०

१		२	■	३		४	■	५
	■	६			■	७		
८	९		■	१०			■	
■		■	११			१२		
१३	■	१४		■	१५		■	
१६			■	१७		■	१८	■
	■	१९			■	२०		२१
२२			■	२३			■	
	■	२४			■	२५		

सहभागिताका नियम

१. समाधानसहितको कुपन २०८० असोज १५ भित्र आइपुग्नुपर्नेछ।
२. समाधान माथिको कुपनमै पूरा नाम र ठेगाना भरेर पठाइएको हुनुपर्नेछ।
३. केरमेट गरिएका समाधानलाई प्रतियोगितामा समावेश गरिने छैन।
४. सही समाधान पठाउने दुई जनालाई सात-सात सय रुपियाँ पुरस्कारको व्यवस्था गरिएको छ। दुईभन्दा बढी व्यक्तिले सही समाधान पठाएमा गोलाप्रथाद्वारा विजयीको छनोट गरिनेछ।
५. नतिजासम्बन्धी युवामञ्चको निर्णय नै अन्तिम निर्णय हुनेछ।

नाम : ....

ठेगाना : ....

....

ठाडो :

१. विदेशमा बस्ने काम, परदेशको बास
२. कुनै क्षेत्रमा विशेषज्ञता/कब्जा, हस्तक्षेप
३. नेपाली साहित्यका एक धुरन्धर कवि, गजलकार
४. मर्ने स्वभावको/जीवन सधैँ नरहने, मर्नुपर्ने
५. मनको अवस्था, मनस्थिति
९. फनफनी घुम्ने काम/डोरीको घेरो
११. हातहतियार वा ठक्करबाट लाग्ने चोट
१३. विवाहिताको विपरीतार्थक शब्द
१४. दान दिइने वा दानादिबाट प्राप्त/दानबाट प्राप्त जग्गा, रुपियाँ
१५. मोटर आदिका पाङ्ग्रा/चेप्टो वा गोलो वस्तु
१७. हारेको, हरूवा
१८. जननी
२०. पुष्प
२१. एक जिल्ला

तेर्सो

१. देवीदेवतालाई चढाइएको चन्दन, फूल, नैवेद्य
३. चाक्सी जस्तो एक जातको फल
६. आरनमा आगो फुक्न प्रयोग गरिने छालाको थैलो
७. '..... चलाई मुखमा छिटा' उखानको खाली ठाउँमा हुनुपर्ने शब्द
८. काम सिद्ध भएको, सार्थक, फलले युक्त
१०. रामायण अनुसार विभीषणका दाजु
११. सूर्यको ताप, घुप/सूर्य
१२. लेख, रचना, ग्रन्थ आदिको नाम
१४. कुनै कामका लागि हुने अनुकूल अवसर, मौका/बाजी
१५. अचलको उल्टो शब्द
१६. कुनै वस्तु अर्को वस्तुमा विलय भएको, घोलिएको
१७. बलियो, टिकाउ, मजबुत
१९. केटाकेटीलाई ज्वरोसँगै आउने मसिना बिमिरा
२०. विवाहयोग्य वर/व्रतबन्ध नगरेको केटो
२२. साहस, बहादुरी
२३. जान्न तथा बुझ्न खोज्ने, उत्सुक
२४. बितिसकेको/अतीत
२५. परेवा जस्तो जङ्गली पक्षी

कोठेपद प्रतियोगिता, असार अङ्कको उत्तर

१औ	दा	२न	■	३चि	त	४ला	■	५स
जी	■	६गा	इ	न	■	७लिं	ला	म
८स्नी	९का	र	■	१०जा	गृ	त	■	त
■	म	■	११पा	न	■	१२पु	त	ली
१३कु	■	१४अ	हा	■	१५द	र	■	य
१६वा	स्त	व	■	१७ब	ल	■	१८भ	■
ख	■	१९चै	इ	शा	■	२०अ	य	२१श
२२ना	पि	त	■	२३म	न्त	व्य	■	ब
यो	■	२४न	गा	द	■	२५भ	स	री

तपाईंको प्रश्न

ज्यो. हरिप्रसाद पौडेलको उत्तर

नाम : आयुष ढकाल
जन्म मिति : २०५०।६।६ राति १:२५ बजे
जन्मस्थान : टोखा, काठमाडौँ

मेरो शिक्षा, स्वास्थ्य, जीवनवृत्ति, वैदेशिक योग, विवाह, भाग्य र भविष्यका बारेमा जानकारी गराइदिनु हुन विनम्र अनुरोध गर्दछु।

सर्वप्रथम त असोज ७ गते बिहान १:२५ बजेको जन्म समय अनुसार तपाईंको नाम चिरञ्जीवी नभएर येज्ञराज हुन्छ। मूल नक्षत्रको प्रथम चरण ये अक्षरबाट येज्ञराज यस्तो नाम हुनु पर्दछ। धनु राशि पर्दछ। जन्मकुण्डलीमा ग्रह नक्षत्र बलिया रहेकाले भविष्यमा उच्च सफलता मिल्ने देखिन्छ। आत्मबल बलियो देखिएकाले निडर, साहसी र परिश्रमीसमेत गराउने ग्रहयोग रहेको छ। चिनामा ग्रहयोगहरू बलवान् भए पनि गएको समयमा साढेसात शनिको दशाका कारण पढाइका साथै सोचे अनुसारको सफलता नमिलेको अवस्था थियो भने अब शनिको दशा सकिएकाले सफलताको समय प्रारम्भ भएको छ। चर लग्नमा जन्म भएकाले भाग्य स्वदेशमा भन्दा विदेशमा राम्रो देखिन्छ। भाग्य बलियो भएकाले प्रगतिको पथमा अगाडि बढ्दै जाने योग रहेको छ। कुण्डलीमा माङ्गलिक योग पर्न गएकाले विवाह गर्दा चिना जुराएर गर्दा राम्रो होला। विवाहका लागि उपयुक्त समय यही वर्ष रहेको छ । शारीरिक आरोग्यता मध्यम देखिन्छ भने दीर्घायुको योग रहेको छ। शनि दिग्बली भएर बसेकाले पश्चिम दिशामा गएर बसोबास गर्ने देखिन्छ। राम्रो समयको प्रारम्भ भएकाले अब उप्रान्त क्रमशः सफलताको सिँढी चढ्दै जाने देखिन्छ।

नाम : शिवराम सुवेदी
ठेगाना : चितवन भरतपुर
जन्म मिति : २०६०।१२।३
जन्म समय : बिहान ५:३५ बजे

मेरो पढाइ, पारिवारिक सुखका साथै भविष्यका बारेमा जानकारी गराइदिनुहुन अनुरोध गर्दछु।

तपाईंको कुण्डली अनुसार विद्यामा उच्च सफलता प्राप्त गर्ने देखिन्छ। बृहस्पति प्रबल रहेकाले विद्या बौद्धिक क्षमता राम्रो देखिन्छ। २० वर्षसम्मका लागि उल्काको देशा रहेकाले केही बाधाअड्चन आइपरेता पनि अब उप्रान्त स्वदेश विदेश चौतर्फी सफलताको समय प्रारम्भ भयो। २७ वर्षसम्मको समयमा पढाइका साथै जागिर, विवाहसमेत हुने देखिन्छ। विशेषगरी प्राविधिक विषय लिएर पढेमा राम्रो हुने छ। पारिवारिक आर्थिक स्थिति मध्यम देखिन्छ भने भविष्यमा उच्च सफलता प्राप्त गर्ने ग्रहयोग रहेको छ ।

नाम : दीपेश ठकुरी
ठेगाना : पर्वत, मल्लाज
जन्म स्थान : काठमाडौँ
जन्म मिति : २०५४।१०।२
जन्म समय : बेलुकी ९:३० बजे

मेरो वर्तमान ग्रहदशा, विद्या, प्रेम सम्बन्ध, विवाहका साथै जन्मराशि, शुभ बार र अङ्क के होला ?

सफलताको समय प्रारम्भ भएको छ। पढाइका साथै नोकरी र विवाहसमेत लाइनमा लागेर बसेका छन्। वर्तमान समयमा तपाईंको सिद्धा र शुक्र दशा एकैसाथ चलेकाले अलि मानसिक चञ्चलता र अस्थिरता भने बढाएको देखिन्छ। ध्यानको अभ्यास गरेमा लाभ होला। मनोरञ्जनमा मन जाने देखिएकाले सफलताका लागि मनलाई स्थिर गर्नुपर्ने हुन्छ। पढाइमा उच्च सफलताको योग छ। वाणिज्य क्षेत्रमा अभिरुचि रहनुका साथै सो क्षेत्रबाट राम्रै सफलता प्राप्त गर्ने देखिन्छ। विवाहका लागि पनि २७ वर्षभित्रमा नै प्रबल सम्भावना देखाएको छ। तपाईंको राशि मीन हो भने शुभ रङ पहेँलो, शुभ अङ्क ९ र शुभ बार बिहीबार रहेको छ।

नाम : शिव गिरी
ठेगाना : काठमाडौँ
जन्म मिति : २०४९।०७।२
जन्म समय : बिहान ७:२०

मेरो वैवाहिक योग के कस्तो रहेको छ ? कृपया बताइदिनुहोला।

तपाईंको कुण्डलीमा माङ्गलिक योग रहेकाले विवाहमा केही झमेला आइपर्ने देखिन्छ। विवाहका लागि यही ८० साल राम्रो छ। पूर्व या दक्षिण दिशातर्फ गराउने योग रहेको देखिन्छ। असल स्वभावकी, मिठो बोलीवचन भएकी अनि गहुँगोरो वर्णकी कन्यासँग लगनगाँठो कसिने देखिन्छ। माङ्गलिक योग भएकाले चिना जुराएर विवाह गर्दा राम्रो होला।

२०८० साल भदौ महिनाको राशिफल

◆ ज्यो. हरिप्रसाद पौडेल



मेष कार्यव्यस्तता बढेर जाने छ। शारीरिक आरोग्यता अनुकूल रहने छ । घरायसी खर्चको मात्रा केही बढेर जाने छ। पठनपाठनमा मध्यम फलदायी समय रहेको छ। सामाजिक कार्यमा अभिरुचि बढेर जाने छ। स्थान परिवर्तन एवं आकस्मिक यात्राको सम्भावना रहेको छ। आम्दानीका नयाँ स्रोत फेला पर्नाले आर्थिक पक्ष बलियो भएर जाने छ। अनावश्यक विवादमा पार्ने सम्भावना रहेकाले बोलीचालीमा विचार पुऱ्याउनुपर्ने देखिन्छ। रमाइलो ठाउँको भ्रमणका साथै मनोरञ्जनका अवसरसमेत मिल्नेछन्।

वृष सामान्य अस्वस्थताको सम्भावना रहेको छ। गर्न आँटेका काममा अनावश्यक बाधा अड्चनका साथै ढिलासुस्तीसमेत गराउने देखिन्छ। सन्तान एवं परिवारको चिन्ताले केही बढी नै पिरोल्ने छ। आत्मबल भने उच्च रहनाले कार्यक्षमतामा वृद्धि भएर जाने छ। बाह्रौं बृहस्पतिका कारण पठनपाठनका साथै बौद्धिक क्रियाकलापमा रुकावट आइपर्ने छन्। लेनदेन तथा नयाँ लगानी नगर्दा राम्रो हुने छ। महिनाको उत्तरार्धमा रोकिएका काम क्रमशः बन्दै जाने छन्।

मिथुन उच्च मनोबलका साथ कार्यक्षमतामा समेत उल्लेख्य वृद्धि भएर जाने छ। शारीरिक आरोग्यताका साथै मानसिक प्रसन्नतासमेत बढेर जाला। प्रतिस्पर्धामा सफलता मिल्ने छ भने विवादमा जित गराउने छ। काममा आएका बाधाअड्च क्रमशः हट्दै जाने छन्। पठनपाठनमा गहिरो मन लाग्ने छ। रमाइलो ठाउँको भ्रमणका साथै मनोरञ्जनका अवसरसमेत मिल्ने छन्। आर्थिक पक्षका कामबाट राम्रो लाभ गराउला । सन्तान एवं परिवारको तर्फबाट सन्तोष मिल्ने छ। महिनाको उत्तरार्धमा आकस्मिक यात्रा एवं स्थान परिवर्तनको समेत सम्भावना रहेको छ।

कर्कट आर्थिक हानि नोक्सानीको सम्भावना रहेकाले लेनदेनसम्बन्धी कारोबारमा विचार पुऱ्याउनुपर्ने छ। आँटेका काममा अनावश्यक विघ्नबाधा एवं ढिलासुस्ती गराउने देखिन्छ। शारीरिक आलस्यता केही बढेर जाला। नयाँ आम्दानीका स्रोत फेला पर्नाले आर्थिक पक्ष बलियो भएर जाने छ। धार्मिक एवं सामाजिक क्षेत्रमा अभिरुचि लाग्ने छ। अनावश्यक विवादमा पार्न सक्ने देखिएकाले बोलीवचनमा विचार पुऱ्याउनुपर्ला। दाम्पत्य सम्बन्धमा सामान्य खटपट पर्न जाने देखिन्छ। अध्ययन अध्यापनमा मन्द गतिले प्रगति हुने देखिन्छ भने महिनाको उत्तरार्धमा मनोरञ्जनका अवसरसमेत मिल्ने छन्।

सिंह कार्यव्यस्तता बढेर जाने छ। गर्न आँटेका काममा अनायासै नसोचेका बाधाअड्चन आइपर्ने छन्। सामान्य अस्वस्थताको सम्भावना रहेकाले खानपानमा विचार पुऱ्याउनुपर्ने छ । यात्रा एवं सवारी चलाउँदा विशेष होसियारी अपनाउनुपर्ने देखिन्छ । नजिकका साथीबाट विश्वासघात हुन सक्ने देखिएकाले सङ्गतमा विचार पुऱ्याउनुपर्ने छ। सन्तान एवं घरायसी झमेला केही बढ्ने देखिन्छ। पठपाठनमा सफलताको योग रहेको छ। महिनाको उत्तरार्धमा स्थान परिवर्तन एवं आकस्मिक यात्राको सम्भावना रहेको छ।

कन्या सामान्य अस्वस्थताको सम्भावना रहेको छ। घरायसी खर्चको मात्रा केही बढेर जाने छ। सन्तान एवं परिवारको चिन्ताले केही बढी नै सताउला। आर्थिक हानि नोक्सानीको सम्भावना रहेकाले लेनदेनसम्बन्धी कारोबारमा सावधानी अपनाउनुपर्ने छ। पठनपाठनमा अनावश्यक बाधाअड्चन आइपर्ने छन्। धार्मिक एवं सामाजिक काममा भने अभिरुचि बढेर जाने छ। महिनाको उत्तरार्धमा आर्थिक लाभ, रमाइलो भेटघाटका साथै मनोरञ्जनका अवसरसमेत मिल्ने छन्।

तुला रोकिएका काम क्रमशः बन्दै जाने छन्। शारीरिक आरोग्यताका साथै मानसिक प्रसन्नता अनुकूल रहने छ। प्रतिस्पर्धामा सफलताको योग छ। दाम्पत्य सम्बन्ध बलियो भएर जाने छ। विवादमा जित तपाईंकै हुने छ। महिनाको उत्तरार्धमा आकस्मिक यात्रा एवं स्थान परिवर्तनको योग छ। आर्थिक पक्षका कामबाट राम्रै सफलता मिल्ने छ। पठनपाठनका साथै बौद्धिक क्रियाकलापमा समेत अभिरुचि बढेर जाने छ।

वृश्चिक सफलताको महिना रहेको छ। सोचेका योजना सफल बन्ने छन्। शारीरिक आरोग्यताका साथै मानसिक प्रसन्नतासमेत अनुकूल रहने देखिन्छ। मनमा नयाँ जोश र जाँगर पलाएर आउने छ। पठनपाठनमा मन्द प्रगति हुने देखिन्छ। प्रतिस्पर्धामा सफलताको योग रहेको छ। कार्यव्यस्तताका साथै आर्थिक सबलता अनुकूल रहला। नयाँ आम्दानीका स्रोत फेला पर्नाले आर्थिक पक्ष बलियो रहने छ। रमाइलो ठाउँको भ्रमणका साथै मनोरञ्जनका अवसरसमेत मिल्ने छन्। धार्मिक एवं सामाजिक कार्यमा अभिरुचि लाग्ने छ।

धनु पठनपाठनका साथै बौद्धिक क्रियाकलापमा अभिरुचि बढेर जाने छ। शारीरिक आरोग्यता अनुकूल रहने छ। रोकिएका काम क्रमशः बन्दै जाने छन्। कार्यव्यस्तता बढेर जानाले शारीरिक परिश्रम केही बढी नै पर्ने छ। यात्रा एवं सवारी चलाउँदा विशेष सावधानी अपनाउनुपर्ने देखिन्छ। सन्तान एवं परिवारको चिन्ताले केही बढी नै पिरोल्ने छ। लेनदेनसम्बन्धी आर्थिक कारोबारका साथै नयाँ लगानी अघि बढाउन अनुकूल समय रहेको छ। घरायसी खर्चको मात्रा केही बढेर जाला। महिनाको उत्तरार्धमा शारीरिक आरोग्यताका साथै मानसिक प्रसन्नतासमेत बढेर जाने छ।

मकर सामान्य अस्वस्थताको सम्भावना रहेकाले खानपानमा विचार गर्नुपर्ने देखिन्छ। घरायसी समस्याले केही बढी नै पिरोल्ने देखिन्छ। खर्चको मात्रा बढेर जानाले आर्थिक अभावको सामना गर्नुपर्ला। ठूला लगानी एवं नयाँ कारोबारको आरम्भ गर्नका लागि महिना उपयुक्त छैन। अनावश्यक विषयलाई लिएर विवादमा पार्न सक्ने देखिएकाले बोलीवचनमा ख्याल गर्नुपर्ने छ। दाम्पत्य सम्बन्धमा विश्वासको अभाव बढेर जान सक्ने देखिन्छ। पठनपाठनमा समेत अनावश्यक बाधाअड्चन आइपर्ने देखिन्छ।

कुम्भ मध्यम फलदायी महिना रहेको छ। कार्यव्यस्तता बढेर जानाले शारीरिक परिश्रम केही बढी नै पर्न जाने छ। रमाइलो यात्राका साथै मनोरञ्जनका अवसर मिल्ने छन्। अँटेका काममा आएका बाधा अवरोध क्रमशः हटेर जाने छन्। आकस्मिक यात्रा एवं स्थान परिवर्तनको योग रहेको छ। पठनपाठनका साथै धार्मिक एवं सामाजिक काममा अभिरुचि बढेर जाला। महिनाको उत्तरार्धमा आर्थिक पक्षका काममा सफलता मिल्ने छ।

मीन मनोबल उच्च रहनाले कार्यक्षमतामा अभिवृद्धि भएर जानेछ। सामान्य चोटपटकको सम्भावना रहेकाले जोखिमपूर्ण काममा होसियारी अपनाउनुपर्ला । धैर्य एवं साहसले महत्त्वपूर्ण काम बन्ने छन्। खर्च बढ्ने देखिएकाले आर्थिक अभावको स्थिति आउन सक्ने छ। दाम्पत्य सम्बन्धमा सामान्य विषयलाई लिएर खटपट पर्न सक्ने देखिन्छ। धार्मिक एवं सामाजिक काममा मन लाग्ने छ। सामान्य अस्वस्थताको सम्भावना रहेकाले खानपानमा विचार पुऱ्याउनुपर्ला। पठनपाठनमा सफलताको योग रहेको छ।

उत्तर

१. चार गिलास
२. उत्तर : दुई मानिस। १६ x १०/८० = २
३. उत्तर : जहाज

तपाईंको प्रश्न, हाम्रा ज्योतिषी

नाम : ....

जन्म स्थान : .... जन्म मिति : ....

जन्म बार : ....

जन्म समय : .... ठेगाना : ....

प्रश्न : ....

जन्म समय अनिवार्य छ।

आफ्नो भविष्यबारे जिज्ञासा राख्नुहुने पाठकले कुपन भरी हरेक महिनाको १५ गतेभित्र युवामञ्चमा आइपुग्ने गरी पठाउनुहोला वा इमेल गर्नुहोला। तपाईंको जिज्ञासाको जवाफ ज्योतिषाचार्य हरिप्रसाद पौडेलले दिनुहुनेछ।

सामान्यज्ञान प्रतियोगिता भदौ २०८०

एक समूहमा तीन प्रश्न रहने गरी सात समूहमा प्रश्न सोधिएको छ । यस प्रकार कुल २१ प्रश्न यस प्रतियोगितामा समावेश गरिएको छ । प्रतियोगितामा समावेश प्रत्येक समूहको अङ्क भार फरक छ । सम्बन्धित अङ्क भार समूहको अगाडि उल्लेख गरिएको छ । तर कुनै पनि समूहमा समावेश गरिएका प्रश्नको सही उत्तरमा दिइने अङ्क भने फरक–फरक छ । उदाहरणका लागि पहिलो समूहको अङ्क भार ६ हो र त्यसमा तीन प्रश्न समावेश छन । ती तिनै प्रश्नको उत्तरमा पाइने अङ्क फरक हुनेछ तर समूहको कुल अङ्क भारभन्दा बढी चाहिँ हुनेछैन । जस्तो समूह क मा समावेश तीन प्रश्नमा पहिलो, दोस्रो र तेस्रो प्रश्नको उत्तरमा पाइने अङ्क ३, १ वा २ हुनसक्छ ।

एवं प्रकारले सबै समूहको उत्तर दिनुपर्नेछ । सही उत्तरमा अङ्क प्राप्त हुनेछ । यस प्रकारले अङ्कका आधारमा प्रथम, द्वितीय र तृतीय हुनेलाई क्रमशः रु. १५००/–, १०००/– र ५००/– पुरस्कार दिइनेछ । अङ्क बराबर भएमा गोलाप्रथाद्वारा निर्णय लिइनेछ ।

अधिकतम अङ्क ल्याउने १० जनाको नामावली प्रकाशित गरिनेछ ।

प्रश्न

समूह (क), कुल अङ्क भार– ६

१. नेपालमा तामाङ मिनी सङ्ग्रहालय कहाँ निर्माण गरिएको छ ? [१]
२) एसिसी यु–१६ इस्ट जोन कप क्रिकेट प्रतियोगिताको उपाधि कसले जित्यो ? [३]
३) साफ च्याम्पियनसिप फुटबल– २०२३ को उपाधि जित्ने राष्ट्र कुन हो ? [२]

समूह (ख), कुल अङ्क भार– ८

१) विश्वको सबैभन्दा ठूलो भूपरिवेष्ठित राष्ट्र कुन हो ? [३]
२) आयुर्वेद कुन वेदको उपवेद हो ? [३]
३) विश्वको पहिलो स्वच्छ वाणिज्य परमाणु रिएक्टर बनाउने देश कुन हो ? [२]

समूह (ग), कुल अङ्क भार– १२

१) ग्रेट ग्रिन वाल प्रोजेक्ट कहाँ कार्यान्वियनमा ल्याइएको छ ? [५]
२) नागासाकीमा खसालिएको परमाणु बममा कुन इन्धन प्रयोग भएको थियो । [३]
३) हाल विश्वकै सबैभन्दा होचो (जीवित) व्यक्ति कुन देशका छन् ? [४]

समूह (घ), कुल अङ्क भार–त १४

१) नेपालमा सुखी गाउँ भनेर कुन गाउँलाई चिनिन्छ ? [७]
२) नेपालसँग दौत्य सम्बन्ध कायम भएको १८१ औं राष्ट्र कुन हो ? [३]
३) विश्वमा लैङ्गिक उत्तरदायी बजेटको सुरुवात कुन राष्ट्रबाट भएको हो ? [४]

समूह (ङ), कुल अङ्क भार– १८

१) विश्वको सबैभन्दा ठूलो जलविद्युत् आयोजनाको नाम के हो ? [६]
२) कम्प्युटरमा प्रयोग हुने इन्टेलको पूरा रूप के हो ? [६]
३) आइएसओ १४०० के सँग सम्बन्धित छ ? [६]

समूह (च), कुल अङ्क भार– २०

१) सवारीसाधनको धुवाँको मात्रा नाप्ने एकाइ एचएसयुको पुरा रूप के हो ? [६]
२) नेपालमा सबैभन्दा बढी गजुर भएको मन्दिर कुन हो ? [६]
३) कलाकार अरनिकोलाई चिनियाँले के भनेर सम्बोधन गर्छन् ? [८]

समूह (छ), कुल अङ्क भार २२

१) रेड रिबन कुन रोगको जनचेतनाको चिह्नका रूपमा प्रयोग गरिन्छ ? [८]
२) नागार्जुन दरबारको निर्माण कसले गरेका हुन् ? [६]
३) विश्वको पहिलो महिला राष्ट्रपति को हुन् ? [८]

असार अङ्कको परिणाम पृष्ठ ७४ मा



उत्तर २०८० असोज १५ गतेसम्म प्राप्त भइसक्नु पर्नेछ ।

२०८० साल भदौको सामान्यज्ञान

समूह (क), कुल अङ्क भार– ६

१) .... [१]
२) .... [३]
३) .... [२]

समूह (ख), कुल अङ्क भार– ८

१).. [३]
२) .... [३]
३) .... [२]

समूह (ग), कुल अङ्क भार– १२

१) .... [५]
२) .... [३]
३) .... [४]

समूह (घ), कुल अङ्क भार– १४

१) .... [७]
२) .... [३]
३) .... [४]

समूह (ङ), कुल अङ्क भार– १८

१) .... [६]
२) .... [६]
३) .... [६]

समूह (च), कुल अङ्क भार– २०

१) .... [६]
२) .... [६]
३) .... [८]

समूह (छ), कुल अङ्क भार २२

१) .... [८]
२) .... [६]
३) .... [८]

नाम : ....

ठेगाना : ....

२०८० असार १ देखि ३१ गतेसम्मका राष्ट्रिय घटना

असार १ गते : कायममुकाम प्रधान न्यायाधीश हरिकृष्ण कार्की नेपालको ३० औँ प्रधान न्यायाधीश पदमा नियुक्त ।

– काठमाडौँ जिल्ला अदालतद्वारा नक्कली भुटानी शरणार्थी मुद्दामा पक्राउ परेका १८ जनामध्ये दुई पूर्वमन्त्रीसहित १६ जना पुर्पक्षका लागि थुनामा पठाउन आदेश ।

असार ३ गते : कोशी प्रदेशका पहाडी जिल्लामा बाढी तथा पहिरोमा परी चारको मृत्यु, २६ बेपत्ता ।

असार ४ गते : अख्तियार दुरुपयोग अनुसन्धान आयोगद्वारा जलस्रोत तथा सिँचाइ विभागका तत्कालीन महानिर्देशक मधुकरप्रसाद राजभण्डारीविरुद्ध तीन करोड ५६ लाख ७७ हजार रुपियाँ बिगो दाबीसहित भ्रष्टाचार मुद्दा दायर ।

असार ५ गते : कर फर्स्योटमा अनियमितता गरेको भन्दै विशेष अदालतद्वारा चुडामणि शर्मा, लुम्बध्वज महत र उमेशप्रसाद ढकाललाई जनही दुई अर्ब पाँच करोड २३ लाख ४७ हजार बिगो कायम ।

– सुदूरपश्चिमका आन्तरिक मामिला तथा कानुनमन्त्री पृथ्वीबहादुर सिंहको गाडी दुर्घटनामा निधन ।

असार ६ गते : चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (न्याम्स) को उपकुलपतिमा डा. भूपेन्द्र बस्नेत नियुक्त ।

असार ८ गते : गोरखाको सहिद लखन गाउँपालिकामा जिप दुर्घटना हुँदा पाँच जनाको मृत्यु, १२ घाइते ।

असार ११ गते : अख्तियार दुरुपयोग अनुसन्धान आयोगद्वारा पशुपति क्षेत्र विकास कोषका तत्कालीन सदस्यसचिव डा. प्रदीप ढकालविरुद्ध डेढ करोड रुपियाँ बिगोसहित भ्रष्टाचार मुद्दा दायर ।

असार १२ गते : काठमाडौँको बालुवाटारस्थित ललिता निवासको सरकारी जग्गा किर्ते प्रकरणमा भाटभटेनी सुपरमार्केटका सञ्चालक मीनबहादुर गुरुङ र पूर्वनिर्वाचन आयुक्त सुधीरकुमार शाह पक्राउ ।

असार १५ गते : विश्वासको मत पाउन नसकेपछि कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्की पदमुक्त ।

– विशेष अदालतद्वारा नेपाल आयल निगमका पूर्वकार्यकारी निर्देशक गोपाल खड्कालाई गैरकानुनी सम्पत्ति आर्जन मुद्दामा दोषी ठहर ।

असार २१ गते : राष्ट्रिय परीक्षा बोर्डद्वारा माध्यमिक शिक्षा परीक्षा (एसइई) २०७९ को नतिजा प्रकाशन ।

– कोशी प्रदेशको मुख्यमन्त्रीमा नेपाली कांग्रेस संसदीय दलका नेता उद्धव थापा नियुक्त ।

असार २४ गते : केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) द्वारा ललिता निवास जग्गा प्रकरणमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव कृष्णबहादुर राउतसहित थप तीन पक्राउ ।

असार २५ गते : गैरकानुनी मानिएको अनलाइन सट्टेबाजमा प्रयोग हुने 'वान एक्स बेट' को विभिन्न डिजिटल प्लेटफर्मबाट प्रचार गरेको अभियोगमा ११ जना विरुद्ध मुद्दा दायर ।

असार २६ गते : सोलुखुम्बुको लिपुपिके गापा–५, लाम्जुरापासको चिहानडाँडामा मनाङ एयरको हेलिकोप्टर दुर्घटना हुँदा पाइलटसहित छ जनाको मृत्यु ।

असार २७ गते : प्रधानमन्त्री एवं नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' की पत्नी एवं माओवादी केन्द्रका केन्द्रीय सल्लाहाकार सीता दाहालको निधन ।

– नेपालका वरिष्ठ नेत्र विशेषज्ञ प्राडा सन्दुक रुइतलाई संयुक्त अधिराज्य (बेलायत) को प्रतिष्ठित एङ्गिलया रस्किन विश्वविद्यालयद्वारा डक्टर इन साइन्समा मानार्थ विद्यावारिधिको उपाधि प्रदान ।

असार २८ गते : संसद्का दुवै सदनबाट आर्थिक वर्ष २०८०/८१ को राजस्व र व्ययको वार्षिक अनुमानसहितको विनियोजन विधेयक पारित ।

असार ३० गते : सरकारद्वारा विभिन्न मुलुक तथा नियोगका लागि छ जना राजदूत सिफारिस । ■

– सरस्वती खत्री, क्षेत्री